# ‘आदर्श राघव’ महाकाव्यमा छन्दविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
कुलचन्द्र पौडेल
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ
२०७०

शोधनिर्देशक

सहप्रा. भरतकुमार भट्टराई

# 'आदर्श राघव' महाकाव्यमा छन्दविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र

कुलचन्द्र पौडेल

परीक्षा क्रमाङ्क : 282505/068

त्रि.वि. दर्ता नं. : 6-3-28-65-2009

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

२०७०

# शोधनिर्देशकको मन्तव्य

यस नेपाली केन्द्रीय विभागका स्नातकोत्तर दोस्रो वर्ष (शैक्षिक वर्ष २०६७/०६८) का विद्यार्थी श्री कुलचन्द्र पौडेलले **'आदर्श राघव' महाकाव्यमा छन्दविधान** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । उहाँको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०।०६।०४

....................................

सहप्रा. भरतकुमार भट्टराई

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र कुलचन्द्र पौडेलले स्नातकोत्तर तह (एम.ए.), नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **'आदर्श राघव' महाकाव्यमा छन्दविधान** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा.डा. देवीप्रसाद गौतम ..........................
विभागीय प्रमुख

२. सहप्रा. भरतकुमार भट्टराई ..........................
शोधनिर्देशक

३. रमेश शुभेच्छु ..........................
बाह्य परीक्षक

मिति : २०७०।०६।१०

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. भरतकुमार भट्टराईज्यूका कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित निर्देशन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्नो कार्यव्यस्ततालाई पर्बाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा. देवीप्रसाद गौतमज्यूलगायत सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय काठमाडौँप्रति म हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्ना अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउने पूज्य पिता घनश्याम पौडेल र माता चन्द्रकला पौडेलप्रति म आजीवन ऋणी रहने छु । प्रस्तुत शोधकार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा आर्थिक सहयोग गर्ने तथा घच्घच्याइरहने आदरणीय दाजुहरू चन्द्रकान्त पौडेल, मुरारी पौडेल, शिवराम पौडेल तथा भाउजुहरू पार्वती पौडेल, गङ्गा पौडेल, शोभा पौडेलप्रति कृतकृत्य छु । समय–समयमा घच्घच्याइरहने तथा सफलता देख्न चाहने लक्ष्मी पौडेललाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार पार्न सहयोग गर्ने सहपाठी मित्र दामोदर उपाध्याय पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै शुद्धसँग टङ्कण गरिदिने कीर्तिपुर स्थित एकेडेमिक कम्प्युटर लिङ्कप्रति पनि आभारी छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेश गर्दछु ।

मिति : २०७०।०६।०४

........................

कुलचन्द्र पौडेल

नेपाली केन्द्रीय विभाग

शैक्षिक सत्र : २०६७/०६८

२०७०

## विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| विषयसूची | iv |
| तालिका सूची | ix |
| आरेख सूची | x |
| सङ्क्षेपीकृत शब्दावली | xi |

**परिच्छेद एक**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधको औचित्य र महत्त्व | ५ |
| १.६ | अध्ययनको सीमाङ्कन | ५ |
| १.७ | सामग्री सङ्कलन विधि | ५ |
| १.८ | सैद्धान्तिक ढाँचा र शोधविधि | ५ |
| १.९ | शोधपत्रको रूपरेखा | ६ |

**परिच्छेद दुई**

**छन्दको सैद्धान्तिक परिचय**

| | | |
|---|---|---|
| २.१ | छन्दको परिचय | ७ |
| २.२ | छन्दको परिभाषा | ७ |
| २.३ | छन्दको उत्पत्ति र विकास | १० |
| २.४ | पिङ्गलसूत्रको व्याख्या | १२ |
| २.५ | छन्दको वर्गीकरण | १३ |

२.६ वार्णिक छन्द १५
२.६.१ समवृत्त १७
२.६.२ अर्द्धसमवृत्त २०
२.६.३ विषमवृत्त २१
२.७ मात्रिक छन्द २१
२.७.१ समवृत्त २१
२.७.२ अर्द्धसमवृत्त २१
२.७.३ विषमवृत्त २१
२.८ छन्दका संरचक घटकहरू २२
२.८.१ लय २२
२.८.२ गण २२
२.८.३ यति २४
२.८.४ गति २४
२.८.५ चरण २४
२.८.६ पङ्क्तिपुञ्ज २५
२.९ नेपाली साहित्यमा प्रचलित प्रमुख छन्दहरू २७
२.९.१ वार्णिक समवृत्त छन्द २७
२.९.१.१ शशिवदना २७
२.९.१.२ विद्युल्लेखा २८
२.९.१.३ मदलेखा २८
२.९.१.४ शीर्षरूपक २९
२.९.१.५ विद्युन्माला २९
२.९.१.६ चित्रपदा ३०
२.९.१.७ माणवक ३०
२.९.१.८ समानिका ३१
२.९.१. ९ प्रमाणिका ३१
२.९.१.१० मणिमध्या ३२
२.९.१.११ भुजङ्गसङ्गता ३३

२.९.१.१२ रूक्मवती ३३
२.९.१.१३ इन्द्रवज्रा ३४
२.९.१.१४ उपेन्द्रवज्रा ३४
२.९.१.१५ उपजाति ३५
२.९.१.१६ स्वागता ३५
२.९.१.१७ रथोद्धता ३६
२.९.१.१८ शालिनी ३७
२.९.१.१९ दोधक ३७
२.९.१.२० भुजङ्गप्रयात ३८
२.९.१.२१ स्रग्विणी ३८
२.९.१.२२ तोटक ३९
२.९.१.२३ कुसुमविचित्रा ४०
२.९.१.२४ वंशस्थ ४०
२.९.१.२५ इन्द्रवंशा ४१
२.९.१.२६ द्रुतविलम्बित ४१
२.९.१.२७ प्रमिताक्षरा ४२
२.९.१.२८ प्रहर्षिणी ४२
२.९.१.२९ मत्तमयूर ४३
२.९.१.३० मञ्जुभाषिणी ४४
२.९.१.३१ प्रभावती ४४
२.९.१.३२ वसन्ततिलका ४५
२.९.१.३३ मालिनी ४५
२.९.१.३४ पञ्चचामर ४६
२.९.१.३५ शिखरिणी ४७
२.९.१.३६ पृथ्वी ४७
२.९.१.३७ मन्दाक्रान्ता ४८
२.९.१.३८ हरिणी ४९
२.९.१.३९ शार्दूलविक्रीडित ४९

२.९.१.४० स्रग्धरा ५०
२.९.२ वार्णिक अर्द्धसमवृत्त छन्द ५१
२.९.२.१ वियोगिनी (सुन्दरी) ५१
२.९.२.२ पुष्पिताग्रा ५१
२.९.२.३ अनुष्टुप् ५२
२.९.३ वार्णिक विषमवृत्त छन्द ५३
२.९.३.१ उद्गता ५३
२.१० मात्रिक छन्द ५४
२.१०.१ आर्या ५४
२.१०.२ उपगीति ५४
२.१०.३ गीति ५५
२.११ निष्कर्ष ५७

## परिच्छेद तीन

## 'आदर्श राघव' महाकाव्यमा छन्द प्रयोग

३.१ महाकवि सोमनाथ सिग्देलको परिचय ५८
३.२ 'आदर्श राघव' महाकाव्यमा छन्द प्रयोग ५९
३.२.१ वार्णिक छन्द ७२
३.२.१.१ वसन्ततिलका ७२
३.२.१.२ पुष्पिताग्रा ७३
३.२.१.३ इन्द्रवंशा ७४
३.२.१.४ पृथ्वी ७५
३.२.१.५ शार्दूलविक्रीडित ७७
३.२.१.६ मालिनी ७८
३.२.१.७ प्रहर्षिणी ७९
३.२.१.८ वियोगिनी ८०
३.२.१.९ मत्तमयूर ८१

३.२.१.१० हरिणी ८२

३.२.१.११ मन्दाक्रान्ता ८३

३.२.१.१२ भुजङ्गप्रयात ८४

३.२.१.१३ द्रुतविलम्बित ८५

३.२.१.१४ अनुष्टुप् ८६

३.२.१.१५ पञ्चचामर ८७

३.२.१.१६ स्रग्विणी ८८

३.२.१.१७ कुटक (नर्दटक) ८९

३.२.१.१८ शिखरिणी ९०

३.२.१.१९ स्वागता ९१

३.२.१.२० शालिनी ९२

३.२.१.२१ स्रग्धरा ९३

३.२.२ मात्रिक छन्द ९४

३.२.२.१ उपगीति ९४

३.२.२.२ गीति ९५

३.२.२.३ लीलावती ९६

३.३ निष्कर्ष ९८

## परिच्छेद चार

## उपसंहार

४.१ उपसंहार १००

४.२ सम्भावित शीर्षकहरू १०४

सन्दर्भसामग्री सूची १०५

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका सङ्ख्या १ | : गण गणाधार र सङ्केत | १३ |
| तालिका सङ्ख्या २ | : गण, स्वरूप, देवता र फल | १६ |
| तालिका सङ्ख्या ३ | : वार्णिक र मात्रिक छन्दका गण, सङ्केत र आक्षरिक एकाइ | २३ |
| तालिका सङ्ख्या ४ | : समपङ्क्तिपुञ्ज | २५ |
| तालिका सङ्ख्या ५ | : अर्द्धसमपङ्क्तिपुञ्ज | २६ |
| तालिका सङ्ख्या ६ | : विषमपङ्क्तिपुञ्ज | २६ |
| तालिका सङ्ख्या ७ | : आदर्श राघवको सर्ग, विषय र छन्द विवरण | ६१ |
| तालिका सङ्ख्या ८ | : आदर्श राघवमा छन्द र श्लोक सङ्ख्या | ७० |

# आरेख सूची

आरेख सङ्ख्या १ : शास्त्रीय छन्द वर्गीकरण १४
आरेख सङ्ख्या २ : नेपाली छन्द वर्गीकरण १५

# सङ्क्षेपीकृत शब्दावली

| | | |
|---|---|---|
| ई.सन् | : | ईस्वी सन् |
| एम.ए. | : | मास्टर अफ आर्ट्स |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| चौ.संस्क. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते. संस्क. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो. संस्क. | : | दोस्रो संस्करण |
| पा.संस्क. | : | पाँचौँ संस्करण |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| पृ. | : | पृष्ठ |
| भू | : | भूमिका |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| सहप्रा.डा. | : | सहप्राध्यापक डाक्टर |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषय परिचय

पण्डितराज सोमनाथ सिग्देल (वि.सं. १९४१–२०२९) ले आफ्नो महाकाव्य **आदर्श राघव**मा शास्त्रीय छन्दको अनुशासित रूपमा प्रयोग गरेका छन् । नेपाली भाषा र साहित्यमा परिमार्जित रूप दिनु सोमनाथको ठूलो योगदान रहेको छ । यिनी संस्कृत साहित्य र दर्शनका प्रकाण्ड विद्वान् थिए । त्यसैले उनका समस्त काव्यकविता कृतिमा यसको प्रभाव पाइन्छ । संस्कृतमय शैली र शुद्ध नेपालीमा काव्य र कविताको रचना गर्नु सिग्देलको विशेषता हो । यिनले नेपाली समालोचना, व्याकरण र साहित्य तीनै क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको **साहित्य प्रदीप** (२०१६) संस्कृत साहित्यको विशेष ज्ञान गराउने समालोचनात्मक कृति हो । **लघुचन्द्रिका** (१९९१) र **मध्यचन्द्रिका** (१९७३) नेपाली भाषाका विशिष्ट व्याकरणिक कृति मानिन्छन् । उनको **आदर्श राघव** महाकाव्य संस्कृत काव्य परिपाटीमा लेखिएको महाकाव्य कृति हो । यसमा सिग्देलले पूर्वीय काव्य लक्षणमा बताइएका नियमलाई पूर्णतः पालन गरी प्रयोग गरेका छन् । यस महाकाव्यमा अलङ्कार, गुण, रस, ध्वनि आदिलाई काव्य अनुकूल प्रयोग गरेका छन् । **आदर्श राघव** महाकाव्यमा छन्दको विधान पूर्वीय शास्त्रीय निममा आबद्ध भई गरिएको छ ।

सोह्र सर्गको आयाम भएको **आदर्श राघव** महाकाव्यमा चौबीस ओटा शास्त्रीय छन्द प्रयोग भएका छन् । यो आधुनिक महाकाव्य धाराको परिष्कारवादलाई भित्र्याउने पहिलो महाकाव्य हो । यसमा प्रत्येक सर्गमा एक वा अनेक छन्द र सर्गान्तमा छन्द परिवर्तन गर्नुपर्ने पूर्वीय लक्षणको यथातथ्य पालन भएको पाइन्छ । त्यसैले सोमनाथ सिग्देललाई शास्त्रीय कवि र उनको **आदर्श राघव** महाकाव्यलाई शास्त्रीय महाकाव्य भन्न सकिन्छ । शास्त्रीय छन्दलाई पूर्ण रूपमा नियमसङ्गत प्रयोग गरिएको महाकाव्यमध्ये **आदर्श राघव** महाकाव्य पहिलो स्थानमा रहेको छ । यसमा एक्काईस ओटा वार्णिक र तीन ओटा मात्रिक छन्द प्रयोग गरिएको छ ।

## १.२ समस्याकथन

पण्डितराज सोमनाथ सिग्देलले **आदर्श राघव** महाकाव्यमा विविध शास्त्रीय छन्दहरूको प्रयोग गरेका छन् । **आदर्श राघव** महाकाव्य पूर्वीय काव्य मान्यतामा आबद्ध भई लेखिएको काव्य हो । त्यसैले यसमा शास्त्रीय छन्दहरूको भरपुर प्रयोग भएको पाइन्छ । यस महाकाव्यका बारेमा बहुपक्षीय अध्ययन भए तापनि समग्र छन्दहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन । सोमनाथ सिग्देलको **आदर्श राघव** महाकाव्यमा केन्द्रित रही यसमा निम्नलिखित प्राज्ञिक समस्याहरूको समाधान पहिल्याइएको छ :

(क) **आदर्श राघव** महाकाव्यमा के–कस्ता छन्द प्रयोग भएका छन् ?

(ख) यसमा प्रयुक्त छन्दको प्रकारगत वर्गीकरण के–कसरी गर्न सकिन्छ ?

(ग) यस महाकाव्यका छन्दविधानका प्रमुख विशेषताहरू के–कस्ता देखिन्छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख प्राज्ञिक उद्देश्य सोमनाथ सिग्देलको **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरूको विश्लेषण गरी तिनीहरूको गणसंरचनासहित छन्दगत विशेषताहरू केलाउनु नै रहेको छ । यसकै आधारमा निम्न प्राज्ञिक उद्देश्यहरू समेटिएका छन् :

(क) **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरू छुट्याउनु,

(ख) यसमा प्रयुक्त छन्दविधानको प्रकारगत वर्गीकरण गर्नु र

(ग) यसका छन्दविधानका प्रमुख विशेषताहरू केलाउनु,

यिनै उद्देश्यमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

महाकवि सोमनाथ सिग्देलको महाकाव्य **आदर्श राघव**का बारेमा विद्वान्हरूले विभिन्न कोणबाट अध्ययन विश्लेषण तथा व्याख्या गरेको पाइन्छ । यस महाकाव्यमा प्रयोग भएका छन्दहरूको विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा समालोचकहरू तथा शोधार्थीहरूले खोज अनुसन्धान गरेका कार्यहरू निम्नानुसार देखाइन्छ :

ताराप्रसाद जोशीले (जनरल अफ द त्रिभुवन युनिभर्सिटी, सन् १९६९) मा 'पण्डितराज श्री सोमनाथ सिग्देल : केही चर्चा र एक मूल्याङ्कन' मा **आदर्श राघव** महाकाव्यलाई विश्लेषण गर्दै यसमा अनेकौं अलङ्कार, ध्वनि, नवै रस, समस्त गुणहरू, रीतिहरू आदि अति उदात्त उपकरणहरूको सन्निवेश रहेको प्रस्ट पार्दै यसमा छन्दहरूको सुन्दर प्रवाह रहेको तथ्यलाई अझ प्रस्टसँग बताएका छन् ।

राममणि रिसालले **नेपाली काव्य र कवि** (२०३१) मा **आदर्श राघव** महाकाव्यको काव्यात्मकतालाई केलाउने सन्दर्भमा यसलाई विभिन्न कोणबाट विवेचना गरेका छन् । यसमा छन्दको शुद्ध समर्थन तथा भावको सफल प्रदर्शन गजबसँग भएको र तेईसओटा शास्त्रीय छन्दका साथै गीति, उपगीति छन्दको सुन्दर समावेश हुन गएको कुरा प्रस्ट पार्दै रसानुकूल छन्द र अलङ्कारानुकूल शब्द प्रयोगमा सोमनाथ नेपाली काव्यमा अनुकरणीय छन् भन्ने कुरा प्रस्ट पारेका छन् ।

वि.सं. २०४१ मा नरहरि आचार्यले **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना**मा **आदर्श राघव** प्रतिभाको प्रवाहपूर्ण शक्तिद्वारा संरचित नभई मूलतः व्युत्पत्ति र अभ्यासकै साधनद्वारा बाँधिएको हुँदा सर्ग सर्गको बन्ध र अझ सर्ग पनि टुक्राटुक्रा कविताको संयोजनका रूपमा देखापर्छ । यसको वास्तविकतालाई **आदर्श राघव**को सर्गविधान एवम् त्यसमा रहेका विषय शीर्षक र छन्द प्रयोगले पुष्टि गर्छन् भन्दै प्रत्येक विषय शीर्षक र तिनमा प्रयुक्त छन्दका नाम उल्लेख गरी सिग्देललाई शास्त्रीय कविका रूपमा व्याख्या गरेका छन् ।

वि.सं. २०५४ मा वासुदेव पहाडीले **आलोचनाको वृत्त** नामक कृतिमा समावेश *आदर्श राघव : शून्य युगबोधको कलाकृति* आलोचनात्मक लेखमा **आदर्श राघव**लाई भानुभक्तीय रामायणसँग तुलना गर्दै यसमा अनुप्रास उपमा आदि अलङ्कारको सफल प्रयोग भएको कुरा बताएका छन् । उनी भन्छन् – सामेनाथमा छन्दलाई फकाउने र कजाउने प्रबल शक्ति छ । वसन्ततिलकादि छन्दको सशक्त प्रयोग **आदर्श राघव** महाकाव्यमा भएको छ र प्रत्येक सर्गको छन्द बदलिएको छ भन्दै यिनले **आदर्श राघव** महाकाव्यलाई पूर्वीय मान्यतामा लेखिएको महाकाव्यका रूपमा विवेचना गरेका छन् ।

रामचन्द्र भट्टले *सोमनाथ सिग्देलका महाकाव्यमा छन्द योजना* (**कुञ्जिनी**, २०५८) लेखमा महाकवि सिग्देलले **आदर्श राघव** महाकाव्यमा विषय प्रस्तुति अनुरूप अनेक

छन्दहरूको प्रयोग गरेका छन् । **आदर्श राघव** महाकाव्यमा विभिन्न भाव र रसानुकूल स्थलमा उपयुक्त सम्बन्धित छन्दहरूलाई अँगाली शास्त्रीय संस्कृत छन्दहरूको परिचय दिएका छन् भन्दै **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरूका लक्षण र उदाहरण दिने काम गरेका छन् ।

रामचन्द्र भट्टले *नेपाली साहित्यमा पूर्वीय परम्पराको महाकाव्य* (**कुञ्जिनी**, २०५८) लेखमा **आदर्श राघव** महाकाव्य पूर्ण रूपमा संस्कृत काव्य लक्षण अनुसार पूर्वीय ढाँचामा तयार पारिएको महाकाव्यका रूपमा चिनाउँदै यसमा २१ वर्णमात्रिक र ३ वटा मात्रिक गरी २४ छन्दहरू प्रयोग गरेको कुरालाई प्रस्ट पारेका छन् ।

वि.सं. २०६३ मा ऋषीश्वर अधिकारीले **आदर्श राघव महाकाव्यमा अलङ्कार विधान** शीर्षकको स्नातकोत्तर शोधपत्रमा अलङ्कारको अध्ययन गरी यस महाकाव्यमा मात्रिक र वार्णिक गरी जम्मा २२ किसिमका छन्दहरूको प्रयोग भएको कुरा उल्लेख गर्दै छन्दविधानमा सिग्देल एक कुशल शिल्पी हुन् । उनको छन्दविधानमा पूरा अधिकार छ तर यो अधिकार केवल शास्त्रीय छन्दविधानमा मात्र सीमित छ । उनको छन्दविधान अत्यन्त परिष्कृत आयोजना हो भन्दै सिग्देललाई छन्द मर्मज्ञका रूपमा विश्लेषण गरेका छन् ।

महादेव अवस्थीले **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** (२०६४) मा **आदर्श राघव** महाकाव्यका स्रष्टा सोमनाथ सिग्द्याल शास्त्रीय शैलीका प्रयोक्ता प्रतिभा हुन् र उनले यस महाकाव्यमा वसन्ततिलकादि २३ वटा छन्दको शास्त्रसम्मत अनुशासित प्रयोग गरेका छन् भन्दै उनको त्यो विविधतापूर्ण छन्दप्रयोग समेत उनकै पाण्डित्य–प्रदर्शन र अत्यधिक शिल्पचमत्कारले गर्दा शुष्क बन्न पुगेको कुरा प्रष्ट पारेका छन् ।

यसरी विभिन्न समालोचकहरू तथा शोधकर्ताहरूले **आदर्श राघव** महाकाव्यलाई फरक–फरक दृष्टिकोणबाट व्याख्या विश्लेषण गरे तापनि यसमा प्रयोग भएका छन्दको विशिष्ट अध्ययन हुन सकेको छैन । त्यसकारण यस शोधकार्यमा यस महाकाव्यमा प्रयोग भएका छन्दहरूको वर्गीकरण गरी तिनका गणसंरचना अनुसार विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

प्रस्तुत शोधकार्यमा **आदर्श राघव** महाकाव्यमा प्रयुक्त छन्दको विश्लेषणात्मक अध्ययन गरिएको छ । यस महाकाव्यका बारेमा विभिन्न लेखहरू, पुस्तकहरू, शोधप्रबन्ध तथा शोधपत्रहरूमा अनेक समीक्षाहरू भए तापनि यस महाकाव्यका छन्दविधानका बारेमा सूक्ष्म अध्ययन हुने भएकाले यसमा प्रयोग भएका छन्दहरूको प्रकारगत वर्गीकरण गरी गणसंरचना अनुसार तिनको विश्लेषण गरिएको हुँदा प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका वर्णमात्रिक र मात्रिक छन्दहरूको विश्लेषण र मूल्याङ्कन गरिएको हुँदा यसको महत्त्व छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा **आदर्श राघव** महाकाव्य कै केन्द्रीयतामा रही यसमा प्रयोग भएका छन्दहरूको विशेष अध्ययन गरिएको छ । यसमा वर्णमात्रिक र मात्रिक छन्दहरू प्रयोग भएका छन् । यस शोधकार्यमा पनि **आदर्श राघव**मा प्रयोग भएका छन्दहरूको वर्गीकरण गरी तिनका गणसंरचना अनुसार अध्ययन विश्लेषण गरी प्रत्येक छन्दका विशेषताहरू केलाइएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनको प्रमुख स्रोत सोमनाथ सिग्देलको आदर्श राघव र छन्दशास्त्रका कृतिहरू हुन् । तिनै कृतिका पठनबाट अपेक्षित सामग्रीहरूको सङ्कलन गरिएको छ । साथसाथै आवश्यकताअनुसार विषय विशेषज्ञ तथा समीक्षकहरूबाट पनि आवश्यक राय सुझावका साथै मौखिक जानकारी लिइएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधकार्यको विषय **आदर्श राघव** महाकाव्यको छन्दविधान भएकाले छन्दको सैद्धान्तिक नियमअनुरूप **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरूको अध्ययन विश्लेषण गरिएको छ । यस शोधकार्यको निर्माण गर्दा सामग्री सङ्कलनको रूपमा विभिन्न पत्रपत्रिका, पुस्तकहरू अध्ययन गरिएको छ ।

यहाँ **आदर्श राघव** महाकाव्यमा प्रयुक्त छन्दको अध्ययन गरिएको छ । यस शोधकार्यको सैद्धान्तिक ढाँचाका रूपमा छन्दहरूको विश्लेषण गर्दा गणसंरचना गति, यति, लयका आधारमा गरिएको छ । यस अध्ययनमा छन्दको विश्लेषणात्मक पद्धति अपनाइएको छ र त्यहीअनुरूप **आदर्श राघव** महाकाव्यमा छन्दविधानको अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई शोधपत्रका रूपमा सुसङ्गठित र सुव्यवस्थित तुल्याई प्रस्तुत गर्नका लागि चारवटा परिच्छेदमा विभाजन गरिएको छ । ती चारवटा परिच्छेद अन्तर्गत पनि मूल शीर्षक र उपशीर्षकहरू मिलाइएको छ । यस शोधकार्यको त्यो परिच्छेदगत रूपरेखा निम्नानुसार छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : छन्दको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : आदर्श राघव महाकाव्यमा छन्द प्रयोग

चौथो परिच्छेद : उपसंहार

# परिच्छेद दुई

# छन्दको सैद्धान्तिक परिचय

## २.१ छन्दको परिचय

छन्द संस्कृत व्याकरणको 'चदि आह्लादने' धातुमा 'चन्देरादेश्च छः' भन्ने उणादि सूत्रद्वारा निर्दिष्ट असुन् प्रत्यय लागि आदि चकारका स्थानमा छकार भएर निष्पन्न भएको हो । यसको व्युत्पत्तिगत अर्थ बाँध्नु, आवृत्ति गर्नु, रक्षित गर्नु र प्रसन्न गर्नु वा आनन्द प्रदान गर्नु भन्ने हुन्छ । काव्यका गद्य र पद्य दुई भेदमध्ये छन्दले पद्यकाव्यसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । 'छन्दोबद्ध पदं काव्यम्' (पद्यम्)) (विश्वनाथ, २०५० : ५८८) अर्थात् छन्दले युक्त पद नै काव्य वा पद्य हो । यो विश्वनाथको भनाइबाट उक्त भनाइको पुष्टि हुन्छ । नियमित लयबद्ध कवितात्मक रचनालाई पद्यकाव्य भनिन्छ । पद्यकाव्य नै छन्द काव्य हो । सामान्यतः छन्द भन्नाले कविताको लयलाई बुझिन्छ । तथापि परम्परागत रूपमा छन्द भन्नाले शास्त्रीय नियम अनुसार गणव्यवस्था गरी भावनालाई अभिव्यक्त गर्ने कविताको लयलाई बुझिन्छ ( नेपाल, २०६२ : १) । अक्षर, अक्षरसङ्ख्या, मात्रा, मात्रागणना, यति, गति, आवृत्ति आदिको गणना गरी रचिने काव्यको पद्यात्मक स्वरूपलाई पनि बुझाउँछ । कविको मनमा उठेका अनुभूति र भावनाहरूलाई संयमित, संस्कारित तथा अनुशासित रूपमा व्यक्त गर्नका लागि छन्दले काव्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । छन्दले आनन्द दिनुका साथै काव्यमा मिठास र मधुरता भर्छ । छन्दको योजनाअन्तर्गत कवितामा वर्ण र मात्राको गणना गरिन्छ । वर्ण र मात्राले छन्दमा गति र यतिको सन्तुलन मिलाउँछन् । यति र गतिले काव्यको आन्तरिक सौन्दर्य बढाइ सुमधुरता थप्छन् । छन्दले काव्यका तत्त्व भाव र रससँग पनि राम्रो सम्बन्ध राखेको हुन्छ । प्रत्येक छन्दका आ–आफ्ना भाव र रस हुन्छन् । त्यसैअनुसार काव्यमा छन्दको प्रयोग उत्कृष्टतम मानिन्छ ।

## २.२ छन्दको परिभाषा

साहित्यका विभिन्न विद्वान्हरूले काव्यका विविध विधाको अध्ययन गरेका छन् । काव्यको अध्ययन गर्ने क्रममा पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान् तथा समालोचकहरूले

छन्दशास्त्रको परिभाषा आ–आफ्ना तरिकाबाट दिएका छन् । तिनीहरूका केही परिभाषाहरू क्रमशः यसप्रकार छन् :

**पूर्वीय विद्वान्हरूका दृष्टिमा**

(क) पाणिनीले छन्द वेदको पाउ हो भनेका छन् । (वैदिक पिङ्गलच्छन्द सूत्रम, १९४३ : भू. १)

(ख) अमरकोशमा गायत्रीलाई प्रमुख छन्द मानिएको छ । (आचार्य, सन् १९७० : १४८)

(ग) आत्रेय ब्राह्मणमा छन्द ज्ञान हुनु नितान्त आवश्यक छ । यसै हुनाले हाम्रा प्रत्येक प्रयोगमा पढिने मन्त्रहरूको अगाडि ऋषि छन्द, देवता, विनियोग लेखिएको हुन्छ । त्यो नभनी वेदादि मन्त्रै उच्चारण गरिँदैनन् भनिएको छ । ( ढुङ्गाना, २०२३ : ख)

(घ) वृहद्देवता (८/१३२) मा ऋषिले छन्दको बारेमा थाहा नपाई देवता र योग सम्बन्धी मन्त्र जप गर्दछन्, अध्ययन अध्यापन गर्दछन् । ती पापी समान हुन्छन् भनिएको छ । (वैदिक पिङ्गलच्छन्द सूत्रम्, १९४३ : भू. २)

(ङ) अक्षर अक्षरको सङ्ख्या एवम् क्रम मात्रा–मात्रा, गणना तथा यति गति आदिसँग सम्बन्धित विशिष्ट नियमद्वारा नियोजित पद्य रचनालाई छन्द भनिन्छ । (वर्मा र अन्य, २०२० : १८१)

(च) श्लोको चौथाइ भाग पाद हो । चार पाद मिलेर पद्य (छन्द) बन्दछ । छन्दका दुई भेद वृत्त र जाति हुन्छन् । (गङ्गादास, २०२१ : २)

(छ) महर्षि कात्यायनले जसले गायत्री, जगत्यादि, यी छन्दहरू नजानीकनै पढ्छ, भन्छ , ध्वन्यादि गर्छ त्यो ब्रह्मकार्य सिद्ध गर्न सामर्थ्यवान् हुँदैन भनेका छन् । (वैदिक पिङ्गलच्छन्दसूत्रम्, १९४३ : भू. १)

**पाश्चात्य विद्वान्हरूका दृष्टिमा**

(क) कलरिजले छन्दको परिभाषा दिने क्रममा भनेका छन् – "छन्दको प्रभावले भावना र दृष्टिको सजीवता वा प्रभावकारितालाई बढाउँछ" (त्रिपाठी, २०३६ : २०३) ।

(ख) जे.एच्. लेविसका अनुसार – "छन्द कुनै ऐच्छिक विषय होइन जुन इच्छा लागेको बेला मात्र प्रयोग गर्न सकियोस् यो काव्यको अनिवार्य एवम् अविभाज्य तत्त्व हो" (त्रिपाठी, २०३६ : २०३) ।

(ग) रिचड्सका अनुसार – "अत्यधिक कठिन र अत्यधिक सुकोमल अभिव्यक्तिका निमित्त छन्द अपरिहार्य साधन हो" (त्रिपाठी, २०३६ : २०३) ।

**नेपाली विद्वान्हरूका दृष्टिमा**

(क) बालकृष्ण समका अनुसार – "छन्द अनन्त छ, लय र ध्वनिमा नै म पुरासित भर परेको छु । .... मैले छन्दमा वैदिक कविहरूलाई आदर्श मानीकन हाम्रो भइरहेको वैदिक गायत्री उष्णिक् आदि छन्दलाई नयाँ रूपमा प्रयोग गरेको हुँ भन्ने म सङ्कोच मान्दिन" (रिसाल, २०५८ : ६४) ।

(ख) "छन्द कविताको गहना हो, छन्द र लयले कवितालाई लयात्मक तुल्याउँछ" (सिग्देल, २०५८ : १८) ।

(ग) लय पाइँदै नपाइनु दोष हो, छन्द देखिँदै नदेखिनु अपराध हो, छन्द र लयबिना कवि र गायक हुँदैन (देवकोटा, २०५८ : ६४) ।

(घ) छन्द त नियमित मात्रा वा वर्णका आधारमा विश्राम हुने लय हो । यसमा सङ्गीतमा जस्तै सुर हुन्छ । (पराजुली, २०४७ : २५८)

(ङ) भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनि नै छन्द हो" (त्रिपाठी, २०६० : १९) ।

(च) उत्तेजित हुन खोज्ने भावहरूलाई बन्धनमा पारेर आवश्यकता अनुसार प्रस्फुटन गराउनुपर्ने हुन्छ । यही बन्धन छन्द हो भन्ने मैले ठानेको छु । ( वियोगी, २०५३ : ११)

(छ) यति, गति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप त्यसरी गठन हुने विभिन्न किसिमका विशिष्ट वाक्यवृत्त नै छन्द हुन् । (नेपाली बहृत् शब्दकोश, २०५८ : ४१८)

यसरी पूर्वीय, पाश्चात्य र नेपाली विद्वान् तथा समालोचकहरूले दिएको परिभाषाबाट छन्दलाई काव्य कविताको आवश्यक तत्त्वका रूपमा स्वीकार गर्न सकिन्छ । समग्र परिभाषालाई दृष्टिगत गर्दा छन्दलाई सङ्क्षेपमा काव्य कवितालाई सम्प्रेषणीय, प्रभावोत्पादक, सङ्क्षिप्तमा पूर्ण र श्रुतिमधुर बनाउनका साथै सलल बग्ने गति, यति र लय प्रदान गर्ने तत्त्वका रूपमा परिभाषित गर्न सकिन्छ ।

## २.३ छन्दको उत्पत्ति र विकास

छन्द ऐतिहासिक विकास वैदिककालदेखि नै भएको पाइन्छ (नेपाल, २०५५ : ८७) । ऋग्वेद पुरुषसूक्तमा दर्शाइएको छ 'छन्दाéसि जज्ञिरे तस्मात्' (लुइँटेल, २०६६ : ३२२) । अर्थात् त्यो विराट् (यज्ञ) बाट गायत्री, उष्णिक् आदि छन्दहरू पैदा भए, जसको गणना वेदका छ अङ्गमध्ये एक अङ्गमा छ (ढुङ्गाना, २०६६ : भूमिका) । वेदका छ अङ्ग शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष हुन् । यीमध्ये पाणिनी लेख्छन् 'छन्दः पादौ तु वेदस्य' अर्थात् छन्द वेदको पाउ हो (ढुङ्गाना, २०६६ : भूमिका) । यसबाट छन्दको सम्बन्ध वेदसँग रहेको पुष्टि हुन्छ । वेदमा गायत्री, त्रिष्टुप् जगति, पङ्क्ति, अनुष्टुप्, वृहति, उष्णिक् आदि छन्दको चर्चा पाइन्छ । छन्दको प्रत्यक्ष सम्बन्ध सङ्गीतसँग जोडिएको छ । सङ्गीतको उत्पत्ति सामवेदबाट भएको मानिन्छ । त्यसैले सङ्गीत र छन्द समकालीन हुन् र यी दुईको उद्गम स्थल वेद नै हो भन्न सकिन्छ (नेपाल, २०६२ : २) । छन्दको विकास तथा प्रचार प्रसारमा देवता तथा ऋषिहरू स्वयम् लागेको विश्वास गरिन्छ । वैदिक छन्दको प्रचार गर्ने क्रममा शङ्करले विष्णुलाई, विष्णुले इन्द्रलाई, इन्द्रले बृहस्पतिलाई, बृहस्पतिले माण्डव्यलाई, माण्डव्यले सैतवलाई, सैतवले यास्कलाई र यास्कले पिङ्गललाई छन्दबारे बुझाएको उल्लेख

पाइन्छ (वियोगी, २०६३ : तीतामीठा कुरा) । यसरी मौखिक परम्परामा विकास भएका छन्दसूत्रहरूलाई एकत्रित गरेर पिङ्गलले छन्दग्रन्थको निर्माण गरेको जानकारी पाइन्छ । पिङ्गलले लौकिक तथा वैदिक दुवै छन्दसूत्रको निर्माण गरेका थिए भनिन्छ ।

संस्कृत छन्दशास्त्रीय विकासमा यस्तो इतिहास फेला परे तापनि छन्दको व्यावहारिक प्रयोग महर्षि वाल्मीकिले गरेको प्रमाण पाइन्छ । एक दिन नदी स्नान गरेर फर्कँदा बाटोमा व्याधाले भाले मारिदिँदा शोकले व्याकुल क्रौञ्च (कऱ्याङ्कुरुङ) पक्षीलाई देखेर करुणले व्यथित वाल्मीकिको मुखबाट यस्तो पद्य निस्कियो :

"मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः ।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥ अर्थात्

"कामुक क्रौञ्चको जोडी छुट्याई एकको बध ।
गरिस् ए भिल्ल ! कहिल्यै हुने छैन भलो अब ॥ (सिग्देल, २०५८ : २२) ।

लौकिक साहित्यमा यसै पद्यलाई पहिलो छन्दोबद्ध रचना मानिन्छ । यो पद्यको रचना सुनेपछि तत्काल ब्रह्माजीले वागाधिष्ठात्री सरस्वतीका अनुकम्पाले त्यस्तो छन्दोबद्ध वाणीको उच्चारण भएको र अब छन्दोबद्ध ग्रन्थको रचना गर्नुपर्ने शुभाशीर्वाद दिनुभयो । ब्रह्माजीको आशीर्वाद र वाल्मीकिको स्वतःस्फूर्तताले आदिकाव्य **रामायण**को रचना हुन पुग्यो (ढुङ्गाना : भूमिका) । यसका अतिरिक्त कालिदासको भनाइ 'निषादविद्वाण्डजदर्शनोत्थः श्लोकत्वमापद्यत यस्य शोकः' र भवभूतिले उत्तररामचरितको द्वितीय अङ्कमा ब्रह्माका मुखबाट व्यक्त गर्न लगाएको 'अहो ! नूतनछन्द सामवतार' जस्ता भनाइहरूद्वारा नै लौकिक छन्दको श्रीगणेश भएको मान्ने गरिन्छ (नेपाल, २०६३ : ३) ।

यसरी प्रारम्भ भएको छन्दको इतिहासमा वाल्मीकिपछिका संस्कृत साहित्यका विद्वान्हरूले एकपछि अर्को छन्दोबद्ध कृति रचना गरी गुणात्मक र सङ्ख्यात्मक विकासमा महत्त्वपूर्ण योगदान गरेको तथ्य फेलापर्छ । वाल्मीकि रामायणमा १३, महाभारतमा १८, श्रीमद्भागवतमा २५ वटा छन्दको प्रयोग पाइन्छ (नेपाल, २०६२ : ३) । बराहमिहिररचित **बृहत्संहिता**, कालिदासको **श्रुतबोध**, क्षेमेन्द्रको **सुवृत्तःतिलक**, जयकीर्तिको **छन्दानुशासन**, केदार भट्टको **वृत्तरत्नाकार**, जयदेवको **छन्दोऽनुशासन**, गङ्गादासको **छन्दोमञ्जरी** आदि

छन्दशास्त्र (नेपाल, २०५५ : ८८) का रचनाकार तथा कृतिले छन्दलाई चिनाउने र व्यवस्थित र व्यापक बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाली साहित्यमा छन्द अध्ययनको परम्परा प्रथमतः वि.सं. २००१ देखि भएको हो । सर्वप्रथम नेपाली साहित्यमा छन्दको व्यवस्थित र विस्तृत अध्ययन गोविन्दप्रसाद शर्मा ढुङ्गानाले **छन्दोहार** मार्फत गरेका हुन् । यो नेपाली छन्दशास्त्रीय अध्ययन परम्पराको महत्त्वपूर्ण उपलब्धि हो (नेपाल २०५५ : ८८) । यसपछि २०१८ मा डिल्लीराम तिमसिना र माधव भण्डारीको **छन्द र अलङ्कार** २०२३ मा लक्ष्मीप्रसाद आचार्यको **छन्दसागर सोपान** २०२८ मा शिवराज आचार्यको **वृत्तनक्षत्रमाला**, २०५२ मा नारायणप्रसाद सापकोटाको **छन्दोऽलङ्कारमाला** आदि छन्दशास्त्रीय लक्षणग्रन्थले नेपाली छन्द विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । छन्दको विकासमा नेपाली साहित्यकारहरूले विभिन्न लेख मार्फत् पनि योगदान दिएको पाइन्छ । २०५३ सालमा माधव वियोगीले **छन्द बचाउ अभियान २०५३ घोषणापत्र** प्रकाशित गरी छन्दमा एउटा क्रान्ति ल्याएका थिए । त्यसपछि २०५९ मा गोविन्दराज विनोदीको **छन्दविनोद**, माधव वियोगीको **छन्दकेशर** (२०६३), देवी नेपालको **छन्दपराग** (२०६२), जस्ता छन्दशास्त्रीय रचनाले छन्दको अध्ययनलाई अझ व्यापक र विस्तृत गरेका छन् ।

## २.४ पिङ्गलसूत्रको व्याख्या

सबैभन्दा पहिले लौकिक छन्दको सिद्धान्त निर्माण गर्ने व्यक्ति आचार्य पिङ्गल हुन् । पूर्वीय साहित्यशास्त्रमा छन्दका बारेमा वैदिक समयदेखि चर्चा भएका कुरा वैदिक संहितामा प्रयोग भएको एउटा भाग नै मानिने छन्दको चर्चा गर्ने विद्वान् पिङ्गल हुन् (लुइँटेल, २०६० : १३७) । छन्दशास्त्रका प्रथम निर्माता पिङ्गलले मौखिक रूपमा रहेका वैदिककालका छन्दलाई सूत्रबद्ध रूपमा लिपिबद्ध गर्ने काम गरे । उनको छन्द सम्बन्धी कृतिलाई पिङ्गलसूत्र भनिन्छ (लुइँटेल, २०६० : १३७) । पिङ्गलले प्रस्तुत कृतिमा आवश्यक गणव्यवस्था, वर्णनिर्धारण, छन्दका लक्षण र तिनका उदाहरणको चर्चा गरेका छन् । आचार्य पिङ्गलले गण विभाजन गर्दा सबै स्वर र व्यञ्जन वर्णहरूलाई लघु र गुरु गरी दुई वर्णमा विभाजन गरेका छन् । लघुले ह्रस्व उच्चारण हुने वर्णलाई जनाउँछ । यसलाई ( । ) चिह्नले चिनाएका छन् । गुरुले दीर्घ उच्चारण हुने वर्णलाई जनाउँछ । यसलाई ( ऽ ) चिह्नले चिनाउने काम गरेका छन् (नेपाल, २०६२ : ४) ।

आचार्य पिङ्गलले यति, गति, पाउ, श्लोक जस्ता छन्दका अङ्गहरूको चर्चा गरी एउटा छन्दसूत्र तयार गरेका छन् । उनले तयार गरेको छन्दसूत्र यसप्रकार छन् :

"यमाताराजभानसलगम्" (पिङ्गलच्छन्दसूत्रम्)

उपर्युक्त सूत्रबाट प्रत्येक तीन–तीन अक्षर छुट्याउँदै एक अक्षर निकाल्दै जाँदा एकएक गणहरू निस्कँदै जान्छन् । यसरी निस्किने एउटा गणमा तीनवटा अक्षरहरू रहेका हुन्छन् (वियोगी, २०६२ : तीतामीठा कुरा) । यसको सूत्र, सङ्केत, गण र उदाहरणलाई तल यसप्रकार दिइएको छ :

**तालिका सङ्ख्या १**

**गण गणाधार र सङ्केत**

| **गण** | **गणाधार** | **सङ्केत** | **उदाहरण** |
|---|---|---|---|
| य (यगण) | यमाता | । ऽ ऽ | जमाना |
| मा (मगण) | मातारा | ऽ ऽ ऽ | लेकाली |
| ता (तगण) | ताराज | ऽ ऽ । | मायालु |
| रा (रगण) | राजभा | ऽ । ऽ | भावना |
| ज (जगण) | जभान | । ऽ । | पहाड |
| भा (भगण) | भानस | ऽ । । | आगन |
| न (नगण) | नसल | । । । | कमल |
| स (सगण) | सलगा | । । ऽ | छहरा |
| ल (लघु) | | । | म |
| गु (गुरु) | | ऽ | यो |

माथिको गणसूत्रमा दस वर्ण छन् । तिनमा अगाडिका आठ वर्ण गणसूचक हुन् र पछिल्ला दुई वर्ण क्रमशः लघु र गुरु हुन् (विनोदी, २०५९ : ञ) ।


## २.५ छन्दको वर्गीकरण

पूर्वीय संस्कृत साहित्यका छन्दशास्त्रका विद्वान्हरूले छन्दलाई मूलतः दुई भागमा विभाजन गरेको पाइन्छ । ती हुन् – वैदिक र लौकिक । लौकिक छन्दका पनि दुई प्रकार

बताइएका छन् – वृत्त र जाति (गङ्गादास, २०२१ : २) । वृत्तवर्गका छन्दमा अक्षरको गणना हुने भएकाले वार्णिक र वर्ण मात्रिक छन्दहरू वृत्तवर्गमा पर्दछन् । जाति छन्दका वर्गमा मात्राको गणना गरिन्छ । यसमा ह्रस्व अक्षरलाई एक मात्रा र दीर्घ अक्षरलाई दुई मात्रामा गणना गरिन्छ (गङ्गादास, २०२१ : २) । जाति र वृत्तछन्दलाई पनि स्वरूपका आधारमा समवृत्त, वियषमवृत्त र अर्द्धसमवृत्त गरी तीन भागमा विभाजन गरिएको छ । समवृत्तका पनि साधारण र दण्डक गरी दुई भेद रहेका छन् (ढुङ्गाना, २०६६ : ६) । छन्दहरूको वर्गीकरणलाई निम्न वृक्षारेख तालिकामा देखाइएको छ :

**आरेख सङ्ख्या १**

**शास्त्रीय छन्द वर्गीकरण**





यसरी छन्दलाई मूलतः वृत्त (वर्णमात्रिक) र जाति (मात्रिक) गरी यिनका पनि समवृत्त, अर्द्धसमवृत्त, विषयमवृत्त गरी तीन–तीन वर्गमा विभाजन गरेको पाइन्छ । पुनः समवृत्तलाई पनि साधारण र दण्डक गरी दुई भागमा विभाजन गरिएको छ ।

संस्कृत साहित्यमा यस्तो वर्गीकरण पाइए पनि छन्दलाई बद्धलय र मुक्तलय गरी दुई वर्गमा विभाजन गरिएको पनि पाइन्छ (लुइँटेल, २०६२ : २९१) । विशेषतः नेपाली काव्य कवितामा प्रयोग हुन आएका छन्दहरू यस्ता प्रकारका छन् । गद्यलय ढाँचामा आबद्ध भई लेखिएका रचनालाई मुक्तलय भनिन्छ । छन्दको बन्धन वा नियममा रही लेखिएको रचनालाई बद्धलय भनिन्छ (लुइँटेल, २०६२ : २९१) । यो छन्दको खास ढाँचामा निर्भर हुने लयविधान हो । बद्धलयलाई शास्त्रीय छन्द र लोकछन्दमा विभाजन गर्न सकिन्छ । शास्त्रीय

छन्दअन्तर्गत वर्णमात्रिक र मात्रिक छन्द पर्दछन् भने लोकछन्द अन्तर्गत झ्याउरे, बालुन, सङ्गिनी, सेलो, सवाई, असारे, घाँसे र मालसिरी पर्दछन् (लुइँटेल, २०६२ : २९१) । यस्तो वर्गीकरणलाई यसप्रकार वृक्षारेखमा देखाइएको छ :

**आरेख सङ्ख्या २**

**नेपाली छन्द वर्गीकरण**




यसरी छन्दको विभिन्न तरिकाले वर्गीकरण गरेको पाइन्छ ।

## २.६ वार्णिक छन्द

वर्णमा आधारित छन्दलाई वार्णिक छन्द भनिन्छ । यसलाई वर्णमात्रिक छन्द पनि भनिन्छ । यसमा वर्णहरूको समूहबाट शाखाहरू निर्माण हुन्छन् । तीन अक्षरको एउटा गण तयार हुन्छ । गणहरू आठ प्रकारका हुन्छन् । यसलाई ह्रस्व र दीर्घका भेदले गणना गर्ने गरिन्छ । यस्ता आठ प्रकारका वर्णलाई यसप्रकार देखाइन्छ : यमाता (ISS), मातारा (SSS), ताराज (SSI), राजभा (SIS), जभान (ISI), भानस (SII), नसल (III) सलगा (IIS) आदि । यी आठ गणहरूका आ–आफ्ना देवता र फल रहेका छन् । यी आठवटा गणहरूका स्वरूप, देवता, फललाई निम्न तालिकामा देखाइन्छ :

**तालिका सङ्ख्या २**

**गण, स्वरूप, देवता र फल**

| **गणको नाम** | **मगण** | **यगण** | **रगण** | **सगण** | **तगण** | **जगण** | **भगण** | **नगण** |
|---|---|---|---|---|---|---|---|---|
| स्वरूप | ऽऽऽ | ।ऽऽ | ऽ।ऽ | ।।ऽ | ऽऽ। | ।ऽ। | ऽ।। | ।।। |
| देवता | पृथ्वी | जल | अग्नि | वायु | आकाश | सूर्य | चन्द्र | स्वर्ग |
| फल | श्रीप्राप्ति | वृद्धि | विनाश | भ्रमण | धननाश | रोग | सुयश | आयु |

(ढुङ्गाना, २०६६ : ३)

आचार्य पिङ्गलले गणविभाजन गर्नका लागि सबै स्वर र व्यञ्जनवर्णहरूलाई ह्रस्व र दीर्घ गरी दुई वर्गमा विभाजन गरेका छन् (नेपाल, २०६२ : ४) । ह्रस्व वर्ण अ, इ, उ, ऋ स्वर र यिनैसँग मिलेका व्यञ्जन वर्ण क, कि, कु, कृ इत्यादिलाई लघु वर्ण भन्दछन् । लघु वर्णलाई चिनाउनको लागि ( । ) चिह्नको प्रयोग गरिन्छ । दीर्घ वर्णहरू आ, ई, ऊ, ए, ऐ, ओ, औ, अं, अः र यिनीहरूसँग जोडिएका का, की, कू, के, कै, को, कौ, कं, कः इत्यादिलाई दीर्घ वा गुरुवर्ण भनिन्छ । गुरु वर्णलाई चिनाउनको लागि ( ऽ ) चिह्नको प्रयोग गरिन्छ । संयुक्त व्यञ्जन वर्णको उच्चारणमा अघिल्लो वर्णले पछिल्लो आधा वर्णलाई तान्यो भने त्यो अघिल्लो वर्ण ह्रस्व भए पनि दीर्घ मानिन्छ । तथापि अघिल्लो ह्रस्व वर्णले पछिल्लो आधा वर्णलाई तान्न सकेन भने त्यो ह्रस्वको ह्रस्व नै रहन्छ (नेपाल, २०६२ : ४) । जस्तै : उज्यालो । पाठका अन्त्यमा आउने लघु वर्ण विकल्पले गुरु हुन्छ । जस्तै :

सन्तानको जीवन शुद्धि–साधन ।
माता पिताको पद हुन्छ शोभन ॥ (सिग्देल, २०६७ : १५)

इन्द्रवंशा छन्दमा लेखिएको सिग्देलको प्रस्तुत पद्यांशको अन्तिम अक्षर ह्रस्व छ तर इन्द्रवंशा छन्दका अन्त्यमा दीर्घ वर्ण हुने नियम छ । पाउका अन्त्यमा आएको हुनाले साधनको 'न' र शोभनको 'न' दीर्घ मानिन्छ । अन्यथा अरु ठाउँमा आएको भए त्यो ह्रस्व नै हुने थियो । अन्तिम वर्ण अवस्था अनुसार दीर्घ वर्ण ह्रस्व पनि हुनसक्छ । गणव्यवस्थाबाट परिचालित वार्णिक छन्दलाई समवृत्त अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन वर्गमा विभाजन गरिएको छ । तिनीहरूको चिनारी यसप्रकार गरिएको छ :

### २.६.१ समवृत्त

हरेक श्लोकमा रहेका चारवटै पाउमा समान अक्षर संख्या हुने छन्दलाई समवृत्त छन्द भनिन्छ । यसमा चारै पाउका लक्षण एकै हुन्छ (ढुङ्गाना, २०६६ : ४) । समवृत्त एकदेखि छब्बीस अक्षरको पाउ भएको सम्म हुन्छ । एक पाउमा एक–एक अक्षरदेखि लिएर छब्बीस अक्षरसम्म एक–एक अक्षरले बढ्दै जाने वार्णिक छन्द समवृत्तमा पर्ने उक्तादि २६ छन्द रहेका छन् । तिनलाई पनि प्रस्तार गर्दा एकै छन्दका अनेक भेद हुन्छन् (शर्मा, २०२३ : १८) । यस्ता छन्दका मूल नाम र प्रस्तारहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ :

**२.६.१.१ उक्त :** यसमा एक अक्षरको एक पाउ हुन्छ । यसको प्रस्तारमा श्री छन्द पर्दछ ।

**२.६.१.२ अत्युक्ता :** यसमा दुई अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारमा स्त्री, मधु र मही छन्द पर्दछन् ।

**२.६.१.३ मध्या :** यसमा तीन अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारमा नारी र मृगी छन्द पर्दछन् ।

**२.६.१.४ प्रतिष्ठा :** यस छन्दमा चार अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तार अन्तर्गत कन्या र सती छन्द पर्दछन् ।

**२.६.१.५ सुप्रतिष्ठा :** यसमा पाँच अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तार अन्तर्गत तोण वा कन्या, धारी, नागिनी आदि पर्दछन् ।

**२.६.१.६ गायत्री :** छ अक्षरको एक पाउ हुने छन्दलाई गायत्री भनिन्छ । यसका प्रस्तारहरू शेषा, तिलका, विमोहा, शशिवदना, वसुमती, मन्थान, शङ्खनारी, मालती, दमनक आदि हुन् ।

**२.६.१.७ उष्णिक् :** सात अक्षरको एक पाउ हुने छन्दलाई उष्णिक् भनिन्छ । यसका प्रस्तारहरूमा चूडामणि, सुवास, शीर्षरूपक, समानिका, करहञ्चि, मदलेख, मधुमती, कुमारललिता आदि पर्दछन् ।

२.६.१.८ **अनुष्टुप्** : यसमा आठ अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तार अन्तर्गत विद्युन्माला, मल्लिका, वितान, कमल, माणवक, हंसरुत, चित्रपदा, तुङ्गा आदि छन्द पर्दछन् ।

२.६.१.९ **बृहती** : नौ अक्षरको एक पाउ हुने छन्दलाई बृहती छन्द भनिन्छ । यसका प्रस्तारहरूमा पाइत्ता, हलमुखी, भुजगाशिशुभिता, महालक्ष्मी, निम्ब, सारंगिका, कसल, तमोर, रूपमाली, मणिमध्या, भुजङ्सङ्गता आदि पर्दछन् ।

२.६.१.१० **पङ्क्ति** : यसमा दस अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तार अन्तर्गत चम्पामाला, उपस्थिता, मनोरमा, शुद्धविराट्, संयुता, सारवती, चम्पकमाला, सुषमा, अमृतगीत, पाणव, मयूरसारिणी, मत्ता, दीपकमाला, हंसी, रूपवती आदि छन्द पर्दछन् ।

२.६.१.११ **त्रिष्टुप्** : यसमा एघार अक्षरको एक पाउ हुन्छ । यसमा इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, रथोद्धता, स्वागता, शालिनी, भ्रमरविलासी, दोधक, अपरान्तिका, वातोर्मी, भद्रिका, मोक्तिकमाला, सुमुखी, दमनक, श्येनिका, वृत्ता, उपस्थित, शिखण्डित, उपचित्र, कुपुरुषजनिता, अनवसिता, विध्वङ्कमाला, सान्द्रपद, द्रुता, इन्दिरा आदि प्रस्तार पर्दछन् ।

२.६.१.१२ **जगती** : यसमा बाह्र अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारहरूमा वंशस्थ, इन्द्रवंशा, द्रुतविलम्बित, तोटक, स्रग्विणी, भुजङ्गप्रयात, कुसुमविचित्रा, तामरस, प्रमिताक्षरा, चन्द्रवर्त्म, पुट, प्रमुदितवदना, जलोद्धतगति, मौतिकदाम, प्रियवदना, मणिमाला, ललिता, महितोज्ज्वला, वैश्वदेवी, नवमालिका, मन्दाकिनी, मालती, पञ्चचामर, विद्याधर, सारङ्ग, जलधरमाला, मोदक, तरलनयन आदि पर्दछन् ।

२.६.१.१३ **अतिजगती** : तेह्र अक्षरको एक पाउ हुने छन्दलाई अतिजगती छन्द भनिन्छ । यसका प्रस्तार प्रहर्षिणी, रुचिरा, मत्तमयूर, चण्डी, नन्दिनी, दामा, सिंहनाद, कलहंस, अतिरुचिरा, तारक, कन्द, पङ्कावली, मृगेन्द्रमुख, मञ्जुभाषिणी, चन्द्रिका प्रबोधिका, चञ्चरीकावली, चन्द्ररेखा, उपस्थित, कन्दुक, प्रभावती आदि हुन् ।

२.६.१.१४ **शर्करी** : चौध अक्षरको एक पाउ हुने छन्दलाई शर्करी भनिन्छ । यसमा वसन्ततिलका, अलोला, चक्रपद, वासन्ती, असम्बाधा, अपराजिता, प्रहरणकालिका, नान्दीमुखी, इन्दुवदना आदि प्रस्तार पर्दछन् ।

२.६.१.१५ **अतिशर्करी** : यसमा पन्ध्र अक्षरको एक पाउ हुन्छ । यसमा शशिकला, मालिनी, प्रभद्रक, चन्द्रलेखा, भ्रमरावली, सारङ्गी, चामर, निशिपाल, विपिनतिलक, चित्रा, एला, मणि, गुणनिकर, लीलाखेल, तूणक, मेनका आदि प्रस्तार पर्दछन् ।

२.६.१.१६ **अष्टि** : सोह्र अक्षरको एक पाउ हुने छन्दलाई अष्टि भनिन्छ । यस अन्तर्गत, पञ्चचामर वा नाराच, वाणिनी, नील, चञ्चला, ऋषभगजलिसित, चकिता, मदनललिता, प्रवरललिता, गरुडरुता, अचलधृति, चित्र, धीरललित, अश्वगति, मणिकल्पता, ब्रह्मरूपा, वरयुक्ति आदि पर्दछन् ।

२.६.१.१७ **अत्यष्टि** : यसमा सत्र अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारहरू हुन् – शिखरिणी, पृथ्वी, मन्दाक्रान्ता, वंशपत्रपतिता, हरिणी, नर्कुटक (कुटक), हारिणी, भाराक्रान्ता, मालाधर, कोकिलक आदि ।

२.६.१.१८ **धृति** : अठार अक्षरको एक पाउ हुने छन्दलाई धृति भनिन्छ । यस अन्तर्गत चित्रलेखा, चञ्चरी, मञ्जीरा, कुसुमललिता, वेल्लिता, मन्दन, सुधा, शार्दूलललित, नाराच, हरिणीलुप्ता, भ्रमरपदक, शार्दूल, केसर, चल, महामलिका आदि प्रस्तारहरू पर्दछन् ।

२.६.१.१९ **अतिधृति** : यसमा उन्नाईस अक्षरको एक पाउ हुन्छ । यसमा शार्दूलविक्रीडित, फुल्दाम, सुरसा, छाया, शम्भु, मेघविस्फूर्जिता, चन्द्रमाला, विभु, मरन्दिका, मणिमञ्जरी, समुद्रलता आदि प्रस्तार पर्छन् ।

२.६.१.२० **कृति** : यसमा बीस अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारहरू हुन् प्रमदानना वा गीतिका, सुवदना, शोभा, मेघ, चित्र वा गण्डका, विस्फुजिकता वृत्ता आदि ।

२.६.१.२१ **प्रकृति** : एक्काईस अक्षरको एक पाउ हुने छन्दलाई प्रकृति छन्द भनिन्छ । यसका प्रस्तारहरूमा स्रग्धरा, सरसी, नरेन्द्र आदि पर्दछन् ।

**२.६.१.२२ आकृति :** यसमा बाईस अक्षरको एक पाउ हुन्छ । यसमा मदिरा, हंसी, भद्रक, लालित्य, अश्वघाटी, महास्रग्धरा आदि प्रस्तारहरू पर्दछन् ।

**२.६.१.२३ विकृति :** यसमा तेईस अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तार अन्तर्गत सुन्दरी, मत्ताक्रीडा, अद्रितनया वा अश्वललिता आदि पर्दछन् ।

**२.६.१.२४ संस्कृति :** चौबीस अक्षरको एक पाउ हुने छन्दलाई संस्कृति भनिन्छ । यसमा तन्वी, दुर्मिला, किरीट आदि प्रस्तार पर्दछन् ।

**२.६.१.२५ अतिकृति :** यसमा पच्चीस अक्षरको एक पाउ हुन्छ । यसका प्रस्तारमा क्रोञ्चपदा छन्द पर्दछ ।

**२.६.१.२६ उत्कृति :** छब्बीस अक्षरको एक पाउ हुने छन्दलाई उत्कृति छन्द भनिन्छ । यसका प्रस्तार अन्तर्गत भुजङ्गविजृम्भित र अपवाहा छन्द पर्दछन् ।

उपर्युक्त छन्द मूल नाम तथा प्रस्तारहरू समवृत्त अन्तर्गत साधारणभित्र पर्दछन् । छब्बीस अक्षरभन्दा बढी अक्षरको एक पाउ हुने छन्दलाई समवृत्त कै दण्डक भेद अन्तर्गत राखिएको पाइन्छ । २७ अक्षर र सोभन्दा बढी अक्षर तथा तोकिएका लघु, गुरु मात्रा हुने छन्द दण्डक हो (वियोगी, २०६३ : ६६) । यसका भेदका नामलाई क्रमैसँग दिइन्छ । अर्ण, अर्णव, व्याल, जीमूत, लीलाकर, उद्दाम, शंख, आराम, संग्राम, सुराम, बैकुण्ठ, सोत्कण्ठ, सार, कासार, विस्तरा, संहार, नीहार, मन्दार, केदार, साधार, सत्कार, संस्कार, माकन्द, गोविन्द, सानन्द, सन्दोह, नन्द आदि (वियोगी, २०६३ : ६६) । दण्डकमा एक पाउमा ९९९ अक्षरसम्म रहन्छन् (वियोगी, २०६३ : ६६) ।

## २.६.२ अर्द्धसमवृत्त

हरेक श्लोकमा पहिलो र तेस्रो पाउमा एकखाले र दोस्रो र चौथो पाउमा अर्कोखाले गणव्यवस्था हुने छन्दलाई अर्द्धसमवृत्त छन्द भनिन्छ (नेपाल, २०६२ : १२) । अर्द्धसमवृत्त छन्दभित्र द्रुतमध्या, आख्यानकी, पुष्पिताग्रा, उपचित्र, वेगवती, मालभारिणी, हरिणलुप्ता, भद्रविराट, अपरवक्त्र, कौमुदी, यमवती, सुन्दरी वा वियोगिनी, मञ्जुसौरभ आदि पर्दछन् ।

### २.६.३ विषमवृत्त

प्रत्येक श्लोकका चार पाउमध्ये चारै पाउमा भिन्न–भिन्न अक्षर वा गणव्यवस्था हुने छन्दलाई विषमवृत्त छन्द भनिन्छ (नेपाल, २०६२ : १२) । यस्ता खाले छन्दका कुनै पनि पाउमा अक्षरगत एकरूपता पाइँदैन । विषमवृत्त छन्द अन्तर्गत उद्‌गता, नवउद्‌गता, वर्धमान, उपस्थितप्रचुपित, सौरभक, ललित आदि छन्द पर्दछन् ।

## २.७ मात्रिक छन्द

मात्राको गणना हुने छन्दलाई मात्रिक छन्द भनिन्छ । स्वरवर्णको उच्चारणमा लाग्ने समयावधिलाई मात्रा भनिन्छ । लघु स्वरलाई एक मात्रा र दीर्घ स्वरलाई दुई मात्रा भनिन्छ । अनुस्वार र विसर्गहरूलाई आधा मात्रा माने पनि गणना गर्दा यिनीहरू अर्को सिङ्गो मात्राका रूपमा गनिन्छन् (गङ्गादास, २०२१ : ५) । मात्रिक छन्दलाई पनि समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन वर्गमा विभाजन गरिएको छ ।

### २.७.१ समवृत्त

हरेक श्लोकका चारै पाउमा समान मात्रा रहने छन्दलाई समवृत्त छन्द भनिन्छ ( ढुङ्गाना, २०६६ : ६) । यस अन्तर्गत विश्लोक, वनवासिका, चित्रा, उपचित्रा, लीलावती, रोला, पादाकुलक, चौपाई, पज्झटिका, अडिल्ला, सिंहावलोक, प्लवङ्गम, हीर, शुक्र, हरिगीता, मात्रासमक, मरठ्ठा, पद्मावती, दण्डकला, दुर्मिला, जनहरण आदि छन्दहरू पर्दछन् ।

### २.७.२ अर्द्धसमवृत्त

जसमा पहिलो र तेस्रो पाउ एक समान र दोस्रो र चौथो पाउ एक समान छन् त्यसलाई अर्द्धसमवृत्त छन्द (ढुङ्गाना, २०६६ : ६) भनिन्छ । यस अन्तर्गत चौबोला, गीति, उपगीति, द्विपदी आदि छन्द पर्दछन् ।

### २.७.३ विषमवृत्त

विषमवृत्तमा प्रत्येक पद्यका चारै पाउ परस्परमा असमान हुन्छन् (ढुङ्गाना, २०६६ : ६) । यसमा आर्या, उद्‌गीति आदि छन्दहरू पर्दछन् ।

## २.८ छन्दका संरचक घटकहरू

छन्दका आ–आफ्ना संरचक घटकहरू हुन्छन् । यिनै तत्त्वबाट छन्दको पूर्ण रूप निर्माण भएको हुन्छ । यस्ता संरचक घटकहरूको एउटा खास प्रकारको सोपानक्रम पनि हुन्छ (लुइँटेल, २०६२ : २८४) । छन्दका संरचक घटकहरू सानोदेखि ठूलोमा यसप्रकार रहेका छन् : लय → गण → यति → गति → चरण → पङ्क्तिपुञ्ज (लुइँटेल, २०६२ : २८४) । यिनै घटकहरूको प्रतिफलबाट छन्द निर्माण हुन्छ ।

### २.८.१ लय

छन्दको लय सानो संरचक घटक तत्त्व हो । हरेक छन्दमा एक प्रकारको लय हुन्छ । लयको कुनै विशेष नियम पाइँदैन (ढुङ्गाना, २०६६ : ५) । लयमा विशेष गरेर ह्रस्व र दीर्घ वर्णको उच्चारण र यतिमा ध्यान दिनु पर्छ । जस्तै :

“विवेक–रत्नाकरमा, खोजेका न्याय–मौक्तिक ।
सुवर्ण–सूत्रमा उन्दा, बने भूषण रामका ॥ (सिग्देल, २०६७ : १४७)

यहाँ यसको दीर्घ अक्षर खो, जे, का यिनलाई ह्रस्व उच्चारण गऱ्यो र सु, वि, म यिनलाई दीर्घ उच्चारण गऱ्यो भने लय पनि छन्द पनि साथसाथै भङ्ग हुन्छ । अतएव यति र उच्चारणमा ध्यान दिएर लय मिलाउनु पर्छ । छन्दमा लयको महत्त्वपूर्ण भूमिका रहेको छ । यो वर्णमात्रिक र मात्रिक दुवै छन्दमा अनिवार्य रहन्छ ।

### २.८.२ गण

अक्षरभन्दा ठूलो र पाउभन्दा सानो छान्दिक एकाइलाई गण भनिन्छ । गणले दुई वा सोभन्दा बढी अक्षरलाई जनाउँछ (लुइँटेल, २०६२ : २८४) । छन्दोबद्ध कविताका हरेक पाउमा निश्चित सङ्ख्यामा गणहरू हुन्छन् । गणहरू आठओटा छन् । ती हुन् : यगण, मगण, तगण, रगण, जगण, भगण, नगण र सगण । गणको निर्धारण गर्न ‘यमाताराजभानसलगा’ सूत्रको प्रयोग गरिन्छ । उक्त सूत्रको सुरुको अक्षरदेखि क्रमशः तीन–तीन अक्षर छुट्याउँदै र एक अक्षर निकाल्दै जाँदा एक–एक गणको निर्माण हुँदै जान्छ र अन्त्यका ल र गाले लघु (ह्रस्व) र गुरु (दीर्घ) लाई जनाउने गर्दछन् । लघुवर्णलाई ‘।’ चिह्न

र गुरुवर्णलाई 'ऽ' चिह्नले सङ्केत गरिन्छ । यिनै गणका आधारमा छन्द निर्माण हुन्छ । जस्तै : वंशस्थ छन्दको एउटा उदाहरण

| | | | |
|---|---|---|---|
| ज | त | ज | र |
| । ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । ऽ |
| सुवास | मुस्की सु | कुमार | सार छ |
| ज | त | ज | र |
| । ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । ऽ |
| प्रफुल्ल | ता बैंस | लिदो मु | हार छ |

वार्णिक छन्दमा तीनवटा आक्षरिक एकाइ मिलेर एउटा गण तयार हुन्छ भने मात्रिक छन्दमा चारवटा आक्षरिक एकाइ मिलेर एउटा गण तयार हुन्छ (शर्मा, २०४८ : ४६) । वार्णिक तथा मात्रिक छन्दका गण सङ्केत र आक्षरिक एकाइको वितरण प्रक्रियालाई यसप्रकार प्रस्तुत गरिन्छ :

**तालिका सङ्ख्या ३**

**वार्णिक र मात्रिक छन्दका गण, सङ्केत र आक्षरिक एकाइ**

| वार्णिक छन्द | | | मात्रिक छन्द | | |
|---|---|---|---|---|---|
| **गण** | **सङ्केत** | **आक्षरिक एकाइ** | **गण** | **सङ्केत** | **आक्षरिक एकाइ** |
| य | ।ऽऽ | उकालो | | | |
| म | ऽऽऽ | ओरालो | सबै गुरु | ऽऽ | सेतो |
| त | ऽऽ। | कोशीय | | | |
| र | ऽ।ऽ | कागती | | | |
| ज | ।ऽ। | जवान | मध्यगुरु | ।ऽ। | प्रशस्त |
| भ | ऽ।। | कागत | आदिगुरु | ऽ।। | शीतल |
| न | ।।। | चयन | सबै लघु | ।।।। | कतिपय |
| स | ।।ऽ | कविता | अन्त्यगुरु | ।।ऽ | रमणी |
| ल | । | अ | | | |
| गु | ऽ | आ | | | |

(लुइँटेल, २०६२ : २८५)

### २.८.३ यति

श्लोक पढ्दा ठाउँ–ठाउँमा अडिने वा विश्राम लिने प्रक्रियालाई यति भनिन्छ । पाउको कुनै ठाउँ विशेषमा विश्रामका लागि अड्नु पर्ने हुन्छ । यस्तो अड्नुपर्ने स्थिति निश्चित वर्ण या मात्रामा मात्र हुन्छ । यसरी अड्नुपर्ने प्रक्रियालाई यति वा विश्राम भनिन्छ (थापा, २०४७ : २८२) । यतिका सट्टा विच्छेद, विराम, विरति, विश्राम आदि शब्दको पनि प्रयोग गरिन्छ । यो गण वा पाउपछि आउने मौनता हो । श्रुतिमाधुर्यका लागि छन्दकवितामा यतिको प्रयोग आवश्यक मानिएको छ । यति भनेको अडिँदै अडिँदै कवितावाचनलाई अघि बढाउने प्रक्रिया हो (लुइँटेल, २०६२ : २८५) । छन्दोमञ्जरीमा यतिको स्वरूपलाई यसरी बताइएको छ ।

'यतिर्जिह्वेष्टविश्रामस्थानं कविभिरुच्यते' अर्थात् कविहरू जिब्रोले स्वेच्छापूर्वक विश्राम लिने स्थानलाई यति भन्दछन् (गङ्गादास, २०२१ : ८) । छन्दशास्त्रले तोकेका खास स्थानक्रममा यति नआई व्यतिक्रमिक भएमा त्यसलाई छन्ददोष मानिन्छ । त्यसैले छन्द कवितामा यतिको समुचित प्रयोग हुनु आवश्यक ठहर्छ ।

### २.८.४ गति

गतिमा बिना बाधा वा रोकटोक प्रवाहपूर्ण ढङ्गले नअडी कवितावाचन गरिन्छ । छन्दोबद्ध कविता पढ्दा एक प्रकारको प्रवाह हुन्छ । कविता पाठमा कुनै प्रकारको बाधा वा रोकटोक हुँदैन । यसरी कविता वाचनमा बाधा वा रोकावट नभई एक प्रकारको प्रवाह हुने स्थितिलाई गति भनिन्छ (थापा, २०४७ : २८३) । दुई यतिका बीचको अविच्छिन्न पठनलाई गति भनिन्छ । यो यतिभन्दा विपरीत प्रक्रिया हो (लुइँटेल, २०६२ : २८६) । कविताका पङ्क्तिलाई निरन्तर रूपमा अघि बढाउने प्रक्रिया नै गति हो (लुइँटेल, २०६२ : २८६) । यतिको समन्वयबाट कविता श्रुतिमधुर बन्दछ ।

### २.८.५ चरण

कुनै पद्य वा श्लोकको एक पाउ वा पङ्क्तिलाई चरण भनिन्छ । चरणले छन्दमा एउटा ढाँचाको एक आवृत्तिलाई बुझाउँछ जसको संरचनामा गति, यति, गण र ती गणका समूहको निर्माण गर्ने लयात्मक वर्णहरू रहेका हुन्छन् । छन्दमा चार पङ्क्ति हुन्छन् । पद्य वा

कविताको पङ्क्तिलाई चरण वा पाद भनिन्छ । यसलाई नेपालीमा पाउ भन्ने चलन छ । वर्ण र मात्राको निश्चित संख्या र नियमित प्रयोगको आधारमा पाउको रचना हुन्छ (थापा, २०४७ : २८१) । पाउले प्रत्येक छान्दिक ढाँचाको एक आवृत्तिलाई बुझाउँछ र यसका संरचक एकाइहरू यति, गति, गण र अक्षर हुन्छन् (लुइँटेल, २०६२ : २८५) । भाषिक एकाइका दृष्टिकोणबाट हेर्दा प्रत्येक पाउ पदसमूह उपवाक्य र वाक्यमध्ये कुनै एक तहबाट निर्मित हुन्छ (लुइँटेल, २०६२ : २८५) । चार चरणको एक छन्दोबद्ध पद्य वा श्लोकको निर्माण हुन्छ । उदाहरणका रूपमा मन्दाक्रान्ता छन्दको एक चरणको संरचनात्मक ढाँचा यसरी प्रस्तुत गरिन्छ :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मगण | भगण | नगण | तगण | तगण | गुरु | गुरु |
| ऽऽऽ | ऽ॥ | ||| | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

## २.८.६ पङ्क्तिपुञ्ज

छान्दिक संरचनामा पाउभन्दा माथिल्लो अर्थात् सबैभन्दा ठूलो एकाइलाई पङ्क्तिपुञ्ज (श्लोक) भनिन्छ (लुइँटेल, २०६२ : २८५) । छन्दमा एउटा पङ्क्तिपुञ्जको निर्माण चरणहरूले गर्दछन् । प्रत्येक पङ्क्तिपुञ्जको निर्माण सम, अर्द्धसम र विषम पुनरावृत्तिमध्ये कुनैको पुनरावृत्ति भई दुई, चार वा सोभन्दा बढी चरणबाट हुन्छ (लुइँटेल, २०६२ : २८५) । सम, अर्द्धसम, विषममध्ये जस्तो पुनरावृत्ति भए पनि छन्दको एउटा संरचनामा निर्माण हुन कम्तीमा एक पङ्क्तिपुञ्ज हुन आवश्यक हुन्छ । यस्ता संरचनात्मक ढाँचालाई निम्नलिखित तरिकाले देखाउन सकिन्छ :

**(क) समपङ्क्तिपुञ्ज हुने छन्द 'शार्दूलविक्रीडित' को संरचनात्मक ढाँचा**

**तालिका सङ्ख्या ४**

**समपङ्क्तिपुञ्ज**

| गण | म | स | ज | स | त | त | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ॥ ऽ | ।ऽ। | ॥ ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| गण | म | स | ज | स | त | त | गुरु |
| सङ्केत | ऽऽऽ | ॥ ऽ | ।ऽ। | ॥ ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| गण | म | स | ज | स | त | त | गुरु |
| सङ्केत | ऽऽऽ | ॥ ऽ | ।ऽ। | ॥ ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| गण | म | स | ज | स | त | त | गुरु |
| सङ्केत | ऽऽऽ | ॥ ऽ | ।ऽ। | ॥ ऽ | ऽऽ। | ऽऽ। | ऽ |

माथिको संरचनात्मक ढाँचाबाट शार्दूलविक्रीडित छन्दका चारवटै चरणमा समान अक्षर रहने हुँदा यो समवृत्त छन्द हो ।

### (ख) अर्द्धसमपङ्क्तिपुञ्ज हुने छन्द 'पुष्पिताग्रा' को संरचनात्मक ढाँचा

**तालिका सङ्ख्या ५**

**अर्द्धसमपङ्क्तिपुञ्ज**

| गण | न | न | र | य | पहिलो चरण |
|---|---|---|---|---|---|
| सङ्केत | ॥। | ॥। | ऽ।ऽ | ।ऽऽ | |
| गण | न | ज | ज | र | दोस्रो चरण |
| सङ्केत | ॥। | ।ऽ। | ।ऽ। | ऽ।ऽ | |
| गण | न | न | र | य | तेस्रो चरण |
| सङ्केत | ॥। | ॥। | ऽ।ऽ | ।ऽऽ | |
| गण | न | ज | ज | र | चौथो चरण |
| सङ्केत | ॥। | ।ऽ। | ।ऽ। | ऽ।ऽ | |

उक्त संरचनात्मक ढाँचाबाट पुष्पिताग्रा छन्दका पहिलो र तेस्रो पाउ समान रहेका छन् भने दोस्रो र चौथो पाउ समान रहेका छन् । त्यसैले यो अर्द्धसमवृत्त छन्द हो भन्ने प्रष्ट हुन्छ ।

### (ग) विषमपङ्क्तिपुञ्ज हुने छन्द 'उद्‌गता' को संरचनात्मक ढाँचा

**तालिका सङ्ख्या ६**

**विषमपङ्क्तिपुञ्ज**

| गण | स | ज | स | लघु | | पहिलो चरण |
|---|---|---|---|---|---|---|
| सङ्केत | ॥ऽ | ।ऽ। | ॥ऽ | । | | |
| गण | न | स | ज | गुरु | | दोस्रो चरण |
| सङ्केत | ॥। | ॥ऽ | ।ऽ। | ऽ | | |
| गण | भ | न | भ | | गुरु | तेस्रो चरण |
| सङ्केत | ऽ॥ | ॥। | ऽ॥ | | ऽ | |
| गण | स | ज | स | ज | गुरु | चौथो चरण |
| सङ्केत | ॥ऽ | ।ऽ। | ॥ऽ | ।ऽ। | ऽ | |

उक्त संरचनात्मक ढाँचाबाट 'उद्‌गता' छन्दका प्रत्येक पाउमा फरक–फरक गणहरू रहेका छन् । त्यसैले यो विषमवृत्त छन्द हो भन्ने कुरा प्रष्ट हुन्छ ।

## २.९ नेपाली साहित्यमा प्रचलित प्रमुख छन्दहरू

नेपाली साहित्यमा वार्णिक र मात्रिक दुवै छन्द प्रयोग भएका छन् । वार्णिक भित्र समवृत्त, अर्द्धसमवृत्त र विषयमवृत्त गरी तीनै प्रकारका छन्दहरूको प्रयोग भएको पाइन्छ । मात्रिक छन्दका पनि समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त छन्दहरूको प्रयोग भएका छन् । यहाँ यिनै भेदलाई मध्यनजर गर्दै केही नेपाली साहित्यमा विशेष प्रचलित छन्दहरूको उल्लेख गरिएको छ । यहाँ औच्चार्य रूप, गति, यति, लय र गणव्यवस्था अनुसार अध्ययन गरिएको छ ।

### २.९.१ वार्णिक समवृत्त छन्द

#### २.९.१.१ शशिवदना

| | | |
|---|---|---|
| गण | न | य |
| सङ्केत | ।।। | ।ऽऽ |

शशिवदना न्यौ । (ढकाल, २०६७ : २८०) ।

नगण र यगण भएको छ अक्षरको एक पाउ हुने छन्दलाई शशिवदना भनिन्छ । यसको तीन–तीन अक्षरमा विश्राम हुन्छ । जस्तै :

मनकि/# न दङ्ग #
।।।　　।ऽऽ
सुवच/# न भङ्ग/#
।।।　　।ऽऽ
बन न/ # चनाखो /#
।।।　　।ऽऽ
रसिक/ # पनाको / # (वियोगी, २०६३ : ५)
।।।　　।ऽऽ

### २.९.१.२ विद्युल्लेखा

गण म म

सङ्केत ऽऽऽ ऽऽऽ

विद्युल्लेखा मो मः । (ढकाल, २०६७ : २८०)

दुवै मगण हुने छ अक्षरको एक पाउ हुने छन्द विद्युल्लेखा हो । यसमा चार अक्षरमा छोटो विश्राम हुन्छ । यो छन्द विप्रलम्भ शृङ्गारमा बढी उपयोगी देखिन्छ । जस्तै :

बाटो हे/री # बस्‌ता/#

ऽ ऽ ऽ ऽ ऽ ऽ

देखी विद्/युल् # लेखा/#

ऽ ऽ ऽ ऽ ऽ ऽ

आँखा छो/पी # खाली/#

ऽ ऽ ऽ ऽ ऽ ऽ

रुन्‌छिन् हो/ला # प्यारी/#

ऽ ऽ ऽ ऽ ऽ ऽ (ढकाल, २०६७ : २८१)

### २.९.१.३ मदलेखा

म्सौ गः स्यान्मदलेखा । (गङ्गादास, २०२१ : २०)

गण म स गुरु

सङ्केत ऽऽऽ ।।ऽ ऽ

मगण सगण र अन्त्यमा गुरु हुने सात अक्षरको छन्दलाई मदलेखा भनिन्छ । यसमा तीन वा चार अक्षरमा विश्राम हुन्छ । जस्तै :

प्रेमीको/ # तनको/त्यो #

ऽ ऽ ऽ । । ऽ ऽ

आगो हे/ # र छ कस्/तो #

ऽ ऽ ऽ । । ऽ ऽ

टाढामा/# मन पोल्/ने #

ऽ ऽ ऽ । । ऽ ऽ

छोए शी/# तल गर्/ने #

ऽ ऽ ऽ   । । ऽ ऽ   (ढुङ्गाना, २०६६ : २९)

### २.९.१.४ शीर्षरूपक

सातै मात्रा छन् दीर्घ ।

मामागा आए शीर्ष ॥ (नेपाल, २०६२ : १७)

| | | | |
|---|---|---|---|
| गण | म | म | गुरु |
| सङ्केत | ऽऽऽ | ऽऽऽ | ऽ |

दुई मगण र एक गुरु भएको सात अक्षर हुने छन्दलाई शीर्षरूपक भनिन्छ । यसको ४ अक्षरमा विराम हुन्छ । जस्तै :

माया मा/या # भन्दै/छौं/#

ऽ ऽ ऽ ऽ   ऽ ऽ ऽ

छोरा छो/री # भुल्दै/छौं/#

ऽ ऽ ऽ ऽ   ऽ ऽ ऽ

के हो चा/ला # माला/यो/ #

ऽ ऽ ऽ ऽ   ऽ ऽ ऽ

मार्‍यौं आ/शा # भोली/को/ #

ऽ ऽ ऽ ऽ   ऽ ऽ ऽ   (वियोगी, २०६३ : ७)

### २.९.१.५ विद्युन्माला

मो मो गो गो विद्युन्माला (ढकाल, २०६७ : २८१)

| | | | | |
|---|---|---|---|---|
| गण | म | म | गुरु | गुरु |
| सङ्केत | ऽऽऽ | ऽऽऽ | ऽ | ऽ |

दुई मगण र दुई गुरु अर्थात् आठ अक्षरमा सबै दीर्घ हुने छन्दलाई विद्युन्माला भनिन्छ । यसको चार अक्षरमा छोटो यति हुन्छ । जस्तै :

गोर्खाली/की # विद्युन्/माला #

ऽ ऽ ऽ ऽ   ऽ ऽ   ऽ ऽ

नाच्छिन् देख्/छौ # डाँडै/डाँडा #

ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ

वर्षा गर्/छिन् # खानै/दिन्छिन् #

ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ

ढीडो पी/ठो # मीठो/रोटो #

ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ ऽ (शर्मा, २०२३ : २५)

### २.९.१.६ चित्रपदा

| गण | भ | भ | गुरु | गुरु |
|---|---|---|---|---|
| सङ्केत | ऽ।। | ऽ।। | ऽ | ऽ |

दुई भगण र अन्तमा दुई गुरु हुने आठ अक्षरको छन्दलाई चित्रपदा भनिन्छ । यसमा पाँच अक्षरपछि विराम हुन्छ । जस्तै :

चित्रप/देअ # ब/आऊ #

ऽ । । ऽ । । ऽ ऽ

लौ जन/नी गु # ण/गाऊ #

ऽ ।। ऽ । । ऽऽ

निर्मल/हौं म # ल/धोई #

ऽ । । ऽ । । ऽऽ

भाव न/दी स # र/साँऊँ #

ऽ। । ऽ । । ऽ ऽ (शर्मा, २०२३ : २५)

### २.९.१.७ माणवक

भात्तलगा माणवकम् । (गङ्गादास, २०२१ : २१)

| गण | भ | त | लघु | गुरु |
|---|---|---|---|---|
| सङ्केत | ऽ।। | ऽऽ। | । | ऽ |

भगण, तगण र अन्त्यमा एक लघु र एक गुरु हुने छन्दलाई माणवक भनिन्छ । यसको चार अक्षरमा यति हुन्छ । जस्तै :

जीवन/मा # यौव/न को #

ऽ।। ऽ  ऽ।  । ऽ

आदर/मा # भुल्द/छ को #

ऽ।।  ऽ  ऽ ।  । ऽ

बग्दछ/त्यो # आँट/धरी #

ऽ । । ऽ  ऽ । ।ऽ

सुन्दर/ता # भङ्ग/गरी #

ऽ ।। ऽ  ऽ ।  ।ऽ

(वियोगी, २०६३ : ९)

## २.९.१.८ समानिका

'राजगाल' बन्छ गीत

भो 'समानिका' त मीत । (नेपाल, २०६२ : २४)

| गण | र | ज | गुरु | लघु |
|---|---|---|---|---|
| सङ्केत | ऽ।ऽ | ।ऽ। | ऽ | । |

एक रगण, एक जगण र अन्तका दुई अक्षर गुरु र लघु भएको आठ अक्षरको छन्द समानिका हो । यसलाई मल्लिका पनि भनेको पाइन्छ । यसको चार अक्षरमा यति हुन्छ । जस्तै :

के छ सो/ख ? # चित्त/शान्ति #

ऽ । ऽ ।  ऽ । ऽ ।

दुःख भन्/नु # के छ ?/श्रान्ति #

ऽ।  ऽ  ।  ऽ ।  ऽ ।

श्री भनिन्/छ # सत्य/कान्ति #

ऽ  । ऽ  ।  ऽ ।  ऽ ।

कालकू/ट # हो अ/शान्ति #

ऽ। ऽ ।  ऽ ।  ऽ ।  (ढुङ्गाना, २०६६ : ३०)

## २.९.१.९ प्रमाणिका

प्रमाणिका जरौ लगौ । (ढकाल, २०६७ : २८२)

| | | | | |
|---|---|---|---|---|
| गण | ज | र | लघु | गुरु |
| सङ्केत | ।ऽ। | ऽ।ऽ | । | ऽ |

जुन छन्दका चारै चरणमा क्रमैले जगण, रगण, लघुवर्ण र गुरुवर्ण हुन्छन् त्यो प्रमाणिका छन्द हो । यसको पाँच अक्षरमा विराम हुन्छ । जस्तै :

प्रभात/को प्र # वा/वले #

। ऽ । ऽ । ऽ । ऽ

प्रबुद्ध/वृक्छ # पा/तले #

। ऽ । ऽ । ऽ । ऽ

नजीक/आउ # भन्/दथे #

। ऽ । ऽ । ऽ । ऽ

सुभाष/शब्द # बन्/दथे #

। ऽ । ऽ । ऽ । ऽ (देवकोटा, २०६७ : २६६)

### २.९.१.१० मणिमध्या

हो मणिमध्य बालसखा

यी गण आएमा भमसा (नेपाल, २०६२ : २४)

| | | | |
|---|---|---|---|
| गण | भ | म | स |
| सङ्केत | ऽ।। | ऽऽऽ | ।।ऽ |

भगण, मगण र सगण हुने नौ अक्षरको छन्दलाई मणिमध्या भनिन्छ । यसको पाँच अक्षरमा विश्राम हुन्छ । यो करुणरसयुक्त कोमल पदावली तथा विप्रलम्भ शृङ्गारमा सुहाउँछ । जस्तै :

बान्धव/हो लो # ती/टपरा/#

ऽ । । ऽ ऽ ऽ । । ऽ

टक्टक/पार्दा # वा/द बडा/#

ऽ । । ऽ ऽ ऽ । । ऽ

चट्ट छि/नाल्ने # योग्/य भई/#

ऽ । । ऽ ऽ ऽ । । ऽ

टक्टक/पारे # हुन्/छ मजा/#

ऽ । । ऽ ऽ ऽ । । ऽ (शर्मा, २०२३ : २७)

### २.९.१.११ भुजङ्सङ्गता

सजरैर्भुजङ्गसङ्गता । (गङ्गादास, २०२१ : २७)

| | | | |
|---|---|---|---|
| गण | स | ज | र |
| सङ्केत | ।।ऽ | ।ऽ। | ऽ।ऽ |

सगण, जगण र रगणले युक्त नौ अक्षरको छन्दलाई भुजङ्गसङ्गता भनिन्छ । यसको अघिल्ला तीन अक्षरपछि विश्राम हुन्छ । जस्तै :

मनमा/# अनन्त/भावना/#

।।ऽ । ऽ । ऽ।ऽ

तनमा/# ज्वलन्त/साधना/#

। ।ऽ । ऽ । ऽ ।ऽ

जब शङ्/# ख घोष/गुन्जियो/ #

। । ऽ ।ऽ । ऽ । ऽ

तब छन्/# द नाद/फैलियो/ #

। । ऽ । ऽ। ऽ।ऽ (नेपाल, २०६२ : २६)

### २.९.१.१२ रूक्मवती

रूक्मवती सा यत्र भमस्गाः । (गङ्गादास, २०२१ : २९)

| | | | | |
|---|---|---|---|---|
| गण | भ | म | स | गुरु |
| सङ्केत | ऽ।। | ऽऽऽ | ।।ऽ | ऽ |

भगण, मगण, सगण र अन्तमा गुरु हुने दस अक्षरको छन्दलाई रूक्मवती भनिन्छ । यसको प्रत्येक चरणको पाँच अक्षरमा यति हुन्छ । जस्तै :

फुल्दछ/ढुङ्गा # भा/व भए/मा #

ऽ । । ऽ ऽ ऽ । ।ऽ ऽ

गाउँछ/माटो # ता/ल रहे/मा #

ऽ । । ऽ ऽ   ऽ  । । ऽ ऽ

लक्छ्य पु/गेरै # छाड्/दछ छा/ल #

ऽ  । ।  ऽऽ   ऽ  । । ऽ ऽ

आँट ब/ढेमा # भाग्/दछ का/ल #

ऽ । । ऽ ऽ  ऽ   । । ऽ ऽ   (नेपाल, २०६२ : २७)

### २.९.१.१३ इन्द्रवज्रा

| | | | | | |
|---|---|---|---|---|---|
| गण | त | त | ज | गुरु | गुरु |
| सङ्केत | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |

स्यादिन्द्रवज्रा यदि तौ जगौ गः (ढकाल, २०६७ : २८२)

दुई तगण, एक जगण र अन्त्यमा दुई गुरु हुने एघार अक्षरको छन्दलाई इन्द्रवज्रा भनिन्छ। यसको पाँच अक्षरपछि यति हुन्छ। जस्तै :

धर्ती भ/यो दस् # कृ/ति पूर्ण/आज #

ऽ ऽ । ऽ ऽ   । । ऽ । ऽ ऽ

वैषम्य/ले युक् # त/भयो स/माज #

ऽ ऽ । ऽ ऽ   । । ऽ । ऽऽ

साह्रै भ/यो क्रू # र/मनुस्य/जाति #

ऽऽ  । ऽ ऽ   । । ऽ । ऽ ऽ

हिँड्दो छ/दुर्भा # व/लिएर/माती #

ऽ ऽ  । ऽ  ऽ   ।  । ऽ । ऽ ऽ

(विनोदी, २०५९ : २७)

### २.९.१.१४ उपेन्द्रवज्रा

| | | | | | |
|---|---|---|---|---|---|
| गण | ज | त | ज | गुरु | गुरु |
| सङ्केत | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |

उपेन्द्रवज्रा तँ जताजगागा (विनोदी, २०५९ : २८)

जगण, तगण, जगण र अन्त्यमा दुई गुरु हुने एघार अक्षरको छन्दलाई उपेन्द्रवज्रा भनिन्छ। यसको पाँच अक्षरपछि विश्राम हुन्छ। जस्तै :

तथापि / बन्दै # वि / परीत / ठीक #

। ऽ । ऽ ऽ । ।ऽ। ऽ ऽ

सुपुस्प / यी जी # व / नका प्र / तीक #

। ऽ। ऽ ऽ । । ऽ । ऽ ऽ

सखाप / पार्‍यो # क / सले चुँ / डेर ? #

। ऽ । ऽ ऽ । ।ऽ । ऽऽ

नफक्रिँ / दै रङ् # ग / गयो उ / डेर #

। ऽ । ऽ ऽ । । ऽ । ऽऽ (विनोदी, २०५९ : २८)

### २.९.१.१५ उपजाति

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गण | ज | त | ज | गुरु | गुरु | + | त | त | ज | गुरु | गुरु |
| सङ्केत | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ | | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |

उपेन्द्रवज्रा अनि इन्द्रवज्रा मिल्दा दुवै त्यो उपजाति हुन्छ ।

(विनोदी, २०५९ : २९)

इन्द्रवज्रा छन्द र उपेन्द्रवज्रा छन्द मिलेर उपजाति छन्दको निर्माण हुन्छ । यसको पनि पाँच वा छ अक्षरमा विराम हुने गर्दछ । जस्तै :

राम्री न / राम्री # ठि / क वा अ / ठीक #

ऽ ऽ । ऽ ऽ । । ऽ । ऽऽ

उराठ / लाग्दी # अ / थवा र / सीक #

। ऽ । ऽ ऽ । ।ऽ । ऽ ऽ

जान्ने न / जान्ने # जु / न जेसु / कै हौ #

ऽ ऽ । ऽ ऽ । । ऽ। ऽ ऽ

तिमी त / मेरै # मु / टुकी टु / सा हौ #

। ऽ । ऽ ऽ । । ऽ । ऽ ऽ (वियोगी, २०५३ : १६)

### २.९.१.१६ स्वागता

| | | | | | |
|---|---|---|---|---|---|
| गण | र | न | भ | गुरु | गुरु |
| सङ्केत | ऽ।ऽ | ।।। | ऽ।। | ऽ | ऽ |

स्वागता रनभगैर्गुरुणा च । (गङ्गादास, २०२१ : ४१)

स्वागता छन्दमा रगण, नगण, भगण र अन्त्यमा दुई अक्षर गुरु हुन्छन् । यसको सात अक्षरपछि विश्राम हुन्छ । जस्तै :

रामचन्/र अब/तीर् # ण हुँ/दामा #
ऽ । ऽ । ।। ऽ । । ऽ ऽ
कान्ति शान्/ति भरि/ए # जन/तामा #
ऽ । ऽ । । । ऽ ।। ऽ ऽ
अन्धका/र मन/को # पनि/भाग्यो #
ऽ । ऽ । ।। ऽ ।। ऽ ऽ
हर्सको/उदधि/उर् # लन/लाग्यो #
ऽ । ऽ ।।। ऽ । । ऽ ऽ (सिग्देल, २०६७ : ११)

**२.९.१.१७ रथोद्धता**

| गण | र | न | र | लघु | गुरु |
|---|---|---|---|---|---|
| सङ्केत | ऽ।ऽ | ।।। | ऽ।ऽ | । | ऽ |

तीनमा अडिनु सातमा तथा ।
रानरालगु भए रथोद्धता ॥

(नेपाल, २०६२ : ३५)

एघार अक्षर हुने रथोद्धता छन्द रगण, नगण, रगण र अन्त्यका दुई वर्ण लघु र गुरुले सजिएको हुन्छ । यसको तीन अक्षर र सात अक्षरमा विराम हुन्छ । जस्तै :

एक छन्/# बगल/मा # प्रियम्/वदा #
ऽ। ऽ ।।। ऽ । ऽ ।ऽ
मिस्ट भा/ # षण मु/हा # रकी/सुधा #
ऽ । ऽ ।। । ऽ । ऽ ।ऽ
चारु चा/# ल चप/ला # यता/जुदा #
ऽ । ऽ । । । ऽ । ऽ । ऽ

चारु छन्/# तरुण/भा # ववै/भवा #

ऽ । ऽ । ।। ऽ ।ऽ । ऽ

(देवकोटा, २०६७ : ११९)

### २.९.१.१८ शालिनी

| | | | | | |
|---|---|---|---|---|---|
| गण | म | त | त | गुरु | गुरु |
| सङ्केत | ऽऽऽ | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

मकारले पर दुवै तकार गुरु जोर हुन् ।
चारौँ सातौँ यति गरे शालिनी गुरु भन्दछन् ॥

(शर्मा, २०२३ : ३१)

एउटा मगण, दुई तगण तथा अन्त्यका दुवै वर्ण गुरु हुने छन्दलाई शालिनी भनिन्छ । यसमा चारौँ र सातौँ अक्षरमा विराम हुन्छ । जस्तै :

राजामा/भो # आदि/को # वेद/वाणी #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ। ऽ ऽ

स्मार्तव् व्या/ख्या # बन्न/गो # मन्त्रि/वाक्य #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

चाली लो/का # चार/मू # लानु/कूल #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

शोभा दिन्/थ्यो # राम/को # राज/धर्म #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

(सिग्देल, २०६७ : १४५)

### २.९.१.१९ दोधक

| | | | | | |
|---|---|---|---|---|---|
| गण | भ | भ | भ | गुरु | गुरु |
| सङ्केत | ऽ।। | ऽ।। | ऽ।। | ऽ | ऽ |

दोधकमिच्छति भत्रितयाद् गौ । (गङ्गादास, २०२१ : ४२)

जुन छन्दमा तीनवटै भगण र अन्त्यमा दुई दीर्घ वर्ण भई तीन र छ अक्षरमा विश्राम हुने एघार अक्षरीय संरचना भएको छन्दलाई दोधक भनिन्छ। जस्तै :

आसक/# को फुल/# फुल्दछ/जस्मा #

ऽ । ।   ऽ । ।   ऽ । ।   ऽ ऽ

कन्टक/# नै परि/# पूर्ण छ/त्यस्मा #

ऽ । ।   ऽ । ।   ऽ । ।   ऽ ऽ

चन्दन/# वृक्छ भ/# री सब/सर्प #

ऽ । ।   ऽ । ।   ऽ । ।   ऽ ऽ

हुन्छ ट/# नाटन/# नित्य स/दर्प #

ऽ । ।   ऽ । ।   ऽ । ।   ऽ ऽ   (शर्मा, २०२३ : ४२)

### २.९.१.२० भुजङ्गप्रयात

| | | | | |
|---|---|---|---|---|
| गण | य | य | य | य |
| सङ्केत | ।ऽऽ | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

भुजङ्गप्रयातं चतुभिर्यकारैः (गङ्गादास, २०२१ : ५०)

चारओटा यगण हुने बाह्र अक्षरीय संरचना हुने छन्दलाई भुजङ्गप्रयात भनिन्छ। छ अक्षरमा विराम हुने यो छन्द जगती भेद अन्तर्गत पर्दछ। जस्तै :

थियो भव्/य शोभा/# वसन्ती/निशाको/ #

। ऽ ऽ   । ऽ ऽ   । ऽ ऽ । ऽ ऽ

सुगन्धी/थियो दे/ # ह सारा/दिशाको/ #

। ऽ ऽ   । ऽ ऽ   । ऽ ऽ । ऽ ऽ

सफा कीर्/ति जस्तो/ # जुनेली/प्रभाले/ #

। ऽ ऽ   ।   ऽ ऽ   । ऽ ऽ । ऽ ऽ

सुधा स्रो/त वर्सा/# गरी भर्/न थाले/ #

। ऽ ऽ   । ऽ ऽ   । ऽ ऽ । ऽ ऽ   (सिग्देल, २०६७ : १३४)

### २.९.१.२१ स्रग्विणी

गण   र   र   र   र

सङ्केत SIS SIS SIS SIS

छन् र चारै भने छन्द हो स्रग्विणी । (विनोदी, २०५९ : ३६)

बाह्र अक्षर हुने स्रग्विणी छन्दमा चारओटै रगण हुन्छन् र प्रत्येक तीन–तीन अक्षरमा विश्राम हुन्छ । जस्तै :

रामको/ # धर्म नै/# कामको/ # मर्म भो/ #

ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ।ऽ

धामको/ # दीप भो/ # यामको/ # सीप भो/ #

ऽ । ऽ ऽ। ऽ ऽ । ऽ ऽ । ऽ

नीतिको/ # जीव भो/ # प्रीतिको/ # नीव भो/ #

ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ

भीतिको/ # हेतु भो/ # रीतिको/ # सेतु भो/ #

ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ

(सिग्देल, २०६७ : १४३)

### २.९.१.२२ तोटक

गण स स स स

सङ्केत IIS IIS IIS IIS

वद तोटकमब्धिसकारयुत्तम् । (गङ्गादास, २०२१ : ५०)

चारवटै सगण हुने बाह्र अक्षरको छन्दलाई तोटक भनिन्छ । यसमा तीन–तीन अक्षरमा यति हुन्छ । यो त्रिष्टुप् भेद अन्तर्गत पर्दछ । जस्तै :

बल के?/ # सिप कौ/# शलको/ # फल हो/ #

। । ऽ । । ऽ । । ऽ । ।ऽ

मदिरा/# पिउने/ # नरको/ # तम हो/ #

। । ऽ । ।ऽ ।।ऽ । । ऽ

धनका/# वशका/# जनको/ # शर हो/ #

। । ऽ ।। ऽ । ।ऽ । । ऽ

जनशो/ # षक ना/# सक दा/# रुण हो/ #

। । ऽ । । ऽ । । ऽ । । ऽ

(वियोगी, २०६३ : २७)

### २.९.१.२३ कुसुमविचित्रा

| | | | | |
|---|---|---|---|---|
| गण | न | य | न | य |
| सङ्केत | ।।। | ।ऽऽ | ।।। | ।ऽऽ |

'नयनय' आए 'कुसुमविचित्रा' । (नेपाल, २०६२ : ४३)

नगण, यगण, नगण र यगण भई बाह्र अक्षर हुने छन्दलाई कुसुमविचित्रा छन्द भनिन्छ । यसलाई ललितलता छन्द पनि भनिन्छ । यसको छ अक्षरमा यति हुन्छ । जस्तै :

कुसुमि/त गोपी/# वन ल/हराको/ #

। । । । ऽ ऽ । । । । ऽ ऽ

मधुर/स लोभी/# मधुक/र ! प्यारो !/#

। ।। । ऽ ऽ ।।। । ऽ ऽ

विकसि/त मेरो/ # मन न/लिनी यो/ #

। । । । ऽ ऽ । । । । ऽ ऽ

बसन/यसैमा/# मुरह/र ! प्यारे !/#

। । ।।ऽऽ ।।। । ऽ ऽ (ढुङ्गाना, २०६६ : ४७)

### २.९.१.२४ वंशस्थ

| | | | | |
|---|---|---|---|---|
| गण | ज | त | ज | र |
| सङ्केत | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ |

वदन्ति वंशस्थबिलं जतौ जरौ । (गङ्गादास, २०२१ : ४८)

जगण, तगण, जगण र रगण मिलेर बनेको बाह्र अक्षरीय संरचना भएको छन्दलाई वंशस्थ भनिन्छ । यसको पाँच अक्षरमा विराम हुन्छ । जस्तै :

अडेर/हाँगा # ह/रुमा ह/रा भरा/#

।ऽ। ऽ ऽ । । ऽ। ऽ ।ऽ

फुलेर/झुल्छन् # ल/हरा ह/रू हरा/#

।ऽ। ऽ ऽ । । ऽ।ऽ । ऽ

नसा क/लेजा # छ/र पात/मन्जुल/#

। ऽ । ऽ ऽ । । ऽ। ऽ ।ऽ

सुरेख/चिल्ला # छ/रिता फ/रासिला/#

।ऽ । ऽ ऽ । । ऽ । ऽ । ऽ (देवकोटा, २०६७ : ११२)

## २.९.१.२५ इन्द्रवंशा

| | | | | |
|---|---|---|---|---|
| गण | त | त | ज | र |
| सङ्केत | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ |

तँ इन्द्रवंशा ततजार मा रमा । (विनोदी, २०५९ : ३८)

तगण, तगण, जगण र रगण भई पाँच वा सात अक्षरमा विराम हुने छन्दलाई इन्द्रवंशा छन्द भनिन्छ । जस्तै :

रक्छाग/री निर् # म/ल वर्ण/धर्मको/ #

ऽ ऽ । ऽ ऽ । । ऽ / ऽ। ऽ

कक्छा च/ढी आस् # र/म पुन्य/कर्मको/ #

ऽ ऽ । ऽ ऽ । । ऽ / ऽ । ऽ

गार्हस्थ्य/भो भू # प/तिको त्रि/वर्गको/ #

ऽ ऽ । ऽ ऽ । ।ऽ । ऽ । ऽ

आधार/बाधा # ह/र लोक/सर्गको/ #

ऽऽ । ऽ ऽ । । ऽऽ/ऽ । ऽ (सिग्देल, २०६७ : १३)

## २.९.१.२६ द्रुतविलम्बित

| | | | | |
|---|---|---|---|---|
| गण | न | भ | भ | र |
| सङ्केत | ।।। | ऽ।। | ऽ।। | ऽ।ऽ |

द्रुतविलम्बित माह नभौ भरौ । (गङ्गादास, २०२१ : ५३)

नगण, भगण, भगण र रगण हुने बाह्र अक्षर संरचनामा संरचित चार र सात अक्षरमा विश्राम हुने छन्दलाई द्रुतविलम्बित छन्द भनिन्छ । जस्तै :

उदय/भो # अब/सन् # त व/सन्तको/ #

। । । ऽ । । ऽ । । ऽ । ऽ

प्रकट/भो # छवि/चित् # रवि/चित्रको/ #

। । । ऽ । । ऽ । । ऽ । ऽ

कम भ/यो # बल/शी # तल/शीतको/ #

। । । ऽ । । ऽ । । ऽ । ऽ

रुचिर/भो # अनि/सर् # ग नि/सर्गको/ #

।।। ऽ । । ऽ । । ऽ ।ऽ (सिग्देल, २०६७ : ७६)

### २.९.१.२७ प्रमिताक्षरा

| | | | | |
|---|---|---|---|---|
| गण | स | ज | स | स |
| सङ्केत | ।।ऽ | ।ऽ। | ।।ऽ | ।।ऽ |

पहिलो सकार अनि होस् ज जहाँ स दुवै धरी सखि !

बुझे मनमा प्रमिताक्षरा । (शर्मा, २०२३ : ३६)

सगण, जगण र अन्त्यका दुवै सगण हुने बाह्र अक्षरको छन्दलाई प्रमिताक्षरा भनिन्छ । यसमा पाँच अक्षरपछि छोटो विराम हुन्छ । जस्तै :

यदि जी/वने # श/जगमा/छ कुनै/#

। । ऽ । ऽ । । ।ऽ । । ऽ

सहसा/रिझा # उ/नुपरे/बुझयै/#

। । ऽ । ऽ । ।।ऽ ।।ऽ

प्रमिता/क्षरी # ब/न नबिर्/सिनु है/#

। । ऽ । ऽ । । । ऽ । । ऽ

सखि ! रु/पयौ # व/न विका/म सबै/#

। । ऽ । ऽ । । । ऽ । । ऽ (शर्मा, २०२३ : ३६)

### २.९.१.२८ प्रहर्षिणी

| | | | | | |
|---|---|---|---|---|---|
| गण | म | न | ज | र | गुरु |
| सङ्केत | ऽऽऽ | ।।। | ।ऽ। | ऽ।ऽ | ऽ |

छन्दै यो मनजरगा प्रहर्षिणी हो । (विनोदी, २०५९ : ४१)

मगण, नगण, जगण, रगण र अन्त्य वर्ण गुरु हुने तेह्र अक्षरीय संरचना भएको छन्दलाई प्रहर्षिणी भनिन्छ । यसको तीन र छ अक्षरमा विराम हुन्छ । जस्तै :

के होला/# सुखक/# र मित्र्/ला भजस्/तो #

ऽ ऽ ऽ ।। । । ऽ । ऽ । ऽ ऽ

को होला/# अरु हृ/# दयाव/लम्बयस्/तो #

ऽ ऽऽ । । । ।ऽ। ऽ । ऽ ऽ

प्रेमीको/ # दिल दि/ल साथ/जोडिँदा/मा #

ऽ ऽ ऽ । । । । ऽ। ऽ। ऽ ऽ

आत्माको/ # बल ड/# बलिन्छ/एकता/मा #

ऽ ऽ ऽ । । । । ऽ । ऽ । ऽ ऽ (सिग्देल, २०६७ : ८५)

## २.९.१.२९ मत्तमयूर

| गण | म | त | य | स | गुरु |
|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ऽऽ। | ।ऽऽ | ।।ऽ | ऽ |

वेदै रन्ध्रैम्तनौ यसगा मत्तमयूरम् । (गङ्गादास, २०२१ : ६४)

मगण, तगण, यगण, सगण र अन्त्य वर्ण गुरु भई तेह्र अक्षरको संरचना हुने छन्दलाई मत्तमयूर भनिन्छ । यसको चार, नौ र तेह्र अक्षरमा यति हुन्छ । जस्तै :

जम्मा पा/री # वीर/हरूको/ # दल भा/री #

ऽ ऽ ऽ ऽ ऽ। ।ऽऽ । । ऽ ऽ

शिक्छा गर्/दै # अस्त्र/हरूले/ # ठट पा/री #

ऽ ऽ ऽ ऽ ऽ । ।ऽऽ ।। ऽ ऽ

लङ्कातर्/फक् # क्रोध/भरी दृस्/# टि उघा/री #

ऽ ऽ ऽ ऽ ऽ । । ऽऽ । । ऽ ऽ

यात्राला/ई # गर्नु/भयो पुर्/# ण तया/री #

ऽ ऽ ऽ ऽ ऽ । ।ऽ ऽ । ।ऽ ऽ (सिग्देल, २०६७ : १०४)

### २.९.१.३० मञ्जुभाषिणी

| | | | | | |
|---|---|---|---|---|---|
| गण | स | ज | स | ज | गुरु |
| सङ्केत | ।।ऽ | ।ऽ। | ।।ऽ | ।ऽ। | ऽ |

सगण, जगण, सगण, जगण र अन्तमा गुरु भई तेह्र अक्षर हुने छन्दलाई मञ्जुभाषिणी भनिन्छ । यसको पाँच अक्षरमा विराम हुन्छ । जस्तै :

कमला/यिनै # हृ/दयको/हिलो धु/ने #

। । ऽ । ऽ । ।।ऽ । ऽ । ऽ

मुटुभित्/रको # स/तहसम्/म गैछु/ने #

। । ऽ । ऽ । ।।ऽ । ऽ। ऽ

मिथिला/पुरी # सु/र पुरी/विकासि/नी #

। । ऽ । ऽ । । ।ऽ । ऽ । ऽ

वन कुन्/जमा # मृ/दुलमन्/जुभाषि/णी #

।। ऽ । ऽ । । । ऽ । ऽ । ऽ (सिन्धुलीय, २०६७ : १७९)

### २.९.१.३१ प्रभावती

| | | | | | |
|---|---|---|---|---|---|
| गण | त | भ | स | ज | गुरु |
| सङ्केत | ऽऽ। | ऽ।। | ।।ऽ | ।ऽ। | ऽ |

रहे त भ स ज गणै क्रमैले अन्त्य गं लिई ।

प्रभे ! प्रभावती ती हुन् चार नौमा रहे यति ।

(शर्मा, २०२३ : ३८)

तगण, भगण, सगण, जगण र अन्त्यमा गुरु वर्ण हुने तेह्र अक्षरीय संरचना हुने छन्दलाई प्रभावती छन्द भनिन्छ । यसमा चार र नौमा विराम हुन्छ । जस्तै :

भूपाल/की # हृद/यचरी/# चराउँ/दी #

ऽ ऽ। ऽ ।। । ।ऽ । ऽ । ऽ

सद्भाव/ना # जन/मनमा/# बढाउँ/दी #

ऽ ऽ । ऽ । । ।। ऽ ।ऽ। ऽ

चिन्ताल/ता # नर/पति हे/ # मकर्ण/की #

ऽ ऽ । ऽ । । ।। ऽ । ऽ । ऽ

भैछन् छि/टै # सक/लकला/# प्रभाव/ती #

ऽ ऽ । ऽ । । । । ऽ । ऽ । ऽ (सिन्धुलीय, २०६७ : ५३)

### २.९.१.३२ वसन्ततिलका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण | त | भ | ज | ज | गुरु | गुरु |
| सङ्केत | ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ |

भन्छिन् वसन्ततिलका 'तभजाजगागा' (विनोदी, २०५९ : ४२)

तगण, भगण, जगण, जगण र अन्त्यका दुई वर्ण दीर्घ हुने चौध अक्षरको संरचना हुने छन्दलाई वसन्ततिलका छन्द भनिन्छ । यसमा आठ अक्षरमा विराम हुन्छ । जस्तै :

कर्तव्य/के छ ज/नको # य/ति छन् वि/रोध ? #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

नक्छत्र/हेर न/भमा # दि/ल साथ/सोध ! #

ऽ ऽ । ऽ।। । ऽ । । ऽ। ऽ ऽ

के हो ठु/लो जग/तमा # प/सिना वि/वेक #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

उद्देस्य/के लिनु/उडी # छु/नुचन्द्र/एक #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

(देवकोटा, २०६८ : २२)

### २.९.१.३३ मालिनी

| | | | | | |
|---|---|---|---|---|---|
| गण | न | न | म | य | य |
| सङ्केत | ।।। | ।।। | ऽऽऽ | ।ऽऽ | ।ऽऽ |

ननमयययुतेयं मालिनी भोगिलोकैः (गङ्गादास, २०२१ : ७९)

दुईवटा नगण, मगण र दुई यगण हुने पन्ध्र अक्षरको छन्दलाई मालिनी छन्द भनिन्छ । यसमा आठ अक्षरमा विराम हुन्छ । जस्तै :

उ पनि/त जन/ता हो # दे/शको स्वा/भिमानी/#

। । । । । । ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

उससँ/ग पनि/होलान् # गर्/व लाग्ने/कहानी/#

। ।। । । । ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

जब उ/पनि ति/मी भ्रै # हाँस्/छ उत्सा/हमर्छ/#

। । । । । । ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

भन त/उर ति/मीमा # भिन्/नता नै/कहाँ छ ?/#

। । । ।। । ऽऽ ऽ । ऽ ऽ । ऽ ऽ

(उपाध्याय, सन् २००९ : ३७)

### २.९.१.३४ पञ्चचामर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण | ज | र | ज | र | ज | गुरु |
| सङ्केत | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ |

'जराजराजगा' भए बनिन्छ पञ्चचामर । (नेपाल, २०६२ : ६९)

जगण, रगण, जगण, रगण, जगण र अन्त्यमा गुरु भई सोह्र अक्षरीय संरचनामा निर्माण हुने छन्दलाई पञ्चचामर छन्द भनिन्छ । यसको आधा चरणको एक चरण हुनेलाई प्रमाणिका वा नगस्वरुपिणी भन्दछन् (ढुङ्गाना, २०६६ : ६३) । यसको आठ अक्षरमा विराम हुन्छ । जस्तै :

लिएर/नाम शा/रदा # ब/जाइ वी/ण झन्झ/म #

।ऽ। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ

मिलाउ/ताल पा/उजे # ब/को छमक्/क छम्छ/म #

। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ

रमाउँ/दै उदा/उनोस् # अ/गाडि लौ/न लौ मु/मा ! #

। ऽ ।ऽ । ऽ। ऽ । ऽ । ऽ । ऽ । ऽ

डुबें ग/भीर अग्/यता # स/मुद्रबी/च बीचि/मा #

।ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ

(ढुङ्गाना, २०६६ : ६२)

### २.९.१.३५ शिखरिणी

| गण | य | म | न | स | भ | लघु | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽ।। | । | ऽ |

'अहा ! कस्तो राम्रो यमनसभलागा शिखरिणी ।'

(विनोदी, २०५९ : ४६)

सत्र अक्षरको शिखरिणी छन्दमा यगण, मगण, नगण, सगण, भगण र अन्त्यमा एक लघु र एक गुरु वर्णले युक्त हुन्छ। यसको छ र एघार अक्षरमा विराम गरिन्छ। जस्तै :

कृपाको/धारामा/# हरद/म भि # जे/का नज/रको #

। ऽ ऽ ऽऽ ऽ ।।। । । ऽ ऽ । । । ऽ

प्रभाले/तेजीलो/ # सकल/जन # को/चित्त प/टमा #

।ऽ ऽ ऽ ऽऽ ।।। ।। ऽ ऽ । । ।ऽ

सदा छा/पा पार्ने/ # शुभ कृ/तिह # रू/को चम/कले #

। ऽ ऽ ऽ ऽऽ । । । । । ऽ ऽ । । ।ऽ

उघारी/साराको/ # मन भु/वन # पार्/यो भिलि/मिली/#

। ऽऽ ऽ ऽ ऽ ।। । । । ऽ ऽ । । । ऽ

(सिग्देल, २०६७ : १४९)

### २.९.१.३६ पृथ्वी

| गण | ज | स | ज | स | य | लघु | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽ। | ।।ऽ | ।ऽ। | ।।ऽ | ।ऽऽ | । | ऽ |

जसौ जसयला वसुग्रहयतिश्च पृथ्वी गुरुः ।

(गङ्गादास, २०२१ : ९४)

जगण, सगण, जगण, सगण, यगण र अन्त्यका वर्ण एक लघु र एक दीर्घ हुने सत्र अक्षरीय संरचना हुने छन्दलाई पृथ्वी छन्द भनिन्छ । यसको आठ वा नौ अक्षरमा विश्राम हुन्छ। जस्तै :

सबै द/लित जा/तिको # हि/त गरौं/र पीडा/हरौं #
। ऽ । ।। ऽ । ऽ । । । ऽ । ऽऽ । ऽ

मुहार ⁄ हँसिलो ⁄ बना # उ ⁄ न सकौं ⁄ उनैमा ⁄ मिलौं #

। ऽ । । । ऽ । ऽ । । । ऽ । ऽ ऽ । ऽ

र संस्कृ ⁄ ति उठा ⁄ उने # स ⁄ मरमा ⁄ हमेशा ⁄ जुटौं #

। ऽ । । । ऽ । ऽ । ।। ऽ । ऽ ऽ । ऽ

छ चाह ⁄ मनभित् ⁄ र तीब् # र ⁄ गतिको ⁄ सुभावी ⁄ बनौं #

। ऽ । । । ऽ । ऽ । । । ऽ । ऽ ऽ । ऽ

(वियोगी, २०६३ : ३९)

### २.९.१.३७ मन्दाक्रान्ता

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | भ | न | त | त | गुरु | गुरु |
| सङ्केत | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

म भन त त गंग्रले मन्दाक्रान्ता हुने बुझे ।
चारौँ छैटौँ तथा सातौँ विल्वस्तनि ! विरामले ॥

(शर्मा, २०२३ : ४४)

मगण, भगण, नगण, तगण, तगण र अन्त्यमा दुई गुरु गर्ण हुने सत्र अक्षरीय संरचना हुने छन्दलाई मन्दाक्रान्ता छन्द भनिन्छ । यसको चार, छ वा सात, नौ अक्षरको अन्तरालमा विराम गरिन्छ । जस्तै :

यो मट्टी ⁄ मा # अकु ⁄ शल क ⁄ ला # कार ⁄ को मूर्ति ⁄ रुन् छ #

ऽ ऽ ऽ ऽ । । ।। । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

हाँसी हिँड् ⁄ छन् # पथि ⁄ क अरु ⁄ को # दर्द ⁄ को आज ⁄ सुन्छ #

ऽ ऽ ऽ ऽ । । । । । ऽ ऽ । ऽ ऽ। ऽ ऽ

मेरो शिल् ⁄ पी # यस ⁄ शकल ⁄ मा # स्वस्थ ⁄ आकार ⁄ देऊ #

ऽऽ ऽ ऽ । । ।।। ऽ ऽ । ऽऽ। ऽऽ

यौटै सा ⁄ नो # सर ⁄ लकृति ⁄ मा # पूर्ण ⁄ सन्सार ⁄ देऊ #

ऽ ऽ ऽ ऽ । । । । । ऽ ऽ । ऽ ऽ । ऽऽ

(त्रिपाठी, २०६५ : २५२)

**२.९.१.३८ हरिणी**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | न | स | म | र | स | ल | गुरु |
| सङ्केत | ।।। | ।।ऽ | ऽऽऽ | ऽ।ऽ | ।।ऽ | । | ऽ |

नसमरसलागः षड्वेदैर्हयैहरिणी मता । (गङ्गादास, २०२१ : ९६)

नगण, सगण, मगण, रगण, सगण, एक लघु वर्ण र एक गुरु वर्ण हुने सत्र अक्षरीय संरचना भएको छन्दलाई हरिणी भनिन्छ । यसको छैटौँ, दसौँ र सत्रौँ अक्षरमा यति हुन्छ । जस्तै :

गिरि त/रुलता/# प्राणी सा/रा # चरा/चर सृस्/टिमा #
। । । । । ऽ ऽ ऽ ऽ ऽ । ऽ ।। ऽ । ऽ
प्रकृति/कृत हो/ # सच्चाउच्/चा # वचस्/थिति दृस्/टिमा #
। । । । । ऽ ऽ ऽ ऽ ऽ । ऽ । । ऽ । ऽ
थरथ/र पिछे/ # जो छन् ठू/ला # बडा/निज वर्/गका #
। । । । ऽ ऽ ऽ ऽ ऽ ऽ । ऽ । । ऽ । ऽ
स्थपति/पदवी/# त्यस्तै लिन्/छन् # प्रसा/द निसर्/गका #
। । । ।। ऽ ऽऽ ऽ ऽ । ऽ । । ऽ । ऽ

(सिग्देल, २०६७ : १२५)

**२.९.१.३९ शार्दूलविक्रीडित**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | स | ज | स | त | त | गु |
| सङ्केत | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

सूयोश्वैर्यदि मः सजौ सततगाः शार्दूलविक्रीडितम् ।

(गङ्गादास, २०२१ : १११)

मगण, सगण, जगण, सगण, तगण, तगण र अन्त्यमा गुरु हुने उन्नाईस अक्षरीय संरचना हुने छन्दलाई शार्दूलविक्रीडित छन्द भनिन्छ । यसको बाह्र र उन्नाईस अक्षरमा विराम हुन्छ । जस्तै :

भाका भू/लदया/क्षमा र/ममता/# सन्तोष/जान्दैन/त्यो #

ऽ ऽ ऽ ।।ऽ । ऽ । ।।ऽ ऽ ऽ । ऽ ऽ। ऽ

इन्रैबिन्/ति गरुन्/झुकेर/पदमा/# त्यो बिन्ति/मान्दैन/त्यो #

ऽ ऽ ऽ । ।ऽ ।ऽ। ।।ऽ ऽ ऽ । ऽ ऽ । ऽ

थुप्रोमा/उधिनी/मिठो र नमिठो/ # छुट्ट्याइ/छान्दैन/त्यो #

ऽ ऽ ऽ ।।ऽ ।ऽ । ।।ऽ ऽ ऽ । ऽ ऽ। ऽ

खाता जाँ/चि सबै/दुरुस्त/नबुझी/# बिर्सेर/हान्दैन/त्यो #

ऽ ऽ ऽ । ।ऽ । ऽ। । ।ऽ ऽऽ। ऽऽ। ऽ

(पौड्याल, २०६८ : ३१)

### २.९.१.४० स्रग्धरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | र | भ | न | य | य | य |
| सङ्केत | ऽऽऽ | ऽ।ऽ | ऽ।। | ।।। | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

हुन्छन् जस्मा गणै यी 'मरभनययया' स्रग्धरा छन्द राम्रो ।

(विनोदी, २०५९ : ४९)

मगण, रगण, भगण, नगण, यगण, यगण, यगण हुने एक्काईस अक्षरीय संरचनाको प्रत्येक सात अक्षरमा विश्राम हुने छन्दलाई स्रग्धरा छन्द भनिन्छ । यो प्रकृति भेद अन्तर्गत पर्दछ । जस्तै :

सोची सो/ची प्रजा/को # हित/अहित/सबै # कर्/म दुस्कर्/म जाँची/#

ऽ ऽ ऽ ऽ । ऽ ऽ । । । ।। । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

रोजी रो/जी जसी/ला # नय/विनय/हरू # दुख्/ख अन्नया/य भाँची/#

ऽ ऽ ऽ ऽ ।ऽ ऽ । । ।।। । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

द्वेषी दो/षीहरू/को # हृद/य थर/थरै # पा/रि हाले/र गाँज/#

ऽ ऽ ऽ ऽ।ऽ ऽ । । । ।।ऽ ऽ । ऽ ऽ । ऽ ऽ

मौलायो/झम्म पर्/दै # प्रिय/हित फ/लको # वृक्/छ झैँ रा/जकाज/#

ऽ ऽऽ ऽ । ऽ ऽ । । । । । । ऽ ऽ । ऽ ऽ ।ऽऽ

(सिग्देल, २०६७ : १४१)

## २.९.२ वार्णिक अर्द्धसमवृत्त छन्द

### २.९.२.१ वियोगिनी (सुन्दरी)

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो र तेस्रो पाउ | स | स | ज | गुरु | |
| | IIS | IIS | ISI | S | |
| दोस्रो र चौथो पाउ | स | भ | र | लघु | गुरु |
| | IIS | SII | SIS | I | S |

ससजागुरु एकतीनमा, सभरालगा दुई र चारमा ।
छ पुगेपछि रोक्नु क्यै घडी, अब भो सुन्दर त्यो 'वियोगिनी' ।
(नेपाल, २०६२ : ४०)

पहिलो र तेस्रो पाउमा दुई सगण, एक जगण र अन्त्यमा एउटा दीर्घ हुने दस अक्षर र दोस्रो र चौथो पाउमा सगण, भगण, रगण र अन्त्यमा एउटा लघु र एउटा गुरु हुने एघार अक्षरीय संरचना भएको छन्दलाई वियोगिनी भनिन्छ । यसको छ अक्षरमा विराम हुन्छ । जस्तै :

जसको/जगमा/# खडा भ/एँ/#
। । S । । S । S । S
उनकै/नाश नि/# दान मै/भएँ/#
। । S S । । S । S । S
कदली/तरुको/ # निमित्‌त/मा/#
। । S । । S । S । S
फलनै/घातक/# हुन्छ अन्/तमा #
। । S S । । S । S । S (सिग्देल, २०६७ : ४७)

### २.९.२.२ पुष्पिताग्रा

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो र तेस्रो पाउ | न | न | र | य | |
| | III | III | SIS | ISS | |
| दास्रो र चौथो पाउ | न | ज | ज | र | गुरु |
| | III | ISI | ISI | SIS | S |

प्रथम अनि तृतीय नानराया

युगल नाजाजरगा त पुष्पिताग्रा । (नेपाल, २०६२ : ५३)

पहिलो र तेस्रो पाउमा दुई नगण, रगण र यगण हुने बाह्र अक्षर र दोस्रो र चौथो पाउमा नगण दुई जगण रगण र अन्त्यमा वर्ण दीर्घ हुने तेह्र अक्षर हुने छन्दलाई पुष्पिताग्रा भनिन्छ । यसको छ अक्षरमा विराम हुन्छ । जस्तै :

विषय/रस पि/# ई थरी/थरीका #

। । । ।। । ऽ । ऽ। ऽ ऽ

नृपति/अघाइ/# सबै बु/झ्रेर फी/का #

।। । । ऽ। ।ऽ । ऽ । ऽ ऽ

अब अ/वधि ग/# मेर बाँ/कि अल्प #

। । । । । । ऽ । ऽ । ऽ ऽ

विकल/भए म/# नमा उ/ठ्यो विकल्/प #

। । । ।ऽ । ।ऽ । ऽ ।ऽ ऽ (सिग्देल, २०६७ : ३५)

### २.९.२.३ अनुष्टुप्

आठ अक्षरको एक पाउ हुने छन्दलाई अनुष्टुप् भनिन्छ । यसमा अन्य छन्दमा जस्तो गण व्यवस्था हुँदैन ।

छैटौं अक्षरमा दीर्घ सर्वत्र लघु पाँचमा

द्विचतुष्पाउमा ह्रस्व अरुमा दीर्घ सातमा । (नेपाल, २०६२ : २०)

यसमा चार पाउमा सबैतिर छैटौं अक्षर दीर्घ, पाँचौं अक्षर ह्रस्व हुन्छन् । पहिलो र तेस्रो पाउको सातौं अक्षर गुरु र दोस्रो र चौथो पाउको सातौं अक्षर लघु हुन्छ । यो छन्द जुनसुकै भाव र रसमा सुहाउँछ । जस्तै :

मनमा तर्कना गर्छु # देखेर दिव्य माधुरी #

अहो फेरिविधाताले # रचे कि ! अमरापुरी # (रेग्मी, २०६७ : ३)

## २.९.३ वार्णिक विषमवृत्त छन्द

### २.९.३.१ उद्‌गता

यस छन्दका सबै चरणमा गणव्यवस्था फरक–फरक रहेको छ (ढुङ्गाना, २०६६ : ८३)

| | | | | | |
|---|---|---|---|---|---|
| गण | स | ज | स | लघु – पहिलो पाउ | |
| सङ्केत | ।।ऽ | ।ऽ। | ।।ऽ | । | |
| गण | न | स | ज | गुरु – दोस्रो पाउ | |
| सङ्केत | ।।। | ।।ऽ | ।ऽ। | ऽ | |
| गण | भ | न | भ | गुरु – तेस्रो पाउ | |
| सङ्केत | ऽ।। | ।।। | ऽ।। | ऽ | |
| गण | स | ज | स | ज | गुरु – चौथो पाउ |
| सङ्केत | ।।ऽ | ।ऽ। | ।।ऽ | ।ऽ। | ऽ |

पहिलो पाउमा सगण, जगण, सगण र अन्त्य लघु, दोस्रो पाउमा नगण, सगण, जगण र अन्त्य गुरु तेस्रो पाउमा भगण, नगण, भगण र अन्त्य गुरु तथा चौथो पाउमा सगण, जगण, सगण, जगण र अन्त्य गुरु वर्ण हुने छन्दलाई उद्‌गता भनिन्छ । यसको विरामको कतै उल्लेख पाइँदैन । जस्तै :

सम नै/थियो र/रङ रु/प #

। । ऽ । ऽ । ।।ऽ ।

समझ/कदली/तिरै ग/यो #

। ।। । ।ऽ ।ऽ । ऽ

त्यो त द/शन र/हेछ अ/हो ! #

ऽ । । ।। । ऽ। । ऽ

मदले/प्रमत्‌त/वनको/गजेन्द्र/को #

। ।ऽ ।ऽ । । । ऽ । ऽ। ऽ (ढुङ्गाना, २०६६ : ८३)

## २.१० मात्रिक छन्द

### २.१०.१ आर्या

यस छन्दका पहिलो र तेस्रो पाउमा १२/१२ मात्रा तथा दोस्रो पाउमा १८ मात्रा र चौथो पाउमा १५ मात्रा रहन्छन् ।

'षष्ठो जश्च नलघु वा प्रथमेऽर्धे नियतमार्यायाः ।' (गङ्गादास, २०२१ : १५२)

अर्थात् विषमगण प्रथम, तृतीय, पञ्चम तथा सप्तम गणमा जगण रहित अन्तमा गुरुयुक्त, सात गण भएको छन्दलाई आर्या छन्द भनिन्छ । यसका विभिन्न पाउमा भिन्न–भिन्न मात्राको व्यवस्था हुनाले यो 'विषम' मात्रिक छन्द हो । यसमा सामान्यतया पहिलो र तेस्रो तथा दोस्रो र चौथो पाउमा अन्त्यानुप्रास मिलाइन्छ (वियोगी, २०६३ : ७२) । जस्तै :

आकाश गड्गड गरछ ।
ऽ ऽ । ऽ ।। ऽ । = १२ मात्रा
फेर्दछ छातीको घमण्ड घैला ॥
ऽ । । ऽऽ ऽ ।ऽ। ऽऽ = १८ मात्रा
धरती बीच चु हिँदैछ ।
।।ऽ ऽ । । ।ऽ। = १२ मात्रा
तप्तप तप्पज लको मैला ॥
ऽ । । ऽ ।। ।ऽ ऽऽ = १५ मात्रा (वियोगी, २०६३ : ७२)

### २.१०.२ उपगीति

यो मात्रिक छन्दका पहिलो र तेस्रो पाउमा १२/१२ मात्रा तथा दोस्रो र चौथो पाउमा १४/१४ मात्रा रहन्छन् । यसको दोस्रो र चौथो पाउमा १५ मात्रा पनि राख्दा हुन्छ ।

'आर्यापरार्द्धतुल्ये दलद्वये प्राहुरूपगीतिम् ।' (गङ्गादास, २०२१ : १५८)

अर्थात् आर्याको उत्तरार्द्धजस्तो पूर्वार्द्ध पनि भयो भने त्यो छन्द उपगीति हुन्छ । जस्तै :

बिचरी अबोध सीता
।। ऽ ।ऽ। ऽऽ – १२ मात्रा

पतिको चरणप प्रणाम गरी

। । ऽ  । । ऽ  । ऽ ।  । ऽ  – १५ मात्रा

दोहद  विहार  सम्झी

ऽ । ।  । ऽ ।  ऽ ऽ  – १२ मात्रा

रथ चढ्नुभयो अगाडि सरी

। । ऽ । । ऽ  । ऽ ।  । ऽ  – १५ मात्रा

(सिग्देल, २०६७ : १५५)

## २.१०.३ गीति

'पहिलो–तेस्रो बाह्र छ

दोस्रो–चौथो अठार छन् मात्रा ।

गीतजस्तै 'गीति भो

बन्दैन त्यो कैल्यै भाव जात्रा ॥' (नेपाल, २०६२ : ९६)

पहिलो र तेस्रो पाउमा बाह्र मात्रा अनि दोस्रो र चौथो पाउमा अठार मात्रा हुने छन्दलाई 'गीति' भनिन्छ । यसको विषम पाउमा एकखाले र समपाउमा एकखाले मात्राको व्यवस्था हुनाले यो अर्द्धसम मात्रिक छन्द हो । जस्तै :

प्रभुको सुर मुनि सबले

। । ऽ  । ।  । ।  । । ऽ  – १२ मात्रा

निज निज शुभकर्म – सिद्धिको लागि ।

। ।  । ।  । । ऽ ।  ऽ । ऽ  ऽ ऽ – १८ मात्रा

वन्दित चरण–कमलमा

ऽ । ।  । । ।  । । । ऽ  – १२ मात्रा

मन–भुमरो होस् अनन्य अनुरागी

। ।  । । ऽ  ऽ  । ऽ ।  । । ऽ ऽ – १८ मात्रा

(पौड्याल, २०६७ : १)

## २.११ निष्कर्ष

छन्द संस्कृत व्याकरणको 'चदि आह्लादने' धातुमा 'चन्देरादेश्च छः' भन्ने उणादि सूत्रद्वारा निर्दिष्ट असुन् प्रत्यय लागि आदि चकारका स्थानमा छकार भएर निष्पन्न भएको शब्द हो । यसको अर्थ बाँध्नु, आवृत्ति गर्नु भन्ने हुन्छ । छन्द नियमित लयबद्ध पद्यात्मक रचना पनि हो । यसलाई अक्षर, अक्षरसंख्या, मात्रा, मात्रागणना, यति, गति आदिसँग सम्बद्ध विशिष्ट नियमद्वारा निर्माण गरिएको हुन्छ । छन्दमा अक्षर, मात्रा, यति, गति र आवृत्ति आदिको गणना गरिन्छ । छन्दलाई चिनाउने क्रममा पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान् एवम् समालोचकहरूले आ–आफ्ना दृष्टिकोणबाट छन्दलाई परिभाषित गरेका छन् । तिनै समग्र परिभाषालाई दृष्टिगत गरी छन्दलाई सङ्क्षेपमा काव्य कवितालाई सम्प्रेषणीय, प्रभावोत्पादक, सङ्क्षिप्तमा पूर्ण र श्रुतिमधुर बनाउनका साथै सलल बग्ने गति, यति र लय प्रदान गर्ने तत्त्वका रूपमा परिभाषित गर्न सकिन्छ ।

छन्दको विकास वैदिककालदेखि नै भएको पाइन्छ । वेदका छ अङ्गमध्ये छन्दलाई वेदको पाउ मानिएको छ । छन्दको उद्भव स्थल सामवेदलाई मानिन्छ । वैदिककालदेखि नै श्रुतिपरम्परामा विकसित हुँदै आएको छन्दलाई आचार्य पिङ्गलले एकत्रित गरी छन्दशास्त्रको निर्माण गरेका हुन् भन्ने भनाइ छ । महर्षि वाल्मीकिबाट लौकिक साहित्यमा छन्दले व्यापकता प्राप्त गऱ्यो । यसरी विकास हुँदै नेपाली साहित्यमा पनि सुरुवातमा नै छन्दले विकसित हुने अवसर पायो र अहिलेसम्म अनगिन्ती छन्दको विकास भएको पाइन्छ । छन्दलाई चिनाउनका लागि 'यमाताराजभानसलगम्' सूत्र प्रयोग गरिएको छ । जसलाई पिङ्गलले व्याख्या तथा विस्तार गरेका हुन् ।

संस्कृत साहित्यमा छन्दलाई वैदिक र लौकिक गरी दुई भागमा विभाजन गरेको पाइन्छ । लौकिक छन्दलाई प्रथमतः वार्णिक र मात्रिक गरी विभाजन गरिएको छ । वार्णिकका समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद छन् । समवृत्तलाई पुनः साधारण र दण्डक गरी विभाजन गरिएको छ । मात्रिक छन्दका पनि समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद छन् । यसका अतिरिक्त छन्दलाई बद्धलय र मुक्तलय गरी दुई वर्गमा वर्गीकरण गरेको पनि पाइन्छ । मुक्तलय गद्य कविताअन्तर्गत पर्दछ । बद्धलयलाई शास्त्रीय छन्द र लोकछन्दमा वर्गीकरण गरिएको छ । शास्त्रीय छन्दलाई पनि वार्णिक र मात्रिक छन्द गरी दुई वर्गमा

विभाजन गरिएको छ । लोकछन्दलाई झ्याउरे, बालुन, सँगिनी, सेलो, सवाई, असारे, घाँसे, मालसिरी आदिका नाममा वर्गीकरण गरिएको छ ।

वार्णिक छन्द भित्र पर्ने समवृत्तका उक्तादि छब्बीस ओटा छन्द र तिनका अनेक प्रस्तारहरूलाई उल्लेख गरिएको छ । छन्दका संरचक घटकहरूमा लय, गण, यति, गति, चरण र पङ्क्तिपुञ्ज आदि पर्दछन् । शशिवदना, विद्युन्लेखा, उपेन्द्रवज्रा, इन्द्रवज्रा, उपजाति, मदलेखा, वसन्ततिलका, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप्, शिखरिणी, स्रग्धरा, स्वागता, द्रुतविलम्बिता, मालिनी, आर्या, उपगीति, गीति आदि छन्द नेपाली साहित्यमा प्रशस्त प्रयोग भएको पाइन्छ ।

# परिच्छेद तीन

# 'आदर्श राघव' महाकाव्यमा छन्द प्रयोग

**आदर्श राघव** महाकाव्यमा छन्द प्रयोग अध्ययनसँग सम्बन्धित प्राज्ञिक समस्याहरूको समाधान पहिल्याउन प्रस्तुत परिच्छेदमा सोमनाथ सिग्देलका बारेमा सामान्य जानकारी दिई उनको **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरूको विशेष प्रकारले अध्ययन विश्लेषण गरिएको छ । यसरी अध्ययन गर्दा **आदर्श राघव** महाकाव्यको प्रकाशनकाल र वैशिष्ट्यको सामान्य टिपोट दिइएको छ ।

## ३.१ महाकवि सोमनाथ सिग्देलको परिचय

पण्डितराज सोमनाथ सिग्देलको जन्म वि.सं. १९४१ मा काठमाडौं झोँछे टोलमा पिता जगन्नाथ सिग्देलकी पत्नी लक्ष्मी सिग्देलका कोखबाट भएको थियो । यिनका पिता संस्कृत प्रधान पाठशालाका अध्यापक थिए (रिसाल, २०३१ : ४४) । यसैको फलस्वरूप यिनले घरमा नै सानो उमेरमा संस्कृत शिक्षा पाई वनारसमा न्यायवैशेषिकाचार्य परीक्षा र कलकत्ताबाट 'काव्य तीर्थ' परीक्षा विशिष्ट श्रेणीमा पास गरेका थिए । यिनले शाङ्कर वेदान्तको पनि विशेष अध्ययन गर्ने अवसर प्राप्त गरेका थिए । संस्कृत विद्याको श्रीवृद्धिमा उनले कहिले अध्यापक, कहिले प्रधानाध्यापक र कहिले प्राचार्य भई महत्त्वपूर्ण योगदान गरेका छन् (रिसाल, २०३१ : ४४) ।

छ दशकभन्दा बढी समयसम्म नेपाली तथा संस्कृत वाङ्मयमा पुऱ्याएको योगदान वापत् उनलाई नेपाल सरकारले विभिन्न पुरस्कारबाट सम्मानित गरेको थियो । २००१ सालमा दीर्घसेवा पट्ट, २००८ सालमा प्रबल गोर्खा दक्षिणबाहु, २०२४ मा त्रिभुवन पुरस्कारबाट सम्मानित गरिएको पाइन्छ । तत्कालीन राजा महेन्द्रले उनलाई पण्डितराज उपाधिबाट सम्मानित पनि गरेका थिए (रिसाल, २०३१ : ४५) । पूर्वीय शास्त्रीय समालोचना संस्कृत भाषामा व्याकरण दर्शनशास्त्र तथा नेपाली भाषामा पनि व्याकरण समालोचना, साहित्यशास्त्रीय सिद्धान्त, महाकाव्य तथा नेपाली भाषा साहित्यमा गरेको सिग्देलको योगदान अविस्मरणीय रहेको छ (भट्ट, २०५८) । सुक्ति सुधा संस्कृत मासिक पत्रिकाको सञ्चालनबाट लेखन यात्रा सुरु गरेका सिग्देलले पहिले केही फुटकर कविता लेखेको जानकारी पाइन्छ (

रिसाल, २०३१ : ४५) । **सुन्दरी** (१९६३) मा प्रकाशित *मानिनीरञ्जन* कविताबाट उनको काव्यकविता लेखनयात्रा विशेष रूपमा देखिन थालेको हो । **चन्द्रचरित** महाकाव्यको सृजनसाधना हुँदै **आदर्श राघव** महाकाव्य रचनामा आइपुग्दा उनको काव्ययात्रा चुलिएको र विश्रान्त पनि बन्न पुगेको हो (अवस्थी, २०६४ : १२५) । सिग्देलले संस्कृत तथा नेपाली व्याकरण र साहित्य दुवैमा कलम चलाएका छन् । नेपाली भाषालाई व्याकरणिक शुद्धिमा सहयोग पुऱ्याउने उनका **लघुचन्द्रिका** र **मध्यचन्द्रिका** महत्त्वपूर्ण छन् । सिग्देलका रचनामध्ये **साहित्य प्रदीप** लक्षणग्रन्थ र नेपाली काव्यमा पूर्वीय काव्य ढाँचा भित्र्याउने **आदर्श राघव** महाकाव्य विशेष प्रसिद्ध छन् । उनका प्रकाशित नेपाली भाषाका रचना **मध्यचन्द्रिका** (व्याकरण, १९७३), **लघुचन्द्रिका** (व्याकरण, १९९१), **उपदेश शतक** (अनुवाद, १९९७), **चारुचर्या** (अनुवाद, १९९७), **आदर्श राघव** (महाकाव्य, २००५), **साहित्य प्रदीप** (लक्षणग्रन्थ, २०१६) आदि प्राप्त छन् । समग्र जीवन पठनपाठन र साहित्य साधनामा लगाउने सोमनाथ सिग्देलको वनारसमा वि.सं. २०२९ असोज २८ गते स्वर्गारोहण भएको थियो ।

## ३.२ 'आदर्श राघव' महाकाव्यमा छन्द प्रयोग

नेपाली महाकाव्य परम्परामा **आदर्श राघव** पूर्वीय संस्कृत काव्य परिपाटीलाई अनुशरण गरी लेखिएको पहिलो महाकाव्य हो । यसको प्रकाशन वि.सं.२००५ सालमा भए पनि यस महाकाव्यको पूर्वाभ्यास सम्भवतः वि.सं. १९७६–८६ सालका बीचमा लेखिएको **चन्द्रचरित**बाटै प्रारम्भ भएको देखिन्छ (आचार्य, २०४१ : ७०) । सोह्र सर्गमा लेखिएको यो महाकाव्य पूर्णरूपले पूर्वीय काव्य शास्त्रीय साँचोमा ढालिएको छ (आचार्य, २०४१ : ७०) । पूर्वीय साहित्यशास्त्रमा दण्डी र विश्वनाथले महाकाव्यका आरम्भमा मङ्गलाचरण गरिनुपर्ने अनि त्यो आशीर्वादात्मक, वस्तुनिर्देशात्मक वा नमस्कारात्मक हुनुपर्ने कुरा औँल्याएका छन् । यस दृष्टिले हेर्दा सोमनाथले **आदर्श राघव** महाकाव्यमा प्रथम सर्गका १–६ श्लोकमा पञ्चमुखी, पशुपतिनाथ, गुह्येश्वरी र गणेशजस्ता देवदेवीको स्तुति, गुरुको वन्दना र आदिकवि वाल्मीकिको स्मरण गरी नमस्कारात्मक मङ्गलाचरणको प्रयोग गरेको भेटिन्छ ( अवस्थी, २०६४ : १२७) । यस महाकाव्यमा पूर्वीय साहित्यकार माघ र श्रीहर्षले उत्कर्षता दिएको विचित्र मार्गी काव्य धारालाई प्रयोग गरी कलात्मक संरचनालाई आलङ्कारिक रूप भरेको पाइन्छ (अवस्थी, २०६४ : १२७) । **आदर्श राघव** महाकाव्यमा सर्गबद्धता, आठसर्गभन्दा बढी सर्ग र सर्गको अन्तमा छन्द परिवर्तन तथा भावी कथाको सूचना गर्नु पर्ने पूर्वीय नियमलाई पूर्णरूपमा पालन गरिएको पाइन्छ । शास्त्रीय शैलीमा लेखिएको महाकाव्य

केही क्लिष्टतम बनेको छ । अत्यधिक परिमार्जन र परिष्कारका कारण यो **आदर्श राघव** निकै कठिन र क्लिष्ट हुन गएको जानकारी प्राप्त भएको हो (त्रिपाठी, २०३२ : ८४) । यिनै अनेक प्रमाणले सोमनाथ सिग्देललाई शास्त्रकवि र उनको **आदर्श राघव**लाई शास्त्रीय महाकाव्य भन्न सकिन्छ । यस शोधपत्रको मुख्य उद्देश्य यस महाकाव्यमा प्रयोग गरिएका छन्दहरूको अध्ययन विश्लेषण गर्नु रहेको छ । त्यसैले अन्य विषयतिर भन्दा त्यतैतिर लाग्नु उपयुक्त हुने ठानिन्छ । **आदर्श राघव** महाकाव्यमा प्रयुक्त छन्दको विशिष्ट अध्ययन नभएकाले यसको अध्ययन गर्नु जरुरी छ ।

**आदर्श राघव** महाकाव्यमा २१ वटा वर्णमात्रिक र ३ वटा मात्रिक गरी २४ वटा शास्त्रीय छन्दको सफल प्रयोग भएको पाइन्छ । प्रत्येक छन्दका आ–आफ्ना नियमलाई कहीँ कतै छन्दभङ्ग नगरी र नियम नतोडी प्रस्तुत गरेको देखिन्छ । शास्त्रीय छन्दमा प्रातीभ योग्यता एवम् कवितात्मक सामर्थ्य दर्शाउन सफल सिग्देलले यस महाकाव्यमा छन्दको शुद्ध समर्थन तथा भावको सफल प्रदर्शन गजबसँग गरेका छन् (रिसाल, २०३१ : ५४) । **आदर्श राघव** महाकाव्यको विविध कोणबाट अध्ययन विश्लेषण गर्ने काम भए पनि यसमा प्रयोग गरिएका छन्दहरूका बारेमा स्पष्टसँग व्याख्या विश्लेषण गरेको पाइँदैन । अध्ययनका क्रममा नरहरि आचार्यले पण्डितराज सोमनाथ सिग्देल र उनको काव्यसाधनामा **आदर्श राघव** महाकाव्यमा चौबीस छन्द प्रयोग भएका छन् भन्दै तिनको नामोल्लेख मात्र गरेका छन् ( आचार्य, २०४१ : ७१) । राममणि रिसालले आफ्नो *नेपाली काव्य र कविमा* **आदर्श राघव** महाकाव्य तेइसवटा शास्त्रीय छन्दका साथै गीति, उपगीति छन्दको सुन्दर समावेश हुन गएको भनेका छन् (रिसाल, २०३१ : ५५) । तर छन्दका अन्य नाम उल्लेख गरेका छैनन् । रामचन्द्र भट्टले ‘सोमनाथ सिग्देलका महाकाव्यमा छन्द योजना’ शीर्षकको लेखमा २४ वटा छन्दको प्रयोग भएको चर्चा गर्दै उदाहरण सहित सामान्य परिचय मात्र देखाएका छन् (भट्ट, २०५८ : २४) । **आदर्श राघव महाकाव्यमा अलङ्कार विधान** शीर्षकको स्नातकोत्तर शोधपत्रमा यस महाकाव्यमा २३ वटा छन्द भएको कुरा बताएका छन् (अधिकारी, २०६३ : ११२) । महादेव अवस्थीले *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श*मा **आदर्श राघव** महाकाव्यमा २० वटा वर्णमात्रिक र ३ वटा मात्रिक छन्द गरी २३ वटा छन्दको शास्त्रसम्मत प्रयोग भएको कुरा बताएका छन् (अवस्थी, २०६४ : १२९) । यस क्रममा उनले नर्कुटक छन्दलाई मात्रिक छन्दमा गणना गरेका छन् जुन छन्द वर्णमात्रिक वर्गअन्तर्गत पर्ने छन्द हो ।

यसरी अध्ययन अनुसन्धान गर्ने क्रममा सिग्देलको **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका २४ वटा छन्दहरूको गति, यति, गणसंरचना तथा उदाहरण साथ यस शोधपत्रमा अध्ययन गरिएको छ । सिग्देल परिष्कारवादी कवि भएकाले उनी भावमा भन्दा काव्य नियममा सचेत देखिन्छन् । यस महाकाव्यमा छन्द भङ्ग नगरी सचेतताका साथ छन्द प्रयोग भएको छ । यस महाकाव्यमा २४ वटा शास्त्रीय छन्दको सहज र स्वाभाविक प्रयोग भएका छन् । यस महाकाव्यमा वसन्ततिलका, इन्द्रवंशा, पृथ्वी, पुष्पिताग्रा, वियोगिनी, मालिनी, मन्दाक्रान्ता, प्रहर्षिणी, शार्दूलविक्रीडित, मत्तमयूर, द्रुतविलम्बित, हरिणी, भुजङ्गप्रयात, स्वागता, स्रग्धरा, पञ्चचामर, स्रग्विणी, शालिनी, शिखरिणी, अनुष्टुप्, कुटक जस्ता वर्णमात्रिक छन्द र उपगीति, गीति, लीलावती जस्ता मात्रिक छन्दको शास्त्रसम्मत अनुशासित प्रयोग भएका छन् । **आदर्श राघव** महाकाव्यको सर्ग विधान एवम् त्यसमा रहेका विषयशीर्षक र छन्द प्रयोगको विवरण यसप्रकार देखाइएको छ :

**तालिका सङ्ख्या ७**

**आदर्श राघवको सर्ग, विषय र छन्द विवरण**

| सर्ग | विषय | छन्दको नाम | छन्दको विस्तार | श्लोक सङ्ख्या | जम्मा छन्द | जम्मा श्लोक |
|---|---|---|---|---|---|---|
| प्रथम | मङ्गल | वसन्ततिलका | 1–6 श्लोकसम्म | 6 | 3 | 73 |
| | उपक्रम | वसन्ततिलका | 7–17 श्लोकसम्म | 10 | | |
| | साकेत | वसन्ततिलका | 18–23 श्लोकसम्म | 6 | | |
| | पूर्ववृत | वसन्ततिलका | 24–32 श्लोकसम्म | 9 | | |
| | पितृमातृ–वृत्तान्त | वसन्ततिलका | 33–41 श्लोकसम्म | 9 | | |
| | अपुत्रता | वसन्ततिलका | 42–56 श्लोकसम्म | 15 | | |
| | श्रीरामादिजन्म | वसन्ततिलका | 57–67 श्लोकसम्म | 11 | | |
| | आनन्दोत्सव | स्वागता | 68–72 श्लोकसम्म | 5 | | |
| | | मालिनी | 73 औं श्लोक | 1 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| द्वितीय | गार्हस्थ्य | इन्द्रवंशा | 1–11 श्लोकसम्म | 11 | 3 | 77 |
| | दशरथको गृहश्री | इन्द्रवंशा | 12–15 श्लोकसम्म | 4 | | |
| | बालसंस्कार शिक्षा | इन्द्रवंशा | 16–28 श्लोकसम्म | 13 | | |
| | विश्वामित्रको आगमन | इन्द्रवंशा | 29–42 श्लोकसम्म | 14 | | |
| | आश्रमतिर प्रस्थान | इन्द्रवंशा | 43–48 श्लोकसम्म | 6 | | |
| | विश्वामित्राश्रम | इन्द्रवंशा | 49–61 श्लोकसम्म | 13 | | |
| | यज्ञविघ्नध्वंस | इन्द्रवंशा | 62–70 श्लोकसम्म | 9 | | |
| | रामको अभिनन्दन | इन्द्रवंशा | 71–73 श्लोकसम्म | 3 | | |
| | रात्री विश्राम | वसन्ततिलका | 74–76 श्लोकसम्म | 3 | | |
| | | पञ्चचामर | 77 औँ श्लोक | 1 | | |
| तृतीय | प्रातःकाल | पृथ्वी | 1–22 श्लोकसम्म | 22 | 4 | 61 |
| | मिथिलागमन | पृथ्वी | 23–24 श्लोकसम्म | 2 | | |
| | शिवधनुर्भङ्ग | पृथ्वी | 25–34 श्लोकसम्म | 10 | | |
| | सीता–स्वयंवर | पृथ्वी | 35–37 श्लोकसम्म | 3 | | |
| | विवाह | पृथ्वी | 38–45 श्लोकसम्म | 8 | | |
| | परशुराम दमन | पृथ्वी | 46–56 श्लोकसम्म | 11 | | |
| | अयोध्या गमन | मालिनी | 57–59 श्लोकसम्म | 3 | | |
| | | स्वागता | 60 औँ श्लोक | 1 | | |
| | | हरिणी | 61 औँ श्लोक | 1 | | |
| | उत्तर वयको विचार | पुष्पिताग्रा | 1–14 श्लोकसम्म | 14 | 3 | 79 |
| | यौवराज्यभङ्ग | पुष्पिताग्रा | 15–29 श्लोकसम्म | 15 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | राम वनवास | पुष्पिताग्रा | ३०–३४ श्लोकसम्म | ५ | | |
| चतुर्थ | लक्ष्मणको दृढ प्रेम | पुष्पिताग्रा | ३५–३६ श्लोकसम्म | २ | | |
| | सीताको पतिभक्ति | पुष्पिताग्रा | ३७–४९ श्लोकसम्म | १३ | | |
| | वनप्रस्थान | पुष्पिताग्रा | ५०–५७ श्लोकसम्म | ८ | | |
| | अयोध्यामा शोक | पुष्पिताग्रा | ५८–६४ श्लोकसम्म | ७ | | |
| | भरतविलाप | पुष्पिताग्रा | ६५–७२ श्लोकसम्म | ८ | | |
| | भरतको प्रस्थान | पुष्पिताग्रा | ७३ औँ श्लोक | १ | | |
| | | मन्दाक्रान्ता | ७४–७७ श्लोकसम्म | ४ | | |
| | | वसन्ततिलका | ७८–७९ श्लोकसम्म | २ | | |
| | पितृशोक | वियोगिनी | १–१६ श्लोकसम्म | १६ | ३ | ६१ |
| | वशिष्ठको प्रबोधन | वियोगिनी | १७–३८ श्लोकसम्म | २२ | | |
| पञ्चम | भरतादिको विनय | वियोगिनी | ३९–४८ श्लोकसम्म | १० | | |
| | रामको अटल निष्ठा | वियोगिनी | ४९–५८ श्लोकसम्म | १० | | |
| | भरतको प्रत्यावर्तन | वियोगिनी | ५९ औँ श्लोक | १ | | |
| | | स्रग्धरा | ६० औँ श्लोक | १ | | |
| | | हरिणी | ६१ औँ श्लोक | १ | | |
| | शारदी शोभा | मालिनी | १–१२ श्लोकसम्म | १२ | २ | ६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| षष्ठ | पञ्चवटी–प्रवेश | मालिनी | 13–16 श्लोकसम्म | 4 | | |
| | रामाश्रम | मालिनी | 17–30 श्लोकसम्म | 14 | | |
| | दिनचर्या | मालिनी | 31–39 श्लोकसम्म | 9 | | |
| | हेमन्त–समय | मालिनी | 40–41 श्लोकसम्म | 2 | | |
| | शूर्पणखादि दमन | मालिनी | 42–52 श्लोकसम्म | 11 | | |
| | मारीच वध | मालिनी | 53–64 श्लोकसम्म | 12 | | |
| | | मन्दाक्रान्ता | 65 औँ श्लोक | 1 | | |
| सप्तम | रावणको दुष्टता | मन्दाक्रान्ता | 1–10 श्लोकसम्म | 10 | 2 | 54 |
| | सीता–हरण | मन्दाक्रान्ता | 11–23 श्लोकसम्म | 13 | | |
| | लङ्का–नयन | मन्दाक्रान्ता | 24–30 श्लोकसम्म | 7 | | |
| | रामको व्याकुलता | मन्दाक्रान्ता | 31–39 श्लोकसम्म | 9 | | |
| | रामको धैर्य | मन्दाक्रान्ता | 40–44 श्लोकसम्म | 5 | | |
| | जटायु र कबन्धको सद्गति | मन्दाक्रान्ता | 45–49 श्लोकसम्म | 5 | | |
| | शबरी–सङ्गम | पृथ्वी | 50–51 श्लोकसम्म | 2 | | |
| | पम्पा प्राप्ति | पृथ्वी | 52–54 श्लोकसम्म | 3 | | |
| अष्टम | वसन्त ऋतु | द्रुतविलम्बित | 1–26 श्लोकसम्म | 26 | 3 | 55 |
| | वासन्तिक बाधा | द्रुतविलम्बित | 27–50 श्लोकसम्म | 24 | | |
| | | पृथ्वी | 51–52 श्लोकसम्म | 2 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वानर–सङ्गम | पृथ्वी | 53–54 श्लोकसम्म | 2 | | |
| | | हरिणी | 55 औँ श्लोक | 1 | | |
| नवम | मित्रलाभ | प्रहर्षिणी | 1–9 श्लोकसम्म | 9 | 3 | 64 |
| | सुग्रीव–सङ्गम र मित्रता | प्रहर्षिणी | 10–39 श्लोकसम्म | 30 | | |
| | सुग्रीवलाई राज्यलाभ | प्रहर्षिणी | 40–43 श्लोकसम्म | 4 | | |
| | ऋतुपरिवर्तन | प्रहर्षिणी | 44–48 श्लोकसम्म | 5 | | |
| | वानरप्रेषण | प्रहर्षिणी | 49–51 श्लोकसम्म | 3 | | |
| | हनुमानको साहस | प्रहर्षिणी | 52–61 श्लोकसम्म | 10 | | |
| | | पृथ्वी | 62–63 श्लोकसम्म | 2 | | |
| | | स्रग्धरा | 64 औँ श्लोक | 1 | | |
| दशम | उत्साह र साहस | गीति | 1–6 श्लोकसम्म | 6 | 3 | 64 |
| | समुद्र–प्लवन | गीति | 7–17 श्लोकसम्म | 11 | | |
| | सीता दर्शन | गीति | 18–20 श्लोकसम्म | 30 | | |
| | हनुमत्सीता संवाद | गीति | 21–40 श्लोकसम्म | 20 | | |
| | लङ्का–विध्वंस | गीति | 41–48 श्लोकसम्म | 8 | | |
| | लङ्का दहन | गीति | 49–55 श्लोकसम्म | 7 | | |
| | हनुमानको प्रत्यागमन | गीति | 56–61 श्लोकसम्म | 6 | | |
| | | मत्तमयूर | 62–63 श्लोकसम्म | 2 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लीलावती | 64 औँ श्लोक | 1 | | |
| एकादश | रावणको अधर्मप्रकृति | शार्दूलविक्रीडित | 1–13 श्लोकसम्म | 13 | 2 | 69 |
| | विजय यात्रा | शार्दूलविक्रीडित | 14–16 श्लोकसम्म | 3 | | |
| | सामुद्रिक प्रतिबन्ध | शार्दूलविक्रीडित | 17–18 श्लोकसम्म | 2 | | |
| | सेतु निर्माण | शार्दूलविक्रीडित | 19–25 श्लोकसम्म | 7 | | |
| | समुद्र पारगमन | शार्दूलविक्रीडित | 26–27 श्लोकसम्म | 2 | | |
| | विभीषणको ग्रहण | शार्दूलविक्रीडित | 28–30 श्लोकसम्म | 3 | | |
| | अङ्गदको दूतकर्म | शार्दूलविक्रीडित | 31–36 श्लोकसम्म | 6 | | |
| | राम–रावण युद्ध | शार्दूलविक्रीडित | 37–50 श्लोकसम्म | 14 | | |
| | रावण–वध | शार्दूलविक्रीडित | 51–58 श्लोकसम्म | 8 | | |
| | सीताको भेट र आश्वासन | शार्दूलविक्रीडित | 59–67 श्लोकसम्म | 9 | | |
| | विभीषण राज्य | शार्दूलविक्रीडित | 68 औँ श्लोक | 1 | | |
| | | वसन्ततिलका | 69 औँ श्लोक | 1 | | |
| द्वादश | विजयानन्द | मत्तमयूर | 1–11 श्लोकसम्म | 11 | 3 | 57 |
| | रामको विमान–यात्रा | मत्तमयूर | 12–28 श्लोकसम्म | 17 | | |
| | भरद्वाजाश्रम–प्राप्ति | मत्तमयूर | 29–31 श्लोकसम्म | 3 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भरतादिको प्रत्युद्गमन | मत्तमयूर | 32–35 श्लोकसम्म | 4 | | |
| | आत्मीय–समागम | मत्तमयूर | 36–44 श्लोकसम्म | 9 | | |
| | हर्षोदय | मत्तमयूर | 45–48 श्लोकसम्म | 4 | | |
| | पुर–प्रासाद–प्रवेश | मत्तमयूर | 49–52 श्लोकसम्म | 4 | | |
| | आनन्दवृद्धि | मत्तमयूर | 53–54 श्लोकसम्म | 2 | | |
| | | पञ्चचामर | 55–56 श्लोकसम्म | 2 | | |
| | | पृथ्वी | 57 औँ श्लोक | 1 | | |
| त्रयोदश | राज्य–संमान | हरिणी | 1–10 श्लोकसम्म | 10 | 2 | 58 |
| | श्रीराम–राज्याभिषेक | हरिणी | 11–22 श्लोकसम्म | 12 | | |
| | नगर–यात्रोत्सव | हरिणी | 23–28 श्लोकसम्म | 6 | | |
| | वशिष्ठको शुभोपदेश | हरिणी | 29–45 श्लोकसम्म | 17 | | |
| | प्रजामा आन्दोत्सव | हरिणी | 46–49 श्लोकसम्म | 4 | | |
| | सुग्रीवहरूको विदाइ | हरिणी | 50–55 श्लोकसम्म | 6 | | |
| | रात्री–समय | वसन्ततिलका | 56–58 श्लोकसम्म | 3 | | |
| चतुर्दश | चन्द्रोदय | भुजङ्गप्रयात | 1–15 श्लोकसम्म | 15 | 3 | 54 |
| | रामको आनन्दवाणी | भुजङ्गप्रयात | 16–38 श्लोकसम्म | 23 | | |
| | सीताको | भुजङ्गप्रयात | 39–49 श्लोकसम्म | 11 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रेमोक्ति | | | | | |
| | राज कार्य चिन्ता | भुजङ्गप्रयात | 50–51 श्लोकसम्म | 2 | | |
| | | मत्तमयूर | 52–53 श्लोकसम्म | 2 | | |
| | | स्रग्धरा | 54 औँ श्लोक | 1 | | |
| पञ्चदश | सौराज्य | गीति | 1–10 श्लोकसम्म | 10 | 9 | 73 |
| | धर्मरक्षा | स्रग्विणी | 11–20 श्लोकसम्म | 10 | | |
| | कार्यप्रबन्ध | शालिनी | 21–25 श्लोकसम्म | 5 | | |
| | देश–शोभा | पुष्पिताग्रा | 26–35 श्लोकसम्म | 10 | | |
| | सन्नीति | अनुष्टुप् | 36–48 श्लोकसम्म | 13 | | |
| | राजा र प्रजाको प्रेम र भक्ति | शिखरिणी | 49–56 श्लोकसम्म | 8 | | |
| | सैनिक शक्ति | पृथ्वी | 57–61 श्लोकसम्म | 5 | | |
| | प्रताप | पञ्चचामर | 62–69 श्लोकसम्म | 8 | | |
| | कीर्तिगान | वसन्ततिलका | 70–73 श्लोकसम्म | 4 | | |
| षोडश | संसार | उपगीति | 1–6 श्लोकसम्म | 6 | 2 | 97 |
| | सीताको त्याग | उपगीति | 7–20 श्लोकसम्म | 14 | | |
| | सीताको वेदना | उपगीति | 21–30 श्लोकसम्म | 10 | | |
| | लक्ष्मणको विषाद | उपगीति | 31–36 श्लोकसम्म | 6 | | |
| | वाल्मीकिको आश्रममा वास | उपगीति | 37–41 श्लोकसम्म | 5 | | |
| | सीतालाई | उपगीति | 42–51 श्लोकसम्म | 10 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रबोधन | | | | | |
| | कुश–लव–जन्मसंस्कार | उपगीति | 52–57 श्लोकसम्म | 6 | | |
| | रामको अवस्था | उपगीति | 58–60 श्लोकसम्म | 3 | | |
| | अश्वमेध यज्ञ | उपगीति | 61–66 श्लोकसम्म | 6 | | |
| | कुश–लवको प्रवेश | उपगीति | 67–68 श्लोकसम्म | 2 | | |
| | वाल्मीकिको उक्ति | उपगीति | 69–75 श्लोकसम्म | 7 | | |
| | सीताको उदयास्त | उपगीति | 76–87 श्लोकसम्म | 12 | | |
| | जयजयकार | कुटक (नर्कुटक) | 88–97 श्लोकसम्म | 10 | | |

उपर्युक्त विवरणबाट **आदर्श राघव** महाकाव्यमा विषय भाव अनुकूल छन्द योजना भएको पाइन्छ । सिग्देल छन्द योजनामा सचेत देखिन्छन् । **आदर्श राघव** प्रतिभाको प्रवाहपूर्ण शक्तिद्वारा संरचित नभई मूलतः व्युत्पत्ति र अभ्यासकै साधनाद्वारा बाँधिएको हुँदा सर्ग–सर्गको बन्ध र अझ सर्ग पनि टुक्राटुक्रा कविताको संयोजनका रूपमा देखापर्छ । यसका वास्तविकतालाई प्रत्येक सर्गमा महाकाव्यकारले दिएका विभिन्न शीर्षकले समेत प्रष्ट्याकै छन् (आचार्य, २०४१ : ७१) । प्रत्येक सर्गका विषय शीर्षकमा भावरस अनुकूल छन्दविधान भएको पुष्टि उपर्युक्त तालिकाबाट प्रष्ट हुन्छ । **आदर्श राघव** महाकाव्यमा सोह्र सर्गका परिगणित जम्मा १०६१ श्लोकमा २१ वटा वर्णमात्रिक र ३ वटा मात्रिक छन्दको प्रयोग भएको देखिन्छ । सिग्देलले एउटा सर्गमा विषय अनुकूल कम्तीमा दुई छन्ददेखि लिएर बढीमा नौवटा छन्दको प्रयोग गरेका छन् । प्रथम, द्वितीय, चतुर्थ, पञ्चम, अष्टम, नवम, दशम, द्वादश, चतुर्दश आदि सर्गमा तीनवटा छन्दको प्रयोग भएको छ । तृतीय सर्गमा चारवटा छन्द प्रयोगमा आएका छन् । षष्ठ, सप्तम, एकादश, त्रयोदश, षोडश सर्गमा दुई छन्दको प्रयोग भएको छ भने पञ्चदश सर्गमा सबैभन्दा बढी नौवटा छन्द प्रयोग भएका छन् ।

सिग्देलले यस्तो छन्द योजना गर्ने क्रममा प्रत्येक सर्गमा उपशीर्षक दिएर तिनमा उपयोगी हुने रस भाव अनुकूलका छन्द नै प्रयोग गरेका छन् ।

**आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दहरूको श्लोकगत सङ्ख्यालाई निम्न तालिकामा देखाउन सकिन्छ :

**तालिका सङ्ख्या ८**

**आदर्श राघवमा छन्द र श्लोक सङ्ख्या**

| **क्र.सं.** | **छन्दको नाम** | **श्लोक सङ्ख्या** |
|---|---|---|
| 1 | उपगीति | 87 |
| 2 | पुष्पिताग्रा | 83 |
| 3 | वसन्ततिलका | 80 |
| 4 | इन्द्रवंशा | 73 |
| 5 | पृथ्वी | 73 |
| 6 | गीति | 71 |
| 7 | शार्दूलविक्रीडित | 68 |
| 8 | मालिनी | 68 |
| 9 | प्रहर्षिणी | 61 |
| 10 | वियोगिनी | 59 |
| 11 | मत्तमयूर | 58 |
| 12 | हरिणी | 58 |
| 13 | मन्दाक्रान्ता | 54 |
| 14 | भुजङ्गप्रयात | 51 |
| 15 | द्रुतविलम्बित | 50 |
| 16 | अनुष्टुप् | 13 |
| 17 | पञ्चचामर | 11 |
| 18 | स्रग्विणी | 10 |
| 19 | कुटक | 10 |
| 20 | शिखरिणी | 8 |

| | | |
|---|---|---|
| 21 | स्वागता | 6 |
| 22 | शालिनी | 5 |
| 23 | स्रग्धरा | 3 |
| 24 | लीलावती | 1 |
| hDdf | श्लोक | 1061 |

उपर्युक्त तालिकाबाट सिग्देलले **आदर्श राघव** महाकाव्यमा कति शलोकसम्म कुन छन्दको प्रयोग गरेका छन् भन्ने कुरा प्रष्ट हुन्छ । यसरी हेर्दा **आदर्श राघव** महाकाव्यमा सबभन्दा बढी उपगीति छन्दको (८७ श्लोकसम्म) प्रयोग भएका छन् भने सबभन्दा कम प्रयोग लीलावती छन्द (१ श्लोक मात्र) भएको छ ।

**आदर्श राघव** महाकाव्यमा सोमनाथ सिग्देलले शास्त्रीय छन्दहरूको नियमबद्ध रूपमा प्रयोग गरेका छन् । उनले यस महाकाव्यमा वर्णमात्रिक तथा मात्रिक छन्दको शास्त्रसम्मत अनुशासित प्रयोग गरेका छन् । उनको त्यो विविधतापूर्ण छन्द प्रयोगसमेत उनकै पाण्डित्य–प्रदर्शन र अत्यधिक शिल्पचमत्कारले गर्दा शुष्क बन्न पुगेको देखिन्छ (अवस्थी, २०६४ : १२९) । सिग्देलले लोकजिब्रोमा भिजेका वा बढी प्रचलनमा आएका वसन्ततिलका, शार्दूलविक्रीडित, अनुष्टुप् र शिखरिणी जस्ता छन्दको मात्र प्रयोग नगरी यसमा लीलावती ( १० : ६४) जस्तो एकदम थोरै मात्र प्रयोगमा हुने छन्दको समेत प्रयोग गरेका छन् । उनका भाषा प्रयोगको वर्णयोजनाका तहमा अनुप्रास शब्दालङ्कारका साथै यमक–चातुर्यको माधुरी प्रचुर मात्रामा रहेको भए पनि नेपाली भाषाका शब्द, शब्दावली र वाक्यका चयन–विचलनमा उनले देखाएको पाण्डित्यका कारणले समग्रमा **आदर्श राघव** महाकाव्यको भाषा उच्च प्रयुक्तियुक्त र शैली जटिल बन्न पुगेको पाइन्छ ।

महाकवि सिग्देलले यस महाकाव्यमा छन्द शास्त्रका परम्परागत नियमलाई इमान्दारीका साथ प्रयोग गरेका छन् । उनले दुई दर्जन छन्दहरूको प्रयोग गरी तिनका गणव्यवस्थाप्रति र गति, यति, लय एवम् अक्षर सङ्ख्यामा तलमाथि नगरी छन्द प्रयोगमा सफलता हासिल गरेका छन् । **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका प्रत्येक छन्दमा विश्रामको नियम पालना भएको र विश्रामका लागि छन्दभङ्ग पनि नभएको पाइन्छ । **आदर्श राघव** महाकाव्यमा प्रयोग भएका छन्दलाई वर्गीकरण गर्दा वार्णिक र मात्रिक गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । यसमा वार्णिक छन्द २१ वटा रहेका छन् भने मात्रिक वर्गका ३

वटा छन्द रहेका छन् । यसै वर्गीकरणका आधारमा **आदर्श राघव** महाकाव्यमा छन्द प्रयोगको विशिष्ठतालाई यहाँ प्रस्तुत गरिएको छ ।

## ३.२.१ वार्णिक छन्द

वर्णको गणनाका आधारमा निर्धारण हुने छन्दलाई वार्णिक छन्द भनिन्छ । यसमा लघु गुरु अर्थात् ह्रस्व दीर्घको व्यवस्थापनमा गणव्यवस्था गरिन्छ (गौतम, २०६८ : ६६) । छन्दोबद्ध कवितामा लयको आवृत्ति नियमित हुन्छ । नियमित आवृत्तिले लयलाई बद्ध बनाउँछ (गौतम, २०६८ : ६६) । **आदर्श राघव** महाकाव्यमा सबैभन्दा बढी वार्णिक छन्दको प्रयोग पाइन्छ । त्यसैले यहाँ पहिले वार्णिक छन्दहरूको विश्लेषण गरिएको छ । छन्दका विश्लेषणका आधारमा औच्चार्य रूप, गति, यति, लय, गणसंरचना अनुसार विश्लेषण गर्ने प्रयास यसमा गरिएको छ । यहाँ विश्रामलाई (#) चिह्नले चिनाइएको छ भने गणसंरचनालाई (।) चिह्नले चिनाइएको छ ।

### ३.२.१.१ वसन्ततिलका

वसन्ततिलका छन्द शक्वरी भेदअन्तर्गत पर्ने समवृत्त छन्द हो । यसमा तगण, भगण, दुईवटा जगण र अन्त्यमा दुई गुरु वर्ण हुन्छन् । यो चौध अक्षरीय संरचनामा निर्माण हुन्छ । यसमा आठ अक्षरमा विश्राम हुन्छ । यो प्राकृतिक सौन्दर्यका साथै करुणरस प्रधान चित्ताकर्षक भावमा अत्यन्त उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा वसन्ततिलका छन्दका ८० वटा श्लोकहरू रहेका छन् । यहाँ भावअनुकूल यसको प्रयोग भएको छ । उदाहरणका रूपमा मङ्गलाचरणमा पशुपतिको स्तुति गर्ने क्रममा प्रयोग भएको श्लोकलाई लिन सकिन्छ :

श्रीपूर्ण पञ्चमुख मूर्ति लिई सरूप,
सृष्टि–स्थिति–क्षय–निरोध–कृपानुरूप ।
सच्चित्सुखात्मक निरञ्जन तत्त्वरूप,
सम्झी रहौं पशुपती प्रभुको स्वरूप ॥ (१:१)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गर्न सकिन्छ :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण | त | भ | ज | ज | गुरु | गुरु |

सङ्केत ऽऽ। ऽ।। ।ऽ। ।ऽ। ऽ ऽ

श्रीपूर्‌ण/पन्चमु/ख मूर्‌ # ति/लिई स/रूप #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

सृस्‌टिस्‌ थि/तिक्‌ छय/निरो # ध/कृपा नु/रूप #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

सच्‌चित्‌सु/खात्‌मक/निरन्‌ # ज/न तत्‌त्व/रूप #

ऽ ऽ । ऽ । । । ऽ । । ऽ । ऽ ऽ

सम्‌झी र/हौं पशु/पती # प्र/भुको स्व/रूप #

ऽ ऽ । ऽ ।। । ऽ । । ऽ । ऽ ऽ

प्रस्तुत पद्यका प्रत्येक पाउमा तगण, भगण, जगण, जगण र अन्त्यमा दुई वटा गुरु वर्ण छन्‌ र आठ अक्षरमा विश्राम भएको छ । यसमा चौथो पाउमा पशुपतिको 'ति' छन्द मिलानका लागि 'ती' बनाइएको छ र प्रत्येक पाउका अन्तमा आएको रूपको 'प' ह्रस्व भए पनि छन्द नियममा अन्तिम वर्ण विकल्पले दीर्घ हुन्छ भनेकाले नियमानुसार दीर्घ मानिएको छ । अन्यथा यसमा कुनै छन्दभङ्ग भएको पाइँदैन ।

### ३.२.१.२ पुष्पिताग्रा

यो छन्द वार्णिक छन्दको अर्द्धसमवृत्त भेदमा पर्ने छन्द हो । यसको पहिलो र तेस्रो पाउ समान र दोस्रो र चौथो पाउमा समानता हुन्छ । यसमा छ अक्षरमा विराम हुन्छ । यो छन्द करुण रसमा उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ८३ श्लोकहरू रहेका छन्‌ । उदाहरणका रूपमा चतुर्थ सर्गको पाँचौं श्लोकलाई लिन सकिन्छ :

विकट विषयको प्रभा छ यस्तो,
    विषधरका मणिको प्रभाव जस्तो ।
चहक महकले भुकान पारी,
    जहर दिलाइ ढलाउने लतारी ॥ (४.५)

उपर्युक्त श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

गण न न र य

| | | | | | |
|---|---|---|---|---|---|
| सङ्केत | ||| | ||| | ऽ|ऽ | |ऽऽ | |
| गण | न | ज | ज | र | गुरु |
| सङ्केत | ||| | |ऽ| | |ऽ| | ऽ|ऽ | ऽ |

विकट/विषय/# को प्रभा/छ यस्तो/ #

। । । ।।।   ऽ । ऽ । ऽ ऽ

विषध/रका म/# णिको प्र/भाव जस्/को #

। ।। । ऽ ।   । ऽ । ऽ । ऽ ऽ

चहक/महक/# ले भुका/न पारी/#

। ।। । ।।   ऽ । ऽ ।ऽ ऽ

जहर/दिलाइ/# ढलाउ/ने लता/री #

।। । ।ऽ।   ।ऽ । ऽ। ऽ ऽ

प्रस्तुत पद्यमा पहिलो र तेस्रो पाउमा नगण, नगण, रगण र यगण रहेका छन् । त्यस्तै दोस्रो र चौथो पाउमा नगण, जगण, जगण, रगण र अन्त्य वर्ण गुरु छ तथा यसमा छ अक्षरमा विश्राम गरिएको छ । साथै दिलाईको दीर्घ 'ई' लाई छन्द मिलानका लागि दिलाइ बनाइएको छ । यसबाहेक अन्य छन्द मिलेको छ ।

### ३.२.१.३ इन्द्रवंशा छन्द

यो छन्द जगती भेदअन्तर्गत पर्ने वर्णमात्रिक समवृत्त छन्द हो । यसमा दुई तगण, जगण र रगण रही बाह्र अक्षरीय संरचना रहेको हुन्छ । यसको पाँच अक्षरपछि विश्राम हुन्छ र यो प्रायः गरेर सबै रस भावमा सुहाएको पाइन्छ । **आदर्श राघव** महाकाव्यमा ७३ श्लोक यस छन्दमा रचिएका छन् । महाकाव्यमा द्वितीय सर्गको दशरथको गार्हस्थ वर्णनदेखि लिएर शान्तरस, वीरभाव, रौद्ररस जस्ता भावको प्रयोगमा यस छन्दको नियमेन प्रयोग गरेका छन् । उदाहरणको रूपमा द्वितीय सर्गको बाल–संस्कार शिक्षा वर्णनमा आएको १८ औं श्लोकलाई लिन सकिन्छ :

सन्तानको जीवन–शुद्धि–साधन,

माता पिताको पद हुन्छ शोभन ।

रक्षा र शिक्षा यिनको सुदृष्टिमा,

सौभाग्य भर्छन् शुभ भाग्य–सृष्टि मा ॥ (२ : १८)

उपर्युक्त श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

| | | | | |
|---|---|---|---|---|
| गण | त | त | ज | र |
| सङ्केत | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ |

सन्तान/को जी # व/न शुद्धि/साधन/#
ऽ ऽ । ऽ ऽ । । ऽ । ऽ । ऽ
माता पि/ताको # प/द हुन्छ/शोभन/#
ऽ ऽ । ऽ ऽ । । ऽ । ऽ । ऽ
रक्छा र/शिक्छा # यि/नको सु/दृस्टिमा/#
ऽ ऽ । ऽ ऽ । । ऽ । ऽ । ऽ
सौभाग्य/भर्छन् # शु/भ भाग्य/सृस्टि मा/#
ऽ ऽ । ऽ ऽ । । ऽ । ऽ । ऽ

प्रस्तुत पद्यमा दुई तगण, जगण, रगण प्रयोग भएको छ र पाँच अक्षरमा विश्राम भएको छ । यसमा शान्तरस रहेको छ । यो पद्यमा साधन र शोभनको अन्त्य न वर्ण छन्द नियमले दीर्घ उच्चारणमा आएको छ अन्य संरचनामा कुनै व्याकरणिक त्रुटि नभई यथावत् नै रहेको छ ।

### ३.२.१.४ पृथ्वी

यो छन्द सत्र अक्षरीय संरचना हुने अत्यष्टि भेदअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा जगण, सगण, जगण, सगण, यगण र अन्त्यमा एक लघु र एक गुरु वर्णको गणसंरचना रहेको हुन्छ । आठ अक्षरमा विराम हुने यो छन्द करुण शृङ्गार रसयुक्त भावमा विशेष गरेर सुहाउने गर्दछ । **आदर्श राघव** महाकाव्यमा ७३ श्लोक यस छन्दमा संरचित छन् । महाकाव्यमा तृतीयसर्गको सीता–स्वयम्वर वर्णनमा शृङ्गार विधानलाई उद्दीप्त पार्न प्रयोग गरिएको निम्न श्लोकलाई उदाहरणका रूपमा लिन सकिन्छ :

प्रफुल्ल मिथिलेशको अमृत–तुल्य आदेशमा,

सखीसहित मस्कँदै अगि सरी वधू–वेषमा ।

नुही रघु–किशोरको जनक–कन्यकाले अब,

स्वयंवरण गर्नुभो रुचिर माल्यले सोत्सव ॥ (३ : ३५)

प्रस्तुत श्लोकको गणसंरचना गति, यति र लय अनुसार यसप्रकार विश्लेषण गर्न सकिन्छ :

| गण | ज | स | ज | स | य | लघु | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽ। | ।।ऽ | ।ऽ। | ।।ऽ | ।ऽऽ | । | ऽ |

प्रफुल्ल/मिथिले/शको # अ/मृत तुल्/य आदे/शमा #

। ऽ । । । ऽ ।ऽ । । । ऽ । ऽ ऽ । ऽ

सखीस/हित मस्/कँदै # अ/गि सरी/वधू वे/समा #

। ऽ । । । ऽ । ऽ । । । ऽ । ऽ ऽ । ऽ

नुही र/घु किशो/रको # ज/नक कन्/यकाले/अब #

। ऽ । । । ऽ । ऽ । । । ऽ । ऽ ऽ । ऽ

स्वयम्व/रण गर्/नुभो # रु/चिर माल्/यले सोत्/सब #

। ऽ । ।। ऽ ।ऽ । । । ऽ ।ऽ ऽ ।ऽ

प्रस्तुत पद्यमा जगण, सगण, जगण, सगण, यगण र अन्त्यमा एक लघु वर्ण र एक गुरु वर्ण प्रयोगमा आएको छ र आठ अक्षरमा विश्राम भएको छ । यसमा शृङ्गार रस छ । यसको तेस्रो र चौथो पाउको अन्तिम शब्द अब र सबको ब–ब गुरुवर्णको उच्चारणमा आएको छ भने अन्य संरचनामा कुनै हेरफेर पाइँदैन ।

### ३.२.१.५ शार्दूलविक्रीडित

यो छन्द उन्नाईस अक्षरीय संरचना हुने छन्द अतिधृति वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यो मगण, सगण, जगण, सगण, तगण, तगण र अन्त्यमा गुरु वर्णको संरचनामा निर्माण हुन्छ । यसको बाह्रौं र उन्नाइसौं अक्षरमा विराम हुन्छ । यो छन्द प्रायः गरेर सबै रस भावमा सुहाउने छन्द मानिन्छ । प्रस्तुत महाकाव्यमा ६८ वटा श्लोक यस छन्दमा रचिएका छन् । एकादश सर्गको विजययात्रा र राम रावण युद्ध वर्णनमा वीर भावना जगाउन हर्षपूर्ण उद्गार बढाउन र श्रोताको चित्तलाई अभिमुखीकरण गर्न यस छन्दको

शोभायमान रूपमा शास्त्रीय नियम सङ्गत प्रयोग गरेको पाइन्छ । उदाहरणका रूपमा एकादश सर्गको १४ औं श्लोकलाई लिन सकिन्छ । यसमा वीरभाव प्रष्ट रूपमा रहेको छ ।

सेखी रावण दुष्टको धुलिपिठी चाँडै गरी आखिर,
सीताको विरह–व्यथा–शमनले उद्धारको खातिर ।
यात्रा राघवको चल्यो विजयका उत्साहको साथमा
निस्की वानर वाहिनी पनि सबै साथी बने नाथमा ॥ (११ : १४)

प्रस्तुत श्लोकलाई गति, यति लय र गणसंरचना अनुसार निम्न तरिकाले विश्लेषण गर्न सकिन्छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | स | ज | स | त | त | गुरु |
| सङ्केत | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

सेखी रा/वण दुस्/टको धु/लिपिठी/# चाँडै ग/री आखि/र #
ऽ ऽ ऽ ।। ऽ ।ऽ । । । ऽ ऽ ऽ। ऽ ऽ । ऽ
सीताको/विरहव्/व्यथा श/मनले/ # उद्धार/को खाति/र #
ऽ ऽ ऽ ।।ऽ । ऽ । । ।ऽ ऽ ऽ । ऽ ऽ। ऽ
यात्रा रा/घवको/चल्यो वि/जयका # उत्साह/को साथ/मा #
ऽ ऽ ऽ । ।ऽ । ऽ । । ।ऽ ऽ ऽ । ऽ ऽ । ऽ
निस्की वा/नर वा/हिनी प/नि सबै # साथी ब/ने नाथ/मा #
ऽ ऽ ऽ ।। ऽ ।ऽ । । ।ऽ ऽ ऽ । ऽ ऽ । ऽ

प्रस्तुत पद्यमा मगण, सगण, जगण, सगण, दुई तगण र एक गुरु वर्ण संरचित छन् । यसको बाह्र अक्षरमा विश्राम भएको छ । यहाँ पहिलो र दोस्रो चरणको आखिर र खातिरमा आएको र ह्रस्व भए पनि अन्त वर्ण भएकाले दीर्घ उच्चारणको रूपमा आएको छ । दोस्रो चरणको विरहको छैटौं वर्ण गुरु हुनुपर्ने ठाउँमा 'ह' ह्रस्व वर्णलाई केही गणसंरचनामा बाधा पारेजस्तो भान हुन्छ तर व्यथाको जुन आधा 'व' छ त्यो केही मात्रामा हले पनि तानेको हुनाले लयमा कुनै बाधा उत्पन्न भएको छैन ।

### ३.२.१.६ मालिनी

यो छन्द पन्ध्र अक्षरीय संरचना हुने अतिशक्वरी भेदअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा नगण, नगण, मगण र दुई यगणको योग हुन्छ । यसको आठ अक्षरमा विराम हुने गर्छ । यो छन्द वीररस र प्राकृतिक वर्णनयुक्त भावमा निकै उपयोगी देखिन्छ । प्रस्तुत महाकाव्यमा मालिनी छन्दका ६८ श्लोक रहेका छन् । सिग्देलले पनि यस छन्दलाई उपयोगी लाग्ने प्राकृतिक वर्णनमा र वीरभाव वर्णनमा यस छन्दलाई प्रयोग गरेका छन् । शारदी शोभा वर्णन पञ्चवटी प्रवेश वर्णनमा प्राकृतिक वर्णन पाइन्छ । शूर्पणखादि दमन, मारीच वध वर्णनमा वीर भावलाई उद्दीप्त पार्ने श्लोक यस छन्दमा संरचित छन् । उदाहरणको रूपमा षष्ठसर्गको दोस्रो श्लोकलाई लिइन्छ ।

शरद्वृतु जब आयो, वृष्टिले छुट्टि पायो
गगन झलमलायो मेघ–माला विलायो ।
जल विमल गरायो, गैह्र हीलो हरायो,
रवि–किरण बढायो, पद्ममा श्री चढायो ॥ (६ : २)

प्रस्तुत पद्मलाई गति, यति, लय, गणसंरचना अनुसार निम्न तरिकाले विश्लेषण गर्न सकिन्छ :

| गण | न | न | म | य | य |
|---|---|---|---|---|---|
| सङ्केत | III | III | SSS | ISS | ISS |

शरद्/तु जब/आयो # वृस्/टिले छुट्/टि पायो/ #
। ।। । ।। ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ
गगन/झलम/लायो # मे/घ माला/विलायो/ #
।। । । । । ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ
जल वि/मल ग/रायो # गै/ह्र हीलो/हरायो/ #
। । । ।। । ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ
रवि कि/रण ब/ढायो # पद्/ममा श्री/चढायो/ #
। । । । ।। ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

प्रस्तुत श्लोकमा दुई नगण, एक मगण र दुई यगणको प्रयोग भएको छ र आठ अक्षरमा विराम गरिएको छ । यसमा प्राकृतिक वर्णन गरिएको छ ।

### ३.२.१.७ प्रहर्षिणी

यो छन्द तेह्र अक्षर हुने अतिजगती वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा मगण, नगण, जगण, रगण र अन्त्यमा एउटा गुरु वर्ण रहेको हुन्छ । यसको तीन छ र तेह्र अक्षरमा यति हुन्छ । यो छन्द सौन्दर्य वर्णन, वीररस, प्राकृतिक वर्णन र करुणरस युक्त भावमा विशेषतः उपयोगी देखिन्छ । प्रस्तुत महाकाव्यमा ६१ वटा श्लोक प्रहर्षिणी छन्दमा संरचित छन् । यहाँ सिग्देलले यस छन्दलाई उपयोगी हुने रसभावमा नियमबद्ध रूपमा प्रयोग गरेका छन् । उनले नवम सर्गको मित्रलाभ वर्णनमा सौन्दर्यको अतिशय वर्णन गरेको तेस्रो श्लोकलाई उदाहरणका रूपमा लिइएको छ :

सत्सङ्ग क्षणभर शुद्ध साधुतामा,
साधुत्व–स्थिति मनको विशुद्धतामा ।
शुद्धान्तःकरण पवित्र मित्रतामा
सन्मैत्री परिणत हुन्छ एकतामा ॥ (९ : ३)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिएको छ :

| गण | म | न | ज | र | गुरु |
|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ।।। | ।ऽ। | ऽ।ऽ | ऽ |

सत्सङ्गक्/ # छणभ/# र शुद्ध/साधुता/मा #
ऽ ऽ ऽ । ।। ।ऽ । ऽ । ऽ ऽ
साधुत्वस्/ # थिति म/# नको वि/शुद्धता/मा #
ऽ ऽ ऽ । । । । ऽ । ऽ। ऽ ऽ
शुद्धान्तः/# करण/# पवित्र/मित्रता/मा #
ऽ ऽ ऽ । ।। । ऽ । ऽ।ऽ ऽ
सन्मैत्री/# परिण/# त हुन्छ/एकता/मा #
ऽ ऽऽ ।। । । ऽ । ऽ।ऽ ऽ

प्रस्तुत श्लोकमा मगण, नगण, जगण, रगण र अन्त्यमा गुरु वर्ण प्रयोग भएको छ । यसको तीन र छ अक्षरमा यति भएको छ ।

### ३.२.१.८ वियोगिनी

यो छन्द वर्णमात्रिक छन्दको अर्द्धसमवृत्त वर्गअन्तर्गत पर्ने छन्द हो । यसको पहिलो र तेस्रो पाउमा दुई वटा सगण, एक जगण र अन्त्य गुरु भई दस अक्षरीय संरचना हुन्छ भने दोस्रो र तेस्रो पाउमा सगण, भगण, रगण र अन्त्यमा एक लघु र एक गुरु वर्ण भई एघार अक्षरीय संरचना हुन्छ । यसको छ अक्षरमा विश्राम हुन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ५९ श्लोकहरू रहेका छन् । यो छन्द करुणरसयुक्त भावमा उपयोगी देखिन्छ । महाकाव्यमा पनि सिग्देलले करुणोच्छवास, दुःख र शोकको तीव्रतालाई बढाउन सक्ने यस छन्दको प्रयोग गरेका छन् । उदाहरणको रूपमा पञ्चम सर्गको दोस्रो श्लोकलाई लिइन्छ :

जसको जगमा खडा भएँ,<br>
        उनकै नाश–निदान मै भएँ ।<br>
कदली–तरुको निमित्तमा<br>
        फल नै घातक हुन्छ अन्तमा ॥ (५ : २)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिएको छ :

| | | | | | |
|---|---|---|---|---|---|
| गण पहिलो र तेस्रो पाउ | स | स | ज | गुरु | |
| सङ्केत | ||ऽ | ||ऽ | |ऽ| | ऽ | |
| गण दोस्रो र चौथो पाउ | स | भ | र | लघु | गुरु |
| सङ्केत | ||ऽ | ऽ|| | ऽ|ऽ | | | ऽ |

जसको ⁄ जगमा # खडा भ ⁄ एँ #<br>
। । ऽ । । ऽ । ऽ । ऽ<br>
उनकै ⁄ नाश नि # दान मै ⁄ भ ⁄ एँ #<br>
। । ऽ ऽ । । ऽ । ऽ । ऽ<br>
कदली ⁄ तरुको ⁄ # निमित्त ⁄ मा #<br>
। । ऽ । । ऽ । ऽ । ऽ

फल नै/घातक/# हुन्छ अन्/तमा #

। । ऽ ऽ । ।   ऽ ।   ऽ   ।   ऽ

प्रस्तुत श्लोक पहिलो र तेस्रो पाउमा दुई सगण, जगण र एक गुरु वर्ण तथा दोस्रो र चौथो पाउमा सगण, भगण, रगण र एक लघु, एक गुरु वर्णले संरचित छ तथा प्रत्येक पाउको छ अक्षरमा विराम गरिएको छ ।

### ३.२.१.९ मत्तमयूर

यो छन्द तेह्र अक्षरीय संरचना हुने अतिजगती वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा मगण, तगण, यगण, सगण र अन्त्यमा गुरु वर्णको संरचना रहेको हुन्छ । यसको चार र नौ अक्षरमा छोटो विराम हुन्छ । यो छन्द आनन्द वर्णनमा उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा ५८ श्लोकहरू यस छन्दका रहेका छन् । सिग्देलले महाकाव्यमा विजयानन्द, आनन्द वृद्धि हर्षोदय वर्णनमा यसको प्रयोग गरेका छन् । उदाहरणको रूपमा द्वादश सर्गको विजयानन्द वर्णनको ३ श्लोकलाई लिन सकिन्छ :

साना ठूला मध्यम यावन्त–तलाका,

ताना वाना सुन्दर आनन्द–कलाका ।

संसारीको चित्त उघारी वश पारी

हुन्छन् भारी, गौरव–कारी श्रम–हारी ॥ (१२ : ३)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचनाका आधारमा विश्लेषण यसप्रकार गरिएको छ :

| | | | | | |
|---|---|---|---|---|---|
| गण | म | त | य | स | गुरु |
| सङ्केत | ऽऽऽ | ऽऽ। | ।ऽऽ | ।।ऽ | ऽ |

साना ठू/ला # मध्य/म यावन्/# त तला/का #

ऽ ऽ ऽ ऽ   ऽ ।   । ऽ ऽ ।   । । ऽ ऽ

ताना बा/ना # सुन्द/र आनन्/# दकला/का #

ऽ ऽ ऽ ऽ   ऽ ।   । ऽ ऽ   । । ऽ   ऽ

संसारी/को # चित्त/उघारी/# वश पा/री #

ऽ ऽ ऽ ऽ ऽ । ।ऽ ऽ ।। ऽ ऽ

हुन्छन् भा/री # गौर/व कारी /# श्रम हा/री #

ऽ ऽ ऽ ऽ ऽ। । ऽ ऽ । । ऽ ऽ

प्रस्तुत पद्य मगण, तगण, यगण, सगण र अन्त्यमा गुरु वर्णबाट संरचित छ । यसमा चार तथा नौ अक्षरमा विश्राम भएको छ ।

### ३.२.१.१० हरिणी

यो छन्द सत्र अक्षरीय संरचना हुने अत्यष्टि भेदअन्तर्गत पर्ने वर्णमात्रिक समवृत्त छन्द हो । यसमा नगण, सगण, मगण, रगण, सगण र अन्त्यमा लघु र गुरु वर्णको गणसंरचना रहेको हुन्छ । यसको आठ अक्षरमा विराम हुन्छ । यो छन्द हर्षोल्लास आनन्दोत्सव, शृङ्गाररसयुक्त भावमा बढी उपयोगी हुने मानिन्छ । प्रस्तुत महाकाव्यमा विभिन्न सर्गमा गरेर ५८ श्लोकहरू यस छन्दका रहेका छन् । सिग्देलले यहाँ संमान, हर्षोल्लास, उपदेश, आनन्दोत्सव आदि भावमा हरिणी छन्दको नियम सङ्गत सफल प्रयोग गरेका छन् । उदाहरणको रूपमा त्रयोदश सर्गको ४६ औं श्लोकलाई लिइएको छ :

नव उदयले प्रेमी स्वामी दयामय रामको,
अब सब हट्यो धोका, ढोका खुल्यो सुख धामको ।
तम गुम गरी पूर्व–द्वार–प्रभा जब खुल्दछ,
भुवन भवन प्रातः श्रीले समुज्ज्वल बन्दछ ॥ (१३ : ४६)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार विश्लेषण यसप्रकार गरिएको छ :

| गण | न | स | म | र | स | लघु | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।।। | ।।ऽ | ऽऽऽ | ऽ।ऽ | ।।ऽ | । | ऽ |

नव उ/दयले/प्रेमी # स्वा/मी दया/मय रा/मको #

। । । ।।ऽ ऽऽ ऽ ऽ ।ऽ ।।ऽ ।ऽ

अब स/ब हट्यो/धोका # ढो/का खुल्यो/सुख धा/मको #

। । । । । ऽ ऽ ऽ ऽ ऽ । ऽ ।। ऽ । ऽ

तम गु/म गरी/पूर्वद् # द्वा/रप् प्रभा/जब खुल्/दछ #

। । । । । ऽ ऽ ऽ ऽ ऽ ।ऽ ।। ऽ ।ऽ

भुवन/भवनप्/प्रातः # श्री/ले समुज्/ज्वल बन्/दछ #

। । ।   । । ऽ  ऽ ऽ     ऽ  ऽ  ।  ऽ   ।  ।   ऽ  । ऽ

प्रस्तुत श्लोकमा नगण, सगण, मगण, रगण, सगण र अन्त्यमा एक लघु तथा एक गुरु वर्ण हुनुका साथै आठ अक्षरमा विराम भएको छ । यस श्लोकको तेस्रो पाउको पूर्वको 'व' तथा द्वारको र अनि चौथो पाउको भवनको 'न' भएको ठाउँमा छन्द नियमानुसार दीर्घ हुनुपर्नेमा यी ह्रस्व वर्ण प्रयोगमा आएको हुनाले केही हदसम्म यतिभङ्ग भएको हो कि जस्तो भान हुन्छ । तथापि यी वर्णहरूले उच्चारणको समयमा क्रमशः 'व' ले द्वारको द् 'र' ले प्रभाको प्, तथा 'न' ले प्रातःको प् आधा वर्णलाई तानेकाले यी वर्णहरू यहाँ गुरुवर्णमा नै गणना भएका छन् । खुल्दछ र बन्दछका अन्तिम 'छ' वर्ण श्लोकको अन्तिम वर्ण छन्द नियमानुसार गुरु भएका छन् । अन्यथा कुनै हेरफेर पाइँदैन ।

### ३.२.१.११ मन्दाक्रान्ता

यो छन्द सत्र अक्षरीय संरचना हुने अत्यष्टि वर्गअन्तर्गत पर्ने वर्णमात्रिक समवृत्त छन्द हो । यसमा मगण, भगण, नगण, दुई तगण र अन्त्यमा दुई दीर्घ वर्णको संरचना हुन्छ । यसको चार, दस र सत्र अक्षरमा विश्राम हुन्छ । यो छन्द कोमल एवम् हृदय संवेद्य भावयुक्त रचना वा विप्रलम्भ शृङ्गार एवम् करुण रसका लागि उपयोगी देखिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ५४ वटा श्लोकहरू रहेका छन् । उदाहरणका रूपमा करुणरस प्रधान सप्तम सर्गको ३५ औँ श्लोकलाई लिन सकिन्छ :

छाती उर्ल्यो खुलबुल चल्यो धीरता दूर भाग्यो
　　चिन्ता उर्ल्यो, तुलबुल बढ्यो, पीर चौपट्ट लाग्यो ।
ज्वाला दन्क्यो, हृदय भुटियो आँसुसम्मन् सुकायो
　　होशै झस्क्यो झटपट भयो कष्ट उद्गार आयो ॥ (७ : ३५)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचना अनुसार विश्लेषण निम्न तरिकाले गरिएको छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | म | भ | न | त | त | गुरु | गुरु |
| सङ्केत | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

छाती उर्/ल्यो # खुल/बुल च/ल्यो # धीर/ता दूर/भाग्यो/ #

ऽ ऽ ऽ ऽ ।। ।। । ऽ ऽ। ऽ ऽ। ऽ ऽ

चिन्ता उर्/ल्यो # तुल/बुल ब/ढ्यो # पीर/चौपट्ट/लाग्यो/ #

ऽ ऽ ऽ ऽ । । ।। । ऽ ऽ। ऽ ऽ । ऽ ऽ

ज्वाला दन्/क्यो # हृद/य भुटि/यो # आँसु/सम्मन् सु/कायो/ #

ऽ ऽ ऽ ऽ ।। । । । ऽ ऽ। ऽ ऽ । ऽ ऽ

होशै झस्/क्यो # झट/पट भ/यो # कस्ट/उद्गार/आयो/ #

ऽ ऽ ऽ ऽ । । । । । ऽ ऽ । ऽ ऽ। ऽ ऽ

प्रस्तुत श्लोकमा मगण, नगण, दुई तगण र दुई गुरु वर्णले संरचित भएको छ । यसको चार, दस र सत्र अक्षरमा विश्राम भएको छ । यसमा करुण रस उत्कर्षमा पुगेको पाइन्छ ।

### ३.२.१.१२ भुजङ्गप्रयात

यो छन्द बाह्र अक्षर हुने जगती वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा चारवटै यगण रहेका हुन्छन् । यसको छ अक्षरमा विश्राम हुन्छ । सर्प हिँडेजस्तै शान्त गति हुने हुनाले यसलाई भुजङ्गप्रयात भनिएको हो (नेपाल, २०६२ : ४१) । यो छन्द शान्तभावयुक्त कोमल पदावलीमा सुहाउँछ । प्रस्तुत महाकाव्यमा यस छन्दका ५१ श्लोकहरू रहेका छन् । यहाँ सिग्देलले प्रकृतिवर्णन र शान्त भावमा नै यस छन्दको प्रयोग गरेका छन् । जस्तै शान्तभावमा आधारित श्लोक :

व्यवस्था छ दैवी न तिम्रो न हाम्रो
अवस्था स्वयं हुन्छ राम्रो नराम्रो
नलाग्नू कुबाटो नखानू हरेस,
भरोसा लिनू दैवको यो छ बेस । (१४ : २६)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिएको छ :

| | | | | |
|---|---|---|---|---|
| गण | य | य | य | य |
| सङ्केत | ।ऽऽ | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

व्यवस्था/छ दैवी/# न तिम्रो/न हाम्रो/ #

। ऽ ऽ । ऽऽ । ऽ ऽ । ऽ ऽ

अवस्था/स्वयम् हुन्/# छ राम्रो/नराम्रो/ #

। ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

नलाग्नू/कुबाटो/ # नखानू/हरेस/#

। ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

भरोसा/लिनू दै/# वको यो/छ बेस/ #

। ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

प्रस्तुत पद्यमा चारवटै यकार रहेका छन् र छ अक्षरमा विश्राम भएको छ । यसको तेस्रो चरणको नलाग्नु र नखानुको 'नु' लाई छन्द मिलाउनको लागि 'नू' गराइएको छ । तेस्रो र चौथो चरणका अन्त्य 'स' स्वतः सिद्ध छन्द नियमले दीर्घ हुन्छन् ।

### ३.२.१.१३ द्रुतविलम्बित

यो छन्द बाह्र अक्षर हुने जगती वर्गअन्तर्गत पर्ने वर्णमात्रिक समवृत्त छन्द हो । यसमा नगण, भगण, भगण र रगणहरूको विन्यास हुन्छ । यसको चार सात र बाह्र अक्षरमा विश्राम हुन्छ । यो छन्द प्राकृतिक वर्णनमा र यमक अलङ्कारयुक्त शब्दविन्यासमा बढी उपयोगी देखिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ५० श्लोक रहेका छन् । यहाँ सिग्देलले अष्टम सर्गमा प्रकृति वर्णन, वासन्तिक बाधामा वियोगानललाई अझ उद्दीप्त पार्न यस छन्दको प्रयोग गरेका छन् । अझ भनौँ यमक अलङ्कार त महाकविले सर्ग भरी नै यही छन्दमा संरचित गरेका छन् र सबै श्लोकमा यमक अलङ्कारयुक्त शब्दविन्यास रहेका छन् । जस्तै अष्टम सर्गको पहिलो श्लोक :

उदय भो अब सन्त वसन्तको
        प्रकट भो छवि चित्र विचित्रको ।
कम भयो बल शीतल शीतको
        रुचिर भो अनि सर्ग निसर्गको ॥ (८ : १)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिएको छ :

| | | | | |
|---|---|---|---|---|
| गण | न | भ | भ | र |
| सङ्केत | ‌III | SII | SII | SIS |

उदय/भो # अब/सन् # त व/सन्तको/ #

।।। S । । S । । S । S

प्रकट/भो # छवि/चित् # रवि/चित्रको/ #

। ।। S ।। S । । S । S

कम भ/यो # बल/शी # तल/शीतको/ #

। । । S । । S । । S । S

रुचिर/भो # अनि/सर्ग नि/सर्गको/ #

।। । S । । S । । S । S

प्रस्तुत श्लोक नगण, दुई भगण र एक रगणबाट संरचित छ र चार र सात अक्षरमा विश्राम भएको छ । यसमा यमक अलङ्कारका साथै प्राकृतिक वर्णन गरिएको छ ।

### ३.२.१.१४ अनुष्टुप्

आठ अक्षरको एक पाउ हुने छन्दलाई अनुष्टुप् भनिन्छ । यसमा चार पाउमा सबैतिर छैटौँ अक्षर दीर्घ, पाँचौँ अक्षर ह्रस्व हुन्छन् । पहिलो र तेस्रो पाउको सातौँ अक्षर गुरु र दोस्रो र चौथो पाउको सातौँ अक्षर लघु हुन्छ । यो छन्द वर्णमात्रिक छन्दको कहिले अर्द्धसमवृत्त हुन्छ कहिले विषमवृत्त हुन्छ (शास्त्री, सन् २००८ : ६२) । यो छन्द जुनसुकै भाव, रस र अलङ्कारमा पनि मिल्ने छन्द हो । प्रस्तुत महाकाव्यमा १३ वटा श्लोक यस छन्दमा संरचित छन् । यहाँ शान्तरसयुक्त भावलाई प्रकट गर्नको लागि सिग्देलले अनुष्टुप् छन्दको प्रयोग गरेका छन् । उदाहरणको रूपमा पञ्चदश सर्गको ३७ औँ श्लोकलाई लिन सकिन्छ :

विवेक हो सत्य देह, आत्मा उज्ज्वल तेज हो ।
न्याय सद्धर्म हुन् बाहु, धैर्य गाम्भीर्य पाउ हुन् ॥

अनुष्टुप् छन्दमा गण व्यवस्था हुँदैन । यसलाई गति, यतिअनुसार यसप्रकार विश्लेषण गरिन्छ :

विवेक हो सत्य देह # आत्मा उज्ज्वल तेज हो #
न्याय सद्धर्म हुन् बाहु # धैर्य गाम्भीर्य पाउ हुन् #

यस छन्दमा ३/६ अक्षरमा पनि छोटो विश्राम भएको देखिन्छ ।

### ३.२.१.१५ पञ्चचामर

यो छन्द सोह्र अक्षरीय संरचना हुने अष्टि भेदअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा जगण, रगण, जगण, रगण, जगण र अन्त्यमा गुरु वर्णको संयोजन हुन्छ । यसको आठ अक्षरमा यति हुन्छ । यो छन्द वीररस वा रौद्ररसयुक्त भावमा बढी उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ११ वटा श्लोकहरू रहेका छन् । आदर्श राघवमा यस्तै वीरभावमूलक पद्य यस छन्दमा प्रयोग भएका छन् । उदाहरणको रूपमा पञ्चदश सर्गको ६३ औँ श्लोक लिइएको छ :

समस्त–भूमि–मण्डल–प्रसिद्ध बाहु–दण्डको,
प्रचण्ड आडमा रही निशान राज–दण्डको ।
प्रचण्ड गैह्र दुष्टको घमण्ड तोडि शोभियो,
प्रताप–काण्ड लोकमा अखण्ड राखि फैलियो ॥ (१५ : ६३)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार विश्लेषण यसप्रकार गरिन्छ :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गण | ज | र | ज | र | ज | गुरु |
| सङ्केत | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ |

समस्/त/भूमि मन्/डलप् # प्र/सिद्ध बा/हु दन्ड/को #
। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ
प्रचन्ड/आडमा/रही # नि/शान रा/ज दन्ड/को #
। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ
प्रचन्ड/गैह्र दुस्/टको # घ/मन्ड तो/डि शोभि/यो #
। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ
प्रताप/कान्डलो/कमा/# अ/खन्ड रा/खि फैलि/यो #
। ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ । ऽ

प्रस्तुत श्लोकमा जगण, रगण, जगण रगण, जगण र एक गुरुवर्ण प्रयोग भएको छ। यसमा आठ अक्षरमा यति गरिएको छ। यसमा वीररस प्रस्तुत भएको छ।

### ३.२.१.१६ स्रग्विणी

यो छन्द बाह्र अक्षर हुने जगती भेदअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा चारवटै रगण रहेका हुन्छन् । यसको तीन छ र बाह्र अक्षरमा विश्राम हुन्छ। यो छन्द भक्तिरस एवम् सङ्गीतमय पदावलीमा अत्यन्त उपयोगी मानिन्छ। प्रस्तुत महाकाव्यमा यस छन्दका १० श्लोक रहेका छन् । यहाँ धर्म रक्षा वर्णनमा भक्तिरसलाई अतिशय उद्दीप्त पार्न यस छन्दको प्रयोग भएको पाइन्छ। उदाहरणका रूपमा पञ्चदश सर्गको बाह्रौं श्लोकलाई लिइन्छ :

धर्म नै मूल हो अर्थमा काममा
धर्म नै पूल हो, मोक्षका धाममा ।
धर्म नै बीज हो शान्ति आराममा,
धर्म नै चीज हो तेजिला नाममा ॥ (१५ : १२)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचनाका आधारमा निम्न तरिकाले विश्लेषण गर्न सकिन्छ :

| | | | | |
|---|---|---|---|---|
| गण | र | र | र | र |
| सङ्केत | ऽ।ऽ | ऽ।ऽ | ऽ।ऽ | ऽ।ऽ |

धर्म नै/# मूल हो/ # अर्थमा/काममा/#
ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ
धर्म नै/# पूल हो/ # मोक्षका/धाममा/#
ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ
धर्म नै/# बीज हो/ # शान्ति आ/राममा/#
ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ
धर्म नै/# चीज हो/ # तेजिला/नाममा/#
ऽ । ऽ ऽ । ऽ ऽ । ऽ ऽ । ऽ

प्रस्तुत पद्यमा चारवटै रगण आएका छन् र तीन र छ अक्षरमा विराम भएको छ । यसमा भक्तिरस प्रयोग भएको छ ।

### ३.२.१.१७ कुटक (नर्दटक)

जुन छन्दमा नगण, जगण, भगण, जगण, जगण र अन्त्यमा एक लघु तथा एक गुरु भई ५, ११, १७ अक्षरमा विराम हुने छन्दलाई नर्कुटक छन्द भनिन्छ (गौतम, २०६८ : ८१) ।

'यदि भवतो नजौ भजजला गुरु नर्दटकम् ।' (गङ्गादास, पूर्ववत् : ९७)

कुटक छन्द सत्र अक्षरीय संरचनामा निर्माण हुन्छ । यसलाई नर्दटक, नर्कुटकका नामले पनि चिनिन्छ । यो विजयोल्लास, जयजयकार आदि भावमा उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका दसवटा श्लोकरहेका छन् । यहाँ आदर्श पुरुष रामको ज जयजयकार गर्ने क्रममा कुटक छन्द प्रयुक्त भएको छ । उदाहरणका रूपमा षोडश सर्गको ८८ औं श्लोकलाई लिइएको छ :

जय जय देव रूप ! नर –देव ! विवेक निधे !
निरवधि धैर्य–सागर ! अगाध–विधान विधे ।
जय जन–रञ्जन–व्रत ! जगज्जपनीय ! प्रभो !
अतिदृढ–धर्म–रक्षक ! उदार–विचार विभो ! (१६ : ८८)

प्रस्तुत पद्यलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिएको छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गण | न | ज | भ | ज | ज | लघु | गुरु |
| सङ्केत | ||| | |S| | S|| | |S| | |S| | | | S |

जय ज/य दे # व रूप न/र दे # व/विवेक/निधे #
। । । । ऽ । ऽ । । । ऽ । । ऽ । । ऽ
निरव/धि धैर् # य/सागर/ अगा # ध/विधान/विधे #
। ।। । ऽ । ऽ ।। । ऽ । । ऽ । । ऽ
जय ज/न रन् # ज/नव् व्रत/जगज् # ज/पनीय/प्रभो #
। । । । ऽ । ऽ । । । ऽ । । ऽ । । ऽ

अतिदृ/ढ धर् # म/रक्छक/उदा # र/विचार/विभो #

। । । । ऽ । ऽ । । । ऽ । । ऽ । । ऽ

प्रस्तुत श्लोक नगण, जगण, भगण, दुई जगण र अन्त्यमा एक लघु र एक गुरु वर्णबाट संरचित भएको छ र पाँच र एघार अक्षरमा विश्राम गरिएको छ ।

### ३.२.१.१८ शिखरिणी

यो छन्द सत्र अक्षरीय संरचना हुने अत्यष्टि वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा यगण, मगण, नगण, सगण, भगण र अन्त्यमा एक लघु र एक गुरु वर्ण हुन्छन् । यसको छ बाह्र र सत्र अक्षरमा विश्राम हुन्छ । यो छन्द करुणरस र शान्तरसयुक्त भावमा विशेष उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ८ श्लोक रहेका छन् । यहाँ शान्तरसलाई उद्दीप्त पार्न यस छन्दलाई प्रयोग गरिएको छ । उदाहरणको रूपमा पञ्चदश सर्गको ४९ औँ श्लोकलाई लिइएको छ :

पिता–पुत्र, भ्राता अनुज, गुरु–शिष्य प्रमुख झैँ
भयो गाढा नाता, नृप र दुनियाँको हरदम ।
दया चाहा शिक्षा दिन दिन प्रजामाथि गरिँदा,
फले भक्ति, श्रद्धा, प्रणति–महिमा राम–पदमा ॥ (१५ : ४९)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार विश्लेषण यसप्रकार गरिएको छ :

| गण | य | म | न | स | भ | लघु | गुरु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽ।। | । | ऽ |

पिता पुत्/रभ् भ्राता/# अनुज/गुरु सिस्/ # यप् प्रमु/ख झैँ #

। ऽ ऽ ऽ ऽ ऽ । ।। ।। ऽ ऽ । । । ऽ

भयो गा/ढा नाता/# नृप र/दुनियाँ/# को हर/दम #

। ऽ ऽ ऽ ऽ ऽ । ।। । ।ऽ ऽ ।। ।ऽ

दया चा/हा शिक्छा/# दिन दि/न प्रजा/# माथि ग/रिँदा #

। ऽ ऽ ऽ ऽ ऽ । । । । । ऽ ऽ । । । ऽ

फले भक्/तिस्, श्रद्धा/# प्रणति/महिमा/# राम प/दमा #

। ऽ ऽ ऽ ऽ ऽ । । ।। । ऽ ऽ। । । ऽ

प्रस्तुत श्लोकमा यगण, मगण, नगण, सगण, भगण र अन्त्यमा एक लघु र एक गुरु वर्ण प्रयोग भएको छ तथा छ र बाह्र अक्षरमा विश्राम भएको छ । यसमा दोस्रो पाउको अन्तिम 'म' वर्ण छन्द नियम अनुसार गुरु भएको छ ।

### ३.२.१.१९ स्वागता

यो छन्द एघार अक्षरीय संरचना हुने त्रिष्टुप् वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा रगण, नगण, भगण र अन्त्यमा दुई गुरु वर्णहरूको संयोजन हुन्छ । यसको सात अक्षरमा विश्राम हुन्छ । यो छन्द वीररस, करुणरस र आनन्दोत्सवमा बढी उपयोगी देखिन्छ । प्रस्तुत महाकाव्यमा स्वागता छन्दका छवटा श्लोक रहेका छन् । सिग्देलले यो छन्दलाई आनन्दोत्सव वर्णनमा प्रयोग गरेका छन् । उदाहरणको रूपमा प्रथम सर्गको ६८ औं श्लोकलाई लिइएको छ :

रामचन्द्र अवतीर्ण हुँदामा
कान्ति शान्ति भरिए जनतामा ।
अन्धकार मनको पनि भाग्यो
हर्षको उदधि उर्लन लाग्यो ॥ (१ : ६८)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार यस प्रकार विश्लेषण गर्न सकिन्छ :

| गण | र | न | भ | गुरु | गुरु |
|---|---|---|---|---|---|
| सङ्केत | ऽ।ऽ | ।।। | ऽ।। | ऽ | ऽ |

रामचन्/द्र अव/तीर् # ण हुँ/दामा #

ऽ । ऽ । । । ऽ । । ऽ ऽ

कान्ति शान्/ति भरि/ए # जन/तामा #

ऽ । ऽ । । । ऽ । । ऽ ऽ

अन्धका/र मन/को # पनि/भाग्यो #

ऽ । ऽ । । । ऽ   । ।  ऽ ऽ

हर्षको/उदधि/उर् # लन/लाग्यो #

ऽ । ऽ ।।।  ऽ    । । ऽ ऽ

प्रस्तुत श्लोकमा रगण, नगण, भगण र अन्त्यमा दुई गुरु वर्ण रहेका छन् । यसमा सात अक्षरपछि विश्राम गरिएको छ ।

### ३.२.१.२० शालिनी

यो छन्द एघार अक्षरीय संरचना हुने त्रिष्टुप् वर्गअन्तर्गत पर्ने वार्णिक समवृत्त छन्द हो । यसमा मगण, तगण, तगण र अन्त्यमा दुई गुरु वर्ण हुन्छन् । यसको चार अक्षरमा यति हुन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ५ वटा श्लोक रहेका छन् । उदाहरणको रूपमा पञ्चदश सर्गको २२ औं श्लोकलाई लिइएको छ :

पाई शिक्षासाथ उद्योग–दीक्षा,

रक्षा गर्दै सत्यता नित्यताको ।

आफ्नो आफ्नो आश्रम–प्राप्त धर्म,

थामी चल्ने देखिए चार वर्ण ॥ (१५ : २२)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गरिन्छ :

| | | | | | |
|---|---|---|---|---|---|
| गण | म | त | त | गुरु | गुरु |
| सङ्केत | ऽऽऽ | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

पाई शिक्/छा # साथ/उद्योग/दीक्छा #

ऽ ऽ ऽ  ऽ  ऽ ।  ऽ ऽ । ऽ ऽ

रक्छा गर्/दै # सत्य/ता नित्य/ताको #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

आप्नो आप्/नो # आस्र/मप् प्राप्त/धर्म #

ऽ  ऽ ऽ ऽ  ऽ । ऽ ऽ । ऽ ऽ

थामी चल्/ने # देखि/ए चार/वर्ण #

ऽ ऽ ऽ ऽ ऽ । ऽ ऽ । ऽ ऽ

प्रस्तुत श्लोक मगण, दुई तगण तथा दुई गुरु वर्णबाट संरचित भएको छ र चार अक्षरमा विराम भएको छ । यसको तेस्रो पाउको म र चौथो पाउको 'ण' वर्ण पाउका अन्त्यमा आएकाले दीर्घ मानिएका छन् ।

### ३.२.१.२१ स्रग्धरा

यो छन्द एक्काईस अक्षर हुने प्रकृति भेदअन्तर्गत पर्ने वार्णिक छन्दको समवृत्त छन्द हो । यसमा मगण, रगण, भगण, नगण, तीन यगणको संयोजन हुन्छ । यसको प्रत्येक सात अक्षरमा यति हुन्छ । यो छन्द विशेषतः प्राकृतिक वर्णन, करुणरसयुक्त भावमा उपयोगी मानिन्छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ३ वटा श्लोक रहेका छन् । उदाहरणको रूपमा नवम सर्गको ६४ औँ श्लोकलाई लिइएको छ :

कार्यं वा साधयामि–प्रतिपल मनमा रामको नाम गन्दै,
देहं वा पातयामि–प्रियतम जनको काममा आज भन्दै ।
आत्मामा जोश ठोसी, अगम उदधिको पारमा पुग्न घोर,
उक्ले बुर्लुक्क उफ्री तट–गिरि–शिरमा साहसी कर्मवीर ॥ (९ : ६४)

प्रस्तुत श्लोकलाई गति, यति, लय र गणसंरचना अनुसार यसप्रकार विश्लेषण गर्न सकिन्छ :

| गण | म | र | भ | न | य | य | य |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ऽऽऽ | ऽ।ऽ | ऽ।। | ।।। | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

कार्यम् वा/साधया/मिप् # प्रति/पल म/नमा # रा/मको ना/म गन्दै/#

ऽ ऽ ऽ ऽ । ऽ ऽ । । । । । । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

देहम् वा/पातया/मिप् # प्रिय/तम ज/नको # का/ममा आ/ज भन्दै/#

ऽ ऽ ऽ ऽ । ऽ ऽ । । । । । । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

आत्मामा/जोश ठो/सी # अग/म उद/धिको # पा/रमा पुग्/न घोर/ #

ऽ ऽ ऽ ऽ । ऽ ऽ । । । । । । ऽ ऽ । ऽ ऽ । ऽ ऽ

उक्ले बुर्/लुक्क उफ्/री # तट/गिरि शि/रमा # सा/हसी कर्/मवीर/#

ऽ ऽ ऽ ऽ । ऽ ऽ ।। । । । ।ऽ ऽ । ऽ ऽ ।ऽऽ

प्रस्तुत पद्य मगण, रगण, भगण, नगण र तीन यगण संयोजन भएको छ । यसमा प्रत्येक सात अक्षरमा विराम भएको छ । यसको साधयामि र पातयामिको मकारले क्रमशः प्रति र प्रियका आधा पकारलाई तानेर हुनाले मि गुरु मानिएको छ । साथै तेस्रो र चौथो पाउमा अन्तिम रवर्ण छन्द नियमले दीर्घ भएका छन् ।

## ३.२.२ मात्रिक छन्द

मात्राको गणना हुने छन्दलाई मात्रिक छन्द भनिन्छ । मात्राको आधारमा गणना हुने छन्द आदर्श राघवमा जम्मा तीनवटा रहेका छन् । तिनीहरूको लक्षण उदाहरण यसप्रकार प्रस्तुत गरिन्छ :

### ३.२.२.१ उपगीति

यो छन्द मात्रिक छन्दको अर्द्धसमवृत्त छन्द हो । यस छन्दका पहिलो र तेस्रो पाउमा १२/१२ मात्रा तथा दोस्रो र चौथो पाउमा १४/१४ मात्रा रहन्छन् । यसमा कतै कतै दोस्रो र चौथो पाउमा १५/१५ मात्रा रहेको पनि पाइन्छ । दोस्रो र चौथो पाउमा अन्त्यानुप्रास मिलाइन्छ । प्रस्तुत महाकाव्यमा सबैभन्दा धेरै ८७ श्लोक यस छन्दका रहेका छन् । यहाँ सिग्देलले छन्दको शास्त्रीय नियमअनुसार यस छन्दको प्रयोग गरेका छन् । उदाहरणका रूपमा षोडशसर्गको दोस्रो श्लोकलाई लिइएको छ :

संसार–चक्र चाली
    तल–माथि गराउँदै लोक ।
खेल्दछ खेल विधाता
    फेर्दै सुख दुःख रस शोक ॥ (१६ : २)

उपर्युक्त श्लोकलाई गति, यति, लय र मात्राका आधारमा यसप्रकार विश्लेषण गरिन्छ :

सन्सार चक्र चाली

मात्रा ऽ ऽ । ऽ । ऽ ऽ

२ २ १ २ १ २ २ = १२ मात्रा

तल–माथि गराउँदै लोक #

मात्रा । । ऽ । । ऽ । ऽ ऽ ।

१ १ २ १ १ २ १ २ २ १ = १४ मात्रा

खेल्दछ खेल विधाता #

मात्रा ऽ । । ऽ । । ऽ ऽ

२ १ १ २ १ १ २ २ = १२ मात्रा

फेर्दै सुख दुःख रस शोक #

मात्रा ऽ ऽ । । ऽ । । । ऽ ।

२ २ १ १ २ १ १ १ २ १ = १४ मात्रा

यस श्लोकमा पहिलो र तेस्रो पाउमा १२ मात्रा रहेका छन् भने दोस्रो र चौथो पाउमा १४ मात्राको प्रयोग भएको छ । यसमा यतिको उल्लेख पाइँदैन ।

### ३.२.२.२ गीति

यो छन्द अर्द्धसम मात्रिक छन्द हो । पहिलो र तेस्रो पाउमा १२/१२ मात्रा तथा दोस्रो र चौथो पाउमा अठार मात्रा हुने छन्दलाई गीति भनिन्छ । दोस्रो र चौथो पाउमा अन्त्यानुप्रास मिलाइने चल्ती छ । प्रस्तुत महाकाव्यमा यस छन्दका ७१ श्लोक रहेका छन् । महाकाव्यमा छन्दको नियमानुसार नै यस छन्दको प्रयोग भएको छ । कुनै छन्द भङ्ग यसमा पाइँदैन । उत्साह, साहस, वीरभावमा यस छन्दको प्रयोग गरिएको छ । उदाहरणका रूपमा दशम सर्गको तेस्रो श्लोकलाई लिइएको छ :

आँधि चलोस्, मार्ग जलोस्,
वज्र परोस, मुशल धार होस् वृष्टि ।
गम्भीर सागर डगोस्
रत्तिभर डग्दैन धीरको दृष्टि ॥ (१० : ३)

उपर्युक्त श्लोकलाई गति, यति, लय र मात्रा अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

आँधि चलोस् मार्ग जलोस् #

मात्रा ऽ । । ऽ ऽ । । ऽ

२ १ १ २ २ १ १ २ = १२ मात्रा

वज्र परोस् मुशल धार होस् वृस्टी #

मात्रा ऽ । । ऽ । । । ऽ । ऽ ऽ ऽ

२ १ १ २ १ १ १ २ १ २ २ २ = १८ मात्रा

गम्भीर सागर डगोस् #

मात्रा ऽ ऽ । ऽ । । । ऽ

२ २ १ १ २ १ १ २ = १२ मात्रा

रत्तिभर डग्दैन धीरको दृस्टी #

मात्रा ऽ । । । ऽ ऽ । ऽ । ऽ ऽ ।

२ १ १ १ २ २ १ २ १ २ २ १ = १८ मात्रा

प्रस्तुत श्लोकमा पहिलो र तेस्रो पाउमा १२ मात्रा तथा दोस्रो र चौथो पाउमा १८ मात्राको प्रयोग भएको छ । यसको दोस्रो पाउको वृष्टिको 'टि' छन्द नियममा अन्त्य वर्ण विकल्पले दीर्घ हुन्छ भन्ने नियमानुसार दुई मात्रामा गणना गरिएको छ । अन्यत्र कतै छन्दभङ्ग भएको देखिँदैन ।

### ३.२.२.३ लीलावती

यो छन्द समवृत्त मात्रिक छन्द हो । यसका हरेक पाउमा ३२ मात्रा हुन्छन् । अक्षर तथा मात्रासम्बन्धी अन्य कुनै नियम छैनन् । लीलावतीको तात्पर्य सल्ल बग्नु हो (वियोगी, २०६३ : ६९) । यसको लय पनि सल्ल बग्ने खालको हुनुका साथै अन्त्यानुप्रास मिलेको हुनुपर्छ । प्रस्तुत महाकाव्यमा यस छन्दको दशम सर्ग ६४ औं श्लोकमा मात्र प्रयोग भएको छ । यसको १७ औं मात्रामा विराम हुन्छ । उदाहरण :

टंकारसाथ गइ लंकामहाँ, क्षुधित कंकादिको प्रिय गरी,

कंकाल भीषण करंकावली, रुधिर–पंकादिले सब भरी ।

शंका–विवर्जित कलंकावतार–सम लंकाधिराज शठको
ठंकार तोडिदिन झंकारपूर्ण अब डंका बज्यो गमनको ॥ (१० : ६४)

उपर्युक्त पद्यलाई गति, यति, लय र मात्रा अनुसार यसप्रकार विश्लेषण गर्न सकिन्छ :

टंकारसाथ गइ लंकामहाँ # क्षुधित कंकादिको प्रिय गरी #
मात्रा ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ
२ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ = ३२ मात्रा
कंकाल भीषण करंकावली # रुधिर पंकादिले सब भरी #
मात्रा ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ
२ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ = ३२ मात्रा
शंका विवर्जित कलंकावता # र सम लंकाधिराज शठको #
मात्रा ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ
२ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ = ३२ मात्रा
ठंकार तोडिदिन झंकारपूर् # ण अब डंका बज्यो गमनको #
मात्रा ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ ऽ । ऽ । । । ऽ
२ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ २ १ २ १ १ १ २ = ३२ मात्रा

प्रस्तुत श्लोकमा प्रत्येक पाउमा ३२ मात्रा छन् र १७ अक्षरमा विराम भएको छ ।

**आदर्श राघव** महाकाव्यमा प्रयोग गरिएका छन्दहरूलाई केलाउँदा सिग्देलले छन्दसम्बन्धी शास्त्रीय मान्यतालाई पूर्णतः पालन गरेका छन् । पूर्वीय साहित्यशास्त्रको विज्ञता र त्यसप्रति निष्ठावान् सिग्देलको दीर्घसाधना स्वरूप **आदर्श राघव** महाकाव्य रचिन पुगेको हो । यसैको फलस्वरूप शास्त्रीय छन्द नियमको पूर्णतः पालन गरी महाकाव्य रचना भएको छ । कतै–कतै अन्त्यानुप्रासको उल्लङ्घन देखिन्छ । अन्यत्र कुनै पनि कसरमसर यस महाकाव्यको छन्दविधानमा देखिँदैन । धेरै छन्दको प्रयोग र धेरै पटक छन्दको परिवर्तन भएको यस महाकाव्यमा पूर्वीय महाकाव्य मान्यताले निर्देश गरेका अनेक प्रकारका

छन्दहरूको प्रयोग हुनुपर्ने मान्यतालाई परिपालन गर्नुका साथै सर्गान्तमा छन्द परिवर्तन गर्नुपर्ने पूर्वीय मान्यतालाई पूर्ण रूपमा अनुशीलन गरिएको छ । **आदर्श राघव** महाकाव्यमा जम्मा २४ वटा छन्दको प्रयोग गरिएको छ । यसमा सबैभन्दा धेरै श्लोक उपगीति छन्दका ( ८७) श्लोहरू रहेका छन् भने सबैभन्दा कम १ मात्र लीलावती छन्द रहेको छ । लयगत विविधताका हिसाबले हेर्दा **आदर्श राघव** महाकाव्य उत्कृष्ट मान्न सकिन्छ ।

प्रस्तुत महाकाव्यमा सिग्देलले २४ वटा छन्दहरूको प्रयोग एक समान रूपमा गरेको पाइँदैन । प्रथम, द्वितीय, चतुर्थ, पञ्चम, अष्टम, नवम, दशम, द्वादश, चतुर्दश, सर्गहरूमा तीनवटा छन्द प्रयोग भएका छन् । तृतीय सर्गमा चारवटा छन्द प्रयोगमा आएका छन् । षष्ठ, सप्तम, एकादश, त्रयोदश र षोडश सर्गमा दुईवटा छन्द प्रयोग भएका छन् । पञ्चदश सर्गमा सबैभन्दा धेरै नौवटा छन्द प्रयोग भएका छन् । यसरी सोमनाथ सिग्देलले आफ्नो लामो साधना स्वरूप **आदर्श राघव** महाकाव्यमा २१ वटा वर्णमात्रिक छन्द र ३ वटा मात्रिक छन्द गरी २४ वटा शास्त्रीय छन्दको पूर्वीय मान्यताअनुसार प्रयोग गरेका छन् । यसैकारण सोमनाथ सिग्देललाई शास्त्रीय कवि भन्न सकिन्छ ।

## ३.३ निष्कर्ष

पण्डितराज सोमनाथ सिग्देल (वि.सं. १९४१) नेपाली महाकाव्य धाराका परिष्कारवादी कवि हुन् । उनलाई शास्त्रीय कविका रूपमा परिगणित गरिन्छ । पूर्वीय शास्त्रीय समालोचना संस्कृत भाषामा व्याकरण तथा दर्शनशास्त्र, नेपाली भाषामा पनि व्याकरण समालोचना, साहित्यशास्त्रीय सिद्धान्त, महाकाव्य तथा नेपाली भाषामा विशिष्ट योगदान दिएका छन् । **सुन्दरी** (१९६३) मा प्रकाशित *मानिनीरञ्जन* कविताबाट लेखनयात्रा सुरु गरेका सिग्देलको यात्रा **आदर्श राघव**मा आएर चुलिनुका साथै विश्रान्त पनि बन्न पुगेको पाइन्छ । उनको **आदर्श राघव** (२००५) नेपाली महाकाव्य यात्राको विशिष्ट रचना मानिन्छ । यो महाकाव्य पूर्वीय संस्कृत काव्य परिपाटीलाई अनुसरण गरी लेखिएको पहिलो महाकाव्य हो । यसमा पूर्वीय काव्य मान्यतामा बताइएका सर्गबद्धता, अष्टाधिक सर्ग र सर्गान्तमा छन्द

परिवर्तन तथा भावी कथाको सूचना गर्नुपर्ने यथातथ्य पालन गरिएको छ । अत्यधिक परिमार्जन र परिष्कारका कारण यो महाकाव्य निकै कठिन र क्लिष्ट हुन पुगेको पाइन्छ ।

**आदर्श राघव** महाकाव्यमा जम्मा २४ वटा शास्त्रीय छन्दहरूको प्रयोग भएको छ । वार्णिक छन्दका २१ वटा र मात्रिक छन्दका ३ वटा छन्दहरू यसमा प्रयुक्त छन् । शास्त्रीय छन्दमा प्रातीभ योग्यता एवम् कवितात्मक सामर्थ्य दर्शाउन सफल सिग्देलले यस महाकाव्यमा छन्दको शुद्ध समर्थन तथा भावको सफल प्रदर्शन गरेका छन् । यसमा महाकाव्यमा वसन्ततिलका, प्रहर्षिणी, शार्दूलविक्रीडित, मत्तमयूर, द्रुतविलम्बित, हरिणी, भुजङ्गप्रयात, स्वागता, स्रग्धरा, पञ्चचामर, स्रग्विणी, शालिनी, शिखरिणी, अनुष्टुप्, कुटकजस्ता वर्णमात्रिक छन्द तथा उपगीति, गीति र लीलावती जस्ता मात्रिक छन्दको शास्त्रसम्मत अनुशासित प्रयोग भएका छन् ।

# परिच्छेद चार
# उपसंहार

## ४.१ उपसंहार

संस्कृत व्याकरण अनुसार छन्द व्याकरणको 'चदि आह्लादने' धातुमा 'चन्देरादेश्च छः' भन्ने उणादि सूत्रद्वारा निर्दिष्ट 'असुन्' प्रत्यय लागि आदि चकारका स्थानमा छकार भएर निष्पन्न भएको शब्द हो । यसको अर्थ बाँध्नु, आवृत्ति गर्नु भन्ने हुन्छ । त्यसैले छन्द काव्यका क्षेत्रमा मात्र सीमित नभएर जीवनका हरेक क्षेत्रमा फैलिएर रहेको छ । "छन्दोबद्ध पदं काव्यम्" अर्थात् छन्दले युक्त पद नै पद्य वा काव्य हो । यो भनाइले काव्य छन्दले युक्त हुनै पर्छ भन्ने भावलाई पुष्टि गर्दछ । सामान्यतः छन्द भन्नाले छन्दको लयलाई बुझाउँछ । तथापि परम्परागत रूपमा छन्द भन्नाले शास्त्रीय नियम अनुसार गति, यति, लय तथा गणव्यवस्था गरी भावनालाई अभिव्यक्त गर्ने कविताको लयलाई बुझिन्छ । यसले अक्षर, मात्रा, यति, गति, आवृत्ति आदिको गणना गरी रचिने काव्यको पद्यात्मक स्वरूपलाई बुझाउँछ । छन्दले आनन्द दिनुका साथै काव्यमा मिठास र मधुरता भर्छ । छन्दको योजना अन्तर्गत कवितामा वर्ण र मात्राको गणना गरिन्छ । वर्ण र मात्राले छन्दमा गति र यतिको सन्तुलन मिलाउँछन् । छन्दलाई चिनाउने क्रममा विभिन्न पूर्वीय पाश्चात्य तथा नेपाली विद्वान् तथा समालोचकहरूले आ–आफ्ना दृष्टिले परिभाषित गरेका छन् । यिनीहरूको परिभाषाबाट छन्दलाई सङ्क्षेपमा काव्य कवितालाई सम्प्रेषणीय, प्रभावोत्पादक, सङ्क्षिप्तमा पूर्ण र श्रुतिमधुर बनाउनाका साथै सलल बग्ने गति, यति, लय प्रदान गर्ने तत्त्वका रूपमा परिभाषित गरिएको छ ।

छन्दको उत्पत्तिका विषयमा विद्वान्हरूमा मतैक्य पाइँदैन । यसलाई जीवनपद्धतिका रूपमा हेर्ने हो भने यो अनादि सिद्ध हुन्छ भने विकासवादी मान्यतामा हेर्दा शेषनागले पिङ्गलको अवतार लिएर पिङ्गलसूत्रको निर्माण गरेको किम्बदन्ति पाइन्छ । वास्तवमा छन्दको ऐतिहासिक विकास वैदिककालदेखि नै भएको पाइन्छ । 'छन्दाéसि जज्ञिरे तस्मात्' यस भनाइबाट यज्ञबाट गायत्री, उष्णिक् आदि छन्दको पैदा भएको र यो वेदमा गणना भएको उल्लेख पाइन्छ । छन्दको प्रत्यक्ष सम्बन्ध सङ्गीतसँग भएको र यो सामवेदबाट

उत्पत्ति भएको मानिन्छ । यसैले छन्द सामवेदबाटै विकास भएको हो । छन्दको विकास तथा प्रचारमा एउटा परम्परा रहेको पाइन्छ । प्रचार गर्ने क्रममा शङ्करले विष्णुलाई, विष्णुले इन्द्रलाई, इन्द्रले वृहस्पतिलाई, वृहस्पतिले माण्डव्यलाई, माण्डव्यले सैतवलाई, सैतवले यास्कलाई र यास्कले पिङ्गललाई छन्दबारे बुझाएको उल्लेख पाइन्छ । यस्तो परम्परालाई एकत्रित गर्ने काम पिङ्गलले गरेका हुन् भन्ने मान्यता पाइन्छ ।

वेददेखि नै छन्दको विकास हुँदै आए पनि पिङ्गलले वैदिक तथा लौकिक छन्दको वास्तविक अध्ययन परम्पराको सुरुवात गरेका हुन् । यस्तो इतिहासबाट छन्दको अध्ययन सुरु भए तापनि छन्दको व्यावहारिक प्रयोग वाल्मीकिले गरेका हुन् । वाल्मीकिपछि कालिदास र भवभूतिबाट लौकिक छन्दको श्रीगणेश भएको हो । त्यसपछिका आचार्यहरू क्षेमेन्द्र, केदारभट्ट, गङ्गादास, जयदेव, जयकीर्ति आदिले यस परम्परालाई अगाडि बढाए । नेपाली साहित्यमा छन्द अध्ययनको वास्तविक सुरुवात गोविन्दप्रसाद ढुङ्गानाबाट भएको हो । उनले **छन्दोहार** लक्षणग्रन्थ लेखेर छन्दको व्यवस्थित र विस्तृत अध्ययन गरेका हुन् । यस परम्परालाई डिल्लीराम तिमसिना र माधव भण्डारी, लक्ष्मीप्रसाद आचार्य, शिवराज आचार्य, नारायणप्रसाद सापकोटा, माधव वियोगी, गोविन्दराज विनोदी, देवी नेपाल, लक्ष्मणप्रसाद गौतम चन्द्रप्रसाद न्यौपाने आदिले अगाडि बढाउने काम गरेका छन् । व्याकरण वा साहित्यका अन्य विधाहरूको परिचय दिने क्रममा पछि छन्दको सामान्य चर्चा भएको पाइन्छ । यसरी वैदिककालदेखि प्रयोग हुँदै आएको छन्दको अध्ययन अद्यावधि निरवच्छिन्न रूपमा चलिरहेको छ ।

मौखिक रूपमा रहेका वैदिक तथा लौकिक छन्दलाई सूत्रबद्ध रूपमा लिपिबद्ध गर्ने काम पिङ्गलले गरे । यस क्रममा उनले पिङ्गलसूत्रमा गणव्यवस्था, वर्णनिर्धारण, छन्दका लक्षण तथा उदाहरण दिने काम गरेका छन् । उनले गण ज्ञानका लागि 'यमाताराजभानसलगम्' सूत्रको निर्माण गरेर यसको व्याख्या गरेका छन् ।

छन्दलाई सर्वप्रथम वैदिक र लौकिक गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । लौकिक छन्दका स्वरूपका दृष्टिले वृत्त र जाति गरी दुई भेद रहेका छन् । वृत्त (वार्णिक) का समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद रहेका छन् । समवृत्तका पुनः साधारण र दण्डक गरी दुई भेद छन् । मात्रिक (जाति) छन्दका पनि समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद र समवृत्तका पुनः साधारण र दण्डक गरी दुई भेद रहेका छन् । छन्दको

वर्गीकरण गर्ने क्रममा शास्त्रीय वर्गीकरणका अतिरिक्त छन्दलाई बद्धलय र मुक्तलय गरी दुई वर्गमा वर्गीकरण गरेको पनि पाइन्छ । मुक्तलय गद्य कविता अन्तर्गत पर्दछ । बद्धलयलाई शास्त्रीय छन्द र लोकछन्दमा वर्गीकरण गरिएको छ । शास्त्रीय छन्दका पनि वार्णिक र मात्रिक भेद रहेका छन् । लोकछन्दका झ्याउरे, बालुन, सँगिनी, सेलो, सवाई, असारे, घाँसे, मालसिरी आदि भेद पाइन्छन् ।

वर्णका आधारमा गणना हुने छन्दलाई वार्णिक छन्द भनिन्छ । यसमा वर्णहरूको समूहबाट शाखाहरू निर्माण हुन्छन् । गणहरू आठ प्रकारका हुन्छन् । यस्ता गणहरू मगण, यगण, रगण, सगण, तगण, जगण, भगण, नगण आदि हुन् । यी गण सबैका आ–आफ्ना देवता र फल रहेका हुन्छन् । वार्णिक छन्दमा वर्णहरूको गणना गर्दै लघु र गुरु पनि हेरिन्छ । अ, इ, उ, ऋ यी स्वरवर्ण र यी स्वरले युक्त व्यञ्जनवर्ण लघु वर्ण मानिन्छन् । लघु वर्णलाई चिनाउनको लागि 'I' चिह्नको प्रयोग गरिन्छ । आ, इ, ऊ, ए, ऐ, ओ, औ, अं, अः र यिनीहरूले युक्त व्यञ्जनवर्ण दीर्घ हुन्छन् र यसलाई 'ऽ' चिह्नले चिनाइन्छ । संयुक्त व्यञ्जन वर्णको उच्चारणमा अघिल्लो वर्णलाई पनि दीर्घ मानिन्छ । पाउको अन्तिम वर्ण विकल्पले गुरु मानिन्छ । वार्णिक छन्दका समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद रहेका छन् । समवृत्तका उक्तादि २६ वटा मूल नाम र त्यसका विभिन्न प्रस्तारहरू रहेका छन् । मात्रिक छन्दका पनि समवृत्त, अर्द्धसमवृत्त र विषमवृत्त गरी तीन भेद रहेका छन् । यसका पनि आर्या, पथ्या, गीति, उपगीति आदि भेद रहेका छन् । छन्दका आ–आफ्ना संरचक घटकहरू हुन्छन् । यिनै तत्त्वबाट छन्दको पूर्ण रूप निर्माण भएको हुन्छ । लय, गण, यति, गति, चरण, पङ्क्तिपुञ्ज आदि संरचक घटकहरूको प्रतिफलबाट छन्द निर्माण हुन्छ ।

नेपाली साहित्यमा शशिवदना, विद्युल्लेखा, मदलेखा, शीर्षरूपक, विद्युन्माला, चित्रपदा, माणवक, समानिका, प्रमाणिका, मणिमध्या, भुजङ्गसङ्गता, रुक्मवती, इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, स्वागता, रथोद्धता, शालिनी, दोधक, भुजङ्गप्रयात, स्रग्विणी, तोटक, कुसुमविचित्रा, वंशस्था, इन्द्रवंशा, द्रुतविलम्बित, प्रमिताक्षरा, प्रहर्षिणी, मत्तमयूर, मञ्जुभाषिणी, प्रभावती, वसन्ततिलका, मालिनी, पञ्चचामर, शिखरिणी, पृथ्वी, मन्दाक्रान्ता, हरिणी, शार्दूलविक्रीडित, स्रग्धरा, वियोगिनी, पुष्पिताग्रा, अनुष्टुप्, उद्गता, आर्या, उपगीति, गीति आदि छन्दहरू प्रमुख रहेका छन् ।

सोमनाथ सिग्देलले **आदर्श राघव** महाकाव्यमा संस्कृत स्रोतका शास्त्रीय वर्णमात्रिक र मात्रिक छन्दको अनुशासित प्रयोग गरेका छन् । छन्दको प्रयोगमा सर्ग–सर्गमा विभिन्न शीर्षक दिएर ती शीर्षकमा सुहाउने छन्दहरूको यथातथ्य संयोजन गरेका छन् । **आदर्श राघव** महाकाव्यमा जम्मा २४ वटा छन्द प्रयोग भएका छन् । यसमध्ये उपगीति ८७ श्लोक, पुष्पिताग्रा ८३ श्लोक, वसन्ततिलका ८० श्लोक, इन्द्रवंशा ७३ श्लोक, पृथ्वी ७३ श्लोक, गीति ७१ श्लोक, शार्दूलविक्रीडित ६८ श्लोक, मालिनी ६८ श्लोक, प्रहर्षिणी ६१ श्लाक, वियोगिनी ५९ श्लोक, मत्तमयूर ५८ श्लोक, हरिणी ५८ श्लोक, मन्दाक्रान्ता ५४ श्लोक, भुजङ्गप्रयात ५१ श्लोक, द्रुतविलम्बित ५० श्लोक, अनुष्टुप् १३ श्लोक, पञ्चचामर ११ श्लाक, स्रग्विणी १० श्लोक, कुटक १० श्लोक, शिखरिणी ८ श्लोक, स्वागता ६ श्लोक, शालिनी ५ श्लोक, स्रग्धरा ३ श्लोक, लीलावती १ श्लोक गरी **आदर्श राघव** १०६१ श्लोकमा विस्तार भएको छ । यस सन्दर्भमा २१ वटा वर्णमात्रिक छन्द र ३ वटा मात्रिक छन्दहरू प्रयोग भएका छन् । यस महाकाव्यमा पूर्वीय काव्य मान्यतालाई यथातथ्य पालन गरिएको छ । सर्गको अन्तमा छन्द परिवर्तन गर्नुपर्ने नियम र भावी कथाको सन्देश दिनुपर्ने नियमलाई यसमा पालन गरिएको छ । एउटा सर्गमा सबैभन्दा कम दुईवटा छन्दको प्रयोग गर्नुका साथै सबैभन्दा धेरै ९ वटासम्म छन्दको प्रयोग भएको पाइन्छ । **आदर्श राघव** महाकाव्य पूर्वीय काव्यमान्यतालाई नेपालीसाहित्यमा भित्र्याउने पहिलो रचना भएकाले यो नेपाली साहित्यको विशिष्ट कृति मानिन्छ । यसमा छन्द योजना रसभाव अनुकूल नै भएको छ । **आदर्श राघव** महाकाव्यमा प्रयुक्त छन्दहरूको गणव्यवस्था औच्चार्य रूप, गति, यति लय, वार्णिक नियम आदिका आधारमा प्रत्येक छन्दको एक–एक श्लोक लिई विश्लेषण गरिएको छ ।

रस र छन्दको घनिष्ठ सम्बन्ध रहने हुनाले विषयानुकूल छन्दको प्रयोग हुनुपर्ने नियम पिङ्गलसूत्रमा पाइन्छ । **आदर्श राघव**मा पनि यसको निकै हदसम्म पालना भएको छ । यसमा अनुष्टुप्, स्वागता, इन्द्रवंशाजस्ता छोटा छन्द तथा शिखरिणी, शार्दूलविक्रीडित, स्रग्धरा जस्ता लामा छन्द गरी २१ वटा वर्णमात्रिक छन्द र उपगीति, गीति र लीलावती जस्ता ३ वटा मात्रिक छन्दको शास्त्रसम्मत अनुशासित प्रयोग भएको पाइन्छ । रसभाव तथा विषयानुकूल छन्दको प्रयोगमा **आदर्श राघव** सफल र सबल देखिन्छ । यसकारण छन्द प्रयोगका दृष्टिले **आदर्श राघव** उत्कृष्टतम महाकाव्य मानिन्छ ।

समग्रमा सोमनाथ सिग्देलले **आदर्श राघव** महाकाव्यमा शास्त्रीय वार्णिक र मात्रिक दुवै छन्द प्रयोग गरेका छन् । यस क्रममा उनले जम्मा २१ वटा वर्णमात्रिक र ३ वटा मात्रिक छन्दको प्रयोग गरेको पाइन्छ । छन्द योजनामा सिग्देल सचेत देखिन्छन् । त्यसैले यसमा छन्दको शुद्ध समर्थन तथा भावको सफल प्रदर्शन गरेका छन् । सिग्देलको छन्दविधानमा उनको प्रतिभा भन्दा व्युत्पत्ति र अभ्यास मुख्य देखिन्छ । फलस्वरूप **आदर्श राघव** महाकाव्यमा विविध छन्द प्रयोगमा सफलता हासिल गरेका छन् । यसको कारण उनको काव्यमा गरेको दीर्घसाधना नै मान्न सकिन्छ । सोमनाथ सिग्देल आधुनिक नेपाली परिष्कारवादी महाकाव्य धाराका तथा नेपाली साहित्यकै छन्द प्रयोक्ताका रूपमा सफल र सबल महाकवि हुन् ।

## ४.२ सम्भावित शीर्षकहरू

(क) 'आदर्श राघव' महाकाव्यमा रसविधान

(ख) प्रकृति चित्रणका दृष्टिमा 'आदर्श राघव'

(ग) 'आदर्श राघव' मा युगबोध

(घ) 'आदर्श राघव' महाकाव्यको दार्शनिक पक्ष

# सन्दर्भसामग्री सूची


अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस, वि.सं. २०६४ ।

आचार्य, नरहरि, **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना**, काठमाडौँ : पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति, वि.सं. २०४१ ।

आचार्य, बालकृष्ण (सम्पा.), **अमरकोश**, वाराणसी : यशोदा पुस्तकालय, सन् १९७० ।

उपाध्याय, केशवप्रसाद, **साहित्य–प्रकाश**, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७ ।

उपाध्याय, मुकुन्दशरण, **पद्य–प्रभा**, काठमाडौँ : पारू अफसेट प्रेस, इ.सन् २००९ ।

गङ्गादास, **छन्दोमञ्जरी**, पा.संस्क., वाराणसी : चौखम्बा संस्कृत सिरिज, वि.सं. २०२१ ।

गौतम, लक्ष्मणप्रसाद, **आधुनिक छन्दोबद्ध कवितामा युगबोध** (अ.प्र.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६८ ।

ढकाल, वेणीमाधव, **काव्यदीपिका**, द्वितीय संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६७ ।

ढुङ्गाना, गोविन्दप्रसाद, **छन्दोहार**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०६६ ।

तिमसिना, डिल्लीराम र माधव भण्डारी, **छन्द र अलङ्कार**, छैटौँ संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०४२ ।

त्रिपाठी, वासुदेव, **नेपाली कविताको सिंहावलोकन**, दोस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०३२ ।

–––––, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०३६ ।

––––– र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०५८ ।

–––––, **नेपाली कविता** भाग ४, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०६५ ।

थापा, हिमांशु, **साहित्य परिचय**, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०४७ ।

देवकोटा, लक्ष्मीप्रसाद, *छन्द र लय,* **लक्ष्मी निबन्धसङ्ग्रह**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०५८ ।

–––––, **शाकुन्तल**, नवौं संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७ ।

–––––, **भिखारी कवितासङ्ग्रह**, उन्नाईसौं संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०६८ ।

नेपाल, देवी, **छन्द–पराग**, काठमाडौं : भुँडीपुराण प्रकाशन, वि.सं. २०६२ ।

नेपाल, फणीन्द्र (सम्पा.), **परिशीलन**, ललितपुर : साझा प्रकाशन, वि.सं. २०५५ ।

पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, वि.सं. २०५६ ।

–––––, **राम्रो रचना : मीठो नेपाली**, चौथो संस्क., काठमाडौं : सहयोगी प्रेस, वि.सं. २०४७ ।

पहाडी, वामदेव, **आलोचनाको वृत्त**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५४ ।

पौड्याल, लेखनाथ, **लालित्य** भाग–१, दसौं संस्क, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७ ।

भट्ट, केदार, **वृत्तरत्नाकर**, तेस्रो संस्क., वाराणसी : चौखम्बा संस्कृत सिरिज, वि.सं. २०१८ ।

भट्ट, रामचन्द्र, *सोमनाथसिग्देलका महाकाव्यमा छन्दयोजना,* **कुञ्जिनी,** (वर्ष ९, अङ्क ६, २०५८), पृ. २४ ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि**, ललितपुर : साझा प्रकाशन, वि.सं. २०३१ ।

रेग्मी, जगन्नाथ, **चारुचित्र** कवितासङ्ग्रह, पोखरा : अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान, वि.सं. २०६७ ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६० ।

-----, **कविताको संरचनात्मक विश्लेषण**, पाँचौँ संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६२ ।

लुइटेल, तिलकप्रसाद (अनु.), **यजुर्वेद**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६६ ।

वर्मा, धीरेन्द्र, र अन्य (सम्पा.) **हिन्दी साहित्यकोश**, वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२० ।

विनोदी, गोविन्दराज, **छन्दविनोद**, चितवन : चितवन साहित्य परिषद्, वि.सं.२०५९ ।

वियोगी, माधव, **छन्दकेशर**, पोखरा : अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान, वि.सं. २०६३ ।

-----, **छन्द बचाउ अभियान–२०५३ को घोषणापत्र**, दोस्रो संस्क., पोखरा : श्रीमती सरिता घिमिरे, वि.सं. २०६३ ।

विश्वनाथ, **साहित्यदर्पण**, तेस्रो संस्क., वाराणसी : कृष्णदास अकादमी, वि.सं. २०५० ।

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा**, दोस्रो संस्क., काठमाडौँ : अभिनव प्रकाशन, वि.सं. २०५६ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४८ ।

शर्मा, वेणीराम, **पिङ्गलच्छन्दसूत्रम**, टीका, बनारस : मास्टर खेलाडीलाल एण्ड सन्स, सन् १९४३ ।

शर्मा, लक्ष्मीप्रसाद, **छन्दसागर सोपान**, वाराणसी : काव्यपुराण तीर्थ विद्या भाष्कर, वि.सं. २०२३ ।

शास्त्री, जगन्नाथ, **छन्दोऽलङ्कारमञ्जरी** (सम्पा.), वाराणसी : भारतीय विद्या प्रकाशन, सन् २००८ ।

सिग्देल, सोमनाथ, **आदर्श राघव**, छैटौं संस्क, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७ ।

-----, **साहित्य प्रदीप**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५८ ।

सिन्धुलीय, उमानाथ, **मकवानी बाला**, ललितपुर : साझा प्रकाशन, वि.सं. २०३५ ।

## शोधग्रन्थ सूची

अधिकारी, ऋषीश्वर, **आदर्श राघव महाकाव्यमा अलङ्कार विधान**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., वि.सं. २०६३ ।

नेपाल, सरिता, **शाकुन्तल महाकाव्यको छन्दोविधान**, स्नातकोत्तर शोधपत्र, काठमाडौँ : पद्मकन्या कलेज, वि.सं. २०५१ ।

पौडेल, नारायणप्रसाद, **प्राथमिककालीन नेपाली कवितामा छन्दविधान**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., वि.सं. २०६० ।

बोहरा, मानबहादुर, **लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा छन्दोविधान**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., वि.सं. २०६५ ।